
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क ६ | २०७५, असार १६-३२ | पूर्णाङ्क ६२४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १९ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | १२ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | १५ |
| इजलास नं. ५ | १ |
| इजलास नं. ६ | ७ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | ९ |
| इजलास नं. ९ | १७ |
| जम्मा | ८६ |

| | |
|---|---|
| इजलास नं. १० | ४ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | ५ |
| इजलास नं. १३ | १ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | १ |
| इजलास नं. १६ | १ |
| इजलास नं. १९ | ३ |
| जम्मा | १९ |

**कूल जम्मा ८६ + १९ = १०५**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, असार – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ११** |
| १. | कम्पनी ऐनबमोजिम कारवाही गरिपाउँ | होमनाथ लुइटेल वि. पेम्बा लामा स्याङ्बो | |
| २. | अदालतको अवहेलना | कमलप्रसाद इटनीसमेत वि. नेपाल सरकारसमेत | |
| ३. | नामसारी दर्ता | मनोरञ्जन धोवी वि. सागर शमशेर ज.ब.रा. | |
| ४. | परमादेश | छविलाल चपाई वि. पोखरा उपमहानगरपालिकाको कार्यालय, पोखरा | |
| ५. | उत्प्रेषण / परमादेश | मंगललाल महर्जन वि. लक्ष्मीमाया महर्जनसमेत | |
| ६. | उत्प्रेषण / परमादेश | बलराम भुजेल वि. काठमाडौं जिल्ला अदालतसमेत | |
| ७. | उत्प्रेषण / परमादेश | विष्णुप्रसाद खत्री वि. मोरङ जिल्ला अदालत, विराटनगरसमेत | |
| ८. | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. भीमबहादुर दमै (परियार) समेत | |
| ९. | जबरजस्ती चोरी | नेपाल सरकार वि. प्रेमबहादुर थापा मगरसमेत | |
| १०. | कर्तव्य ज्यान | मनमाया डिमडुङ्गसमेत वि. नेपाल सरकार | |
| ११. | कर्तव्य ज्यान | सन्तोषकुमार दास वि. नेपाल सरकार | |
| १२. | सुन चोरी निकासी | Iqbal Haque (Passport No.710616822 वि. नेपाल सरकार | |
| १३. | परमादेश | बाबुराम बानियाँ वि. मालपोत कार्यालय, सिन्धुली | |
| १४. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. अनिल महर्जनसमेत | |
| १५. | अपहरण, जबरजस्ती करणी र कर्तव्य ज्यान | सजनकुमार श्रेष्ठसमेत वि. नेपाल सरकार | |
| **इजलास नं. १** | | | **११ - १२** |
| १६. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. नारायणप्रसाद गौतमसमेत | |
| १७. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. राजेन्द्र लौडारी | |
| **इजलास नं. २** | | | **१२ - २१** |
| १८. | बिना इजाजत साल जातको चिरान काठ ओसारपसार गरेको | नेपाल सरकार वि. अङ्कबहादुर धामीसमेत | |
| १९. | बन्दी प्रत्यक्षीकरण | गणेश दुलाल वि. कारागार कार्यालय, कास्कीसमेत | |
| २०. | कर्तव्य ज्यान / जबरजस्ती करणी | नेपाल सरकार वि. अशोककुमार भण्डारी | |
| २१. | लागु औषध (गाँजा) | नेपाल सरकार वि. विष्णु धिताल | |
| २२. | कर्तव्य ज्यान | गगनलाल सन्यासी वि. नेपाल सरकार | |
| २३. | जबरजस्ती करणी | हर्कबहादुर गुरूङ वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| २४. | लागु औषध | अनुज उदाससमेत वि. नेपाल सरकार |
| २५. | कर्तव्य ज्यान | गोविन्दबहादुर क्षेत्री वि. नेपाल सरकार |
| २६. | निर्णय एवम् कित्ताकाट बदर | ईश्वर नेपाल वि. दलकुमारी आलेसमेत |
| २७. | जबरजस्ती करणी | शिव रिजाल वि. नेपाल सरकार |
| २८. | अंश दर्ता | मनोजकुमार गुप्ता वि. विश्वनाथ साह कानू |
| **इजलास नं. ३** | | **२१ - २२** |
| २९. | परमादेश | डा. दीपेन्द्र श्रेष्ठसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत |
| ३०. | उत्प्रेषण / परमादेश | लिलाराज खनाल वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत |
| **इजलास नं. ४** | | **२३ - ३४** |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राम धिरज यादवसमेत |
| ३२. | उत्प्रेषण / परमादेश | चिरीकाजी शाक्य वि. तहसिलदार, ललितपुर जिल्ला अदालत, तहसिल शाखासमेत |
| ३३. | मोही निष्काशन | लालबाबु प्रसाद वि. झउर हजरा दुसाध |
| ३४. | मोही नामसारी | भगौती यादव वि. हेमन्तबहादुर शाह |
| ३५. | उत्प्रेषण / परमादेश | भुवनदेव पन्त वि. नेपाल सरकारसमेत |
| ३६. | कर्तव्य ज्यान | गोवर्धन दहियार यादवसमेत वि. नेपाल सरकार |
| ३७. | उत्प्रेषण / परमादेश | डा. केशरमान बज्राचार्यसमेत वि. नेपाल सरकारसमेत |
| ३८. | लागु औषध खैरो हेरोइन | विक्रम थापामगरसमेत वि. नेपाल सरकार |
| ३९. | कर्तव्य ज्यान | हिमबहादुर वि.क. वि. नेपाल सरकार |
| ४०. | खुन डाँका | कृष्णमान जोशीसमेत वि. नेपाल सरकार |
| ४१. | लागु औषध, खैरो हेरोइन | असलम अन्सारीसमेत वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जहरमान आले मगरसमेत |
| ४३. | कर्तव्य ज्यान | मोहन कार्की वि. नेपाल सरकार |
| ४४. | उत्प्रेषण / परमादेश | मनमोहन जि.सी.समेत वि. नेपाल सरकार, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयसमेत |
| ४५. | उत्प्रेषण | तेजबहादुर के.सी. वि. नेपाल सरकारसमेत |
| **इजलास नं. ५** | | **३४** |
| ४६. | खिचोला मेटाई चलन | मिश्री पंडितसमेत वि. फुलकुमारी कनुइन |
| **इजलास नं. ६** | | **३४ - ३९** |
| ४७. | गुठी तैनाथी बदर मोही हक नामसारी दर्तासमेत | कृष्णप्रसाद पाण्डेसमेत वि. गुठी संस्थान के.का. डिल्लीबजार, काठमाडौं |
| ४८. | कर्तव्य ज्यान | सानोनी मगर वि. नेपाल सरकार |
| ४९. | जबरजस्ती करणी | युवराज गैरे वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ५०. | ज्यान मार्ने उद्योग र अपहरण गरी शरीर बन्धक लिने धम्की दिएको | नेपाल सरकार वि. युगनन्दन मुखियासमेत |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबहादुर रावलसमेत |
| ५२. | जबरजस्ती करणी | नेपाल सरकार वि. साजन सिंह |
| ५३. | कैदी भागे भगाएको | लोकबहादुर बोहरा वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३९ - ४०** |
| ५४. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. राजकुमार विश्वकर्मा |
| ५५. | भ्रष्टाचार | दशमीकुमारी राजवंशी वि. नेपाल सरकार |
| **इजलास नं. ८** | | **४० - ४५** |
| ५६. | कुत दिलाई मोही निष्काशन | कर्णबहादुर नेवासमेत वि. प्रभा मानन्धर |
| ५७. | कर्तव्य ज्यान | एक्सन भन्ने यज्ञबहादुर बुढाथोकीसमेत वि. नेपाल सरकार |
| ५८. | कर्तव्य ज्यान | जिन्नत खातुनसमेत वि. नेपाल सरकार |
| ५९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमल माझीसमेत |
| ६०. | कर्तव्य ज्यान | तुइलकृष्ण कायस्थ वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **४५ - ५४** |
| ६१. | जालसाज | देउमती दमाई वि. सुरज मल्लसमेत |

| | | |
|---|---|---|
| ६२. | कर्तव्य ज्यान | अनन्तबहादुर मगरसमेत वि. नेपाल सरकार |
| ६३. | मानव अपहरण तथा शरीर बन्धक | सुरेश बलामीसमेत वि. नेपाल सरकार |
| ६४. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. छत्रबहादुर वि.क.समेत |
| ६५. | उत्प्रेषण | फेकु हजारा दुसाध वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ६६. | उत्प्रेषण | इ.आर.एम.सी.प्रा.ली.समेत वि. सहरी विकास मन्त्रालयसमेत |
| ६७. | लागु औषध | नेपाल सरकार वि. राजु गुरूङसमेत |
| ६८. | उत्प्रेषण / परमादेश | तोयनारायण अर्याल वि. सामान्य प्रशासन मन्त्रालयसमेत |
| ६९. | उत्प्रेषण / परमादेश | डिल्लीबहादुर खड्का वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत |
| ७०. | गुठी धर्मलोप | मदन हरिराज राजोपाध्याय वि. विनय आचार्यसमेत |
| ७१. | उत्प्रेषण / परमादेश | शेख ईनुस वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत |
| ७२. | उत्प्रेषण | भरत कार्की वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. १०** | | **५४ - ५७** |
| **७३.** | अंश चलन | उदयबहादुर कार्कीसमेत वि. सुशीला कार्कीसमेत |
| **७४.** | अपहरण शरीर बन्धक र विष्फोटक पदार्थ | नेपाल सरकार वि. रामप्रवेश भन्ने नरेश कुशवाह महतोसमेत |
| **७५.** | जालसाजी | हिमकला खत्रीसमेत वि. सीतादेवी कार्की |
| **७६.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. विक्रम भुसाल |
| **इजलास नं. ११** | | **५७ - ५८** |
| **७७.** | निषेधाज्ञा | लिलबहादुर थापासमेत वि. चुराबहादुर सापकोटासमेत |
| **७८.** | निषेधाज्ञा | मनोजकुमार श्रेष्ठसमेत वि. ग्राण्ड बैंक नेपाल लिमिटेड, केन्द्रीय कार्यालयसमेत |
| **इजलास नं. १२** | | **५८ - ६३** |
| **७९.** | खुन डाँका | आलम मियासमेत वि. नेपाल सरकार |
| **८०.** | उत्प्रेषण | दुर्गाप्रसाद खनाल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत |
| **८१.** | सरकारी छाप दस्तखत किर्ते | सुनजित तामाङ वि. नेपाल सरकार |
| **८२.** | लागु औषध कोरेक्ससमेत | नेपाल सरकार वि. मुकेश चौधरीसमेत |
| **८३.** | लागु औषध | नेपाल सरकार वि. भरतनारायण सरदारसमेत |
| **इजलास नं. १३** | | **६३** |
| **८४.** | बन्दी प्रत्यक्षीकरण | चन्द्रकान्त राउतको हकमा डा. जयकान्त राउत वि. गृह मन्त्रालयसमेत |
| **इजलास नं. १४** | | **६३ - ६४** |
| **८५.** | उत्प्रेषण / परमादेश | खिमबहादुर थापाक्षेत्री वि. जिल्ला प्रहरी कार्यालय, रूपन्देहीसमेत |
| **८६.** | आदेशको अपहेलना | कुमार पाण्डे वि. सचिव केशवध्वज अधिकारी, ऊर्जा मन्त्रालयसमेत |
| **इजलास नं. १५** | | **६४ - ६५** |
| **८७.** | उत्प्रेषण / परमादेश | मुकेशकुमार कार्की वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीसमेत |
| **इजलास नं. १६** | | **६५ - ६६** |
| **८८.** | अंश चलन | मंगलमान शाक्यसमेत वि. मन्दिरा शाक्यसमेत |
| **इजलास नं. १९** | | **६६ - ६८** |
| **८९.** | कर्तव्य ज्यान | खर्कबहादुर पुन वि. नेपाल सरकार |
| **९०.** | मानव अपहरण र शरीर बन्धक | नेपाल सरकार वि. बमबहादुर अधिकारीसमेत |
| **९१.** | जबरजस्ती करणी | नेपाल सरकार वि. दुखीराम डगौरा |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७२-RB-००९९, कम्पनी ऐनबमोजिम कारवाही गरिपाउँ, *होमनाथ लुइटेल वि. पेम्बा लामा स्याङ्बो*

प्रस्तुत मुद्दामा प्रत्यर्थी / वादी पेम्बा लामा स्याङ्वोले कम्पनीबाट निकालेर लिएको भनिएको रकमका सम्बन्धमा दुई पक्षका बीच विवाद कायमै रहेको स्थिति हुँदा त्यस्तो विवादित रकमलाई कम्पनीको नियमावलीको नियम ६ मा उल्लेख भएको कानूनबमोजिम कम्पनीलाई बुझाउनु पर्ने रकम मान्न मिल्ने देखिएन । त्यसरी बलजफ्ती भएको व्याख्याले वैधता प्राप्त गर्नसक्ने नदेखिँदा पुनरावेदक / प्रतिवादी होमनाथ लुइटेलले कम्पनीका तर्फबाट गरेको सेयर जफतसम्बन्धी निर्णयले मान्यता पाउनसक्ने देखिएन। सञ्चालक समितिबाट निर्णय भएको भन्दै जफत गर्ने गरेको प्रक्रिया कम्पनीको दैनिक प्रशासनसम्बन्धी कार्य र कम्पनीको साधारण सभाबाट निर्णय गरी प्रदान गरिएको कार्यसम्म गर्ने हैसियत राख्ने सञ्चालक समितिले साधारण सभाको अधिकार सञ्चालक समितिले नै प्रयोग गरेसरह गरी गणपूरक संख्या छल्ने नियतबाट गरेको कार्यले मान्यता पाउनसक्ने अवस्था नरहने।

२ जना सञ्चालक रहेको कम्पनी रीतपूर्वक सञ्चालन भए वा नभएको विषयमा नियमित अनुगमन गरी आवश्यक निर्देशनसमेत दिनसक्ने हैसियतमा रहेको कम्पनी रजिस्ट्रारको कार्यालयलाई सक्रिय बनाएर कम्पनीमा भए गरिएका अनियमितता र नियम असम्मत कार्यमा सुधार गराउने परिपाटी बसाउन सकिएन भने कम्पनी "जसको शक्ति उसको भक्ति" (Might is Right) भन्ने उखान चरितार्थ हुन गई नियमसम्मत किसिमबाट कम्पनी सञ्चालन हुनुपर्दछ भनी कानूनको सहारा लिन खोज्ने सेयरधनीहरूको हित संरक्षणको कार्य ओझेलमा पर्ने सम्भावना टड्कारो रहन्छ । प्रस्तुत स्याङ्बो डेभलपर्स प्रा.लि.को हकमा कम्पनीले कम्पनी ऐन, २०६३ अन्तर्गत नियमितरूपमा कम्पनी रजिस्ट्रारको कार्यालयमा बुझाउनु पर्ने विवरण नबुझाएको, कम्पनीको नाफा नोक्सान र सबै हिसाब किताब देखिने गरी नियमित रूपमा लेखा परीक्षण गराएको नपाइएको, के कस्तो अवस्थामा सेयरधनीको सेयर जफत हुन सक्तछ भन्ने कुराको समेत हेक्का नगरी एकतर्फी रूपमा अर्का सञ्चालकको सेयरसमेत जफत गर्नेलगायतका कार्य भएको अवस्थाको विद्यमानता देखिँदा र यी सबै कुरा कम्पनी रजिस्ट्रारको कार्यालयको संलग्नतामा निराकरण हुने प्रकृतिका देखिँदा प्रत्यर्थी/वादीले उठाएका विषयवस्तुका सम्बन्धमा कम्पनी रजिस्ट्रारको कार्यालयबाट सम्बोधन गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने।

अतः माथि विवेचित आधार र कारणबाट मिति २०७०।०३।२४ मा स्याङ्बो डेभलपर्स प्रा. लि.का सञ्चालक होमनाथ लुइटेलको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकबाट सोही कम्पनीका सञ्चालक पेम्बा लामा स्याङ्बोको नाममा रहेको रू.१,००,०००।- (एक लाख) थान सेयर जफत गर्ने गरी भएको निर्णय र सो निर्णयका आधारमा भएका पत्राचार एवम् सेयर लगत कायम गर्ने गरी भएका निर्णयहरू कम्पनी ऐन, २०६३ तथा स्याङ्बो डेभलपर्स प्रा. लि.को नियमावलीविपरीत भएको देखिँदा उक्त मिति २०७०।३।२४को निर्णय र सोसँग सम्बन्धित सबै निर्णयहरू कम्पनी ऐन, २०६३ को दफा १३९ को उपदफा (३) बमोजिम बदर गरी दिइएको छ। अब स्याङ्बो डेभलपर्स प्रा.लि.का सञ्चालक पेम्बा लामा स्याङ्बोले कम्पनी रजिस्ट्रारको कार्यालयमा मिति २०७०।४।७ मा दिएको निवेदनलाई समेत आधार मानी उक्त कम्पनीका दुवैजना सञ्चालकहरूबाट कम्पनी स्थापना भएदेखिको

सम्पूर्ण हिसाब किताब देखिने गरी लेखा परीक्षण गराउन लगाई सो लेखा परीक्षणलगायतका अन्य आवश्यक विवरणसमेत पेस गर्न लगाई कम्पनी सुचारू रूपमा सञ्चालन हुने व्यवस्था मिलाउन स्याङ्बो डेभलपर्स प्रा.लि. तथा कम्पनी रजिस्ट्रारको कार्यालयलाई समेत निर्देशन दिने ठहर गरी पुनरावेदन अदालत पाटन, वाणिज्य इजलासबाट मिति २०७१।११।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ठगिन्द्र कट्टेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-RB-०१००, कम्पनी ऐनबमोजिम नोक्सानी बिगो रकम दिलाई भराइ पाउँ, *होमनाथ लुइटेल वि. पेम्बा लामा स्याङ्बो* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-MS-००२०, अदालतको अवहेलनामा हदैसम्मको कारवाही गरिपाउँ, *कमलप्रसाद इटनीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले अनुसन्धान र अभियोजनलगायतका प्रक्रिया अगाडि बढाउनको लागि माग गरेको घटना वारदातका सम्बन्धमा यस अदालतको अन्तरिम आदेशबाट सामान्य फौजदारी न्याय प्रणाली प्रभावी भइसकेको र उक्त मुद्दामा अनुसन्धान प्रक्रियाका सबै चरण पूरा भई अदालतमा अभियोगपत्र दायर भइसकेकोले मुद्दाको तथ्य र प्रमाणबाट ठहरेबमोजिम न्याय प्रदान गर्ने कार्यले पूर्णता पाउने नै हुँदा प्रस्तुत निवेदनको प्रयोजन नरहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थ, निवेदन मागबमोजिमको कार्य सम्पन्न भई निवेदनको प्रयोजन समाप्त भइसकेको देखिँदा मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: ठगिन्द्र कट्टेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-CI-०९१६, नामसारी दर्ता, *मनोरञ्जन धोवी वि. सागर शमशेर ज.ब.रा.*

मालपोत ऐन, २०३४ मा दफा ३१ को प्रतिबन्धात्मक वाक्यांशको "तर दफा ७ बमोजिम मालपोत कार्यालयले हकबेहकसम्बन्धी प्रश्न उठाई अदालतबाट निर्णय गर्नुपर्ने गरी गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छैन" भन्ने कानूनी व्यवस्थानुसार प्रस्तुत मुद्दाका दुवै पक्षले आ-आफ्ना सबुद प्रमाण पेस गरी तेरोमेरोको विवाद सिर्जना भएको अवस्थामा न्याय प्रशासन ऐन, २०४८ को दफा ७ बमोजिम सुरू मालपोत कार्यालयले हक कायम गराउन सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्नेमा सो नगरी मालपोत ऐन, २०३४ को उपर्युक्त प्रतिबन्धात्मक वाक्यांशको भावनाविपरीत सिफारिस समितिको निर्णयका आधारमा निवेदक मनोरञ्जन धोवीका नाममा दर्ता नामसारी गर्ने गरेको निर्णय मालपोत कार्यालयको क्षेत्राधिकारभित्र पर्ने नदेखिने।

अतः सुरू मालपोत कार्यालय, ललितपुरबाट दुवै पक्षले आआफ्नो प्रमाणसमेत राखी निवेदन गरेकोमा दुवै पक्षको प्रमाणको मूल्याङ्कन गर्नुपर्ने देखिएको अवस्थामा हक बेहकमा अदालत जान सुनाई दिनुपर्नेमा अधिकारक्षेत्रको अभावमा प्रत्यर्थी वादीका नाममा स्रेस्ता पुर्जा तयार गरी पुर्जा दिने गरी मिति २०६८।१२।३० मा मालपोत कार्यालय, ललितपुरबाट भएको निर्णय नमिलेकोले सो निर्णय बदर गरी हक बेहकमा सुनाउने गरी सुरू ललितपुर जिल्ला अदालतमा जानु भनी

पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।११।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: ठगिन्द्र कट्टेल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७३ साल भदौ २० गते रोज २ शुभम्।

**४**

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०६६८, परमादेश, *छविलाल चपाई वि. पोखरा उपमहानगरपालिकाको कार्यालय, पोखरा*

निवेदकका नामको जग्गा नेपाल सरकारको नाममा कायम हुने गरी मालपोत कार्यालय, कास्कीबाट निर्णय भई उक्त जग्गा नेपाल सरकारका नाममा कायम भइसकेको र सार्वजनिक जग्गामा निर्माण भएका घर टहरा नगरपालिकाको कार्यालयले हटाउन नपाउने भन्ने देखिँदैन । परमादेशको आदेश कसैले कानूनबमोजिम गर्नुपर्ने कार्य नगरेमा त्यस्तो कार्य गर्नु भनी जारी हुने हो। कानूनले दिएको अधिकारबमोजिमको कार्य नगरेमा आफ्नो कानूनी कर्तव्य निर्वाह गराउन परमादेशको आदेश हुने हो अन्यथा परमादेशको आदेश जारी गर्नुको कुनै औचित्य नरहने।

तसर्थ, विपक्षी पोखरा उपमहानगरपालिका कार्यालयले कानूनबमोजिमको कार्य गर्न इन्कार गरेको भन्ने देखिन नआएको हुँदा परमादेश जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६९।१२।७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: दुर्गाप्रसाद खनाल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-CI-०६६९, निषेधाज्ञा, *छविलाल चपाई वि. जिल्ला प्रशासन कार्यालय, कास्की, पोखरासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**५**

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-WO-०३८९, उत्प्रेषण / परमादेश, *मंगललाल महर्जन वि. लक्ष्मीमाया महर्जनसमेत*

मुलुकी ऐन, दण्ड सजायको महलमा भएको फैसला कार्यान्वयनसम्बन्धी उक्त कानूनी व्यवस्थाअनुसार पनि घर जग्गाको हकमा तर्फ वा दिशा स्पष्ट हुन नसकेको अवस्थामा फैसला कार्यान्वयनको लागि कुनै पक्षको निवेदन पर्न आएमा अदालतले मुद्दाका सबै पक्षलाई झिकाई तर्फमा सहमति गराई सहमतिअनुसारतर्फ स्पष्ट पारी सोहीबमोजिम कित्ताकाट तथा दाखेल खारेजको लागि सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्ने।

प्रस्तुत विवादित जग्गाका सम्बन्धमा अदालतबाट फैसला हुँदातर्फ उल्लेख नभई नरमगरम मिलाई कित्ताफोड हुने ठहर भई फैसला भएको देखिन्छ । यसरी तर्फ उल्लेख नभई नरमगरम मिलाई कित्ताफोड हुने ठहरी भएको फैसलामा प्रतिवादीमध्येका सानुलाल महर्जनको फैसलाको जनाउ मालपोत कार्यालयलाई गराइपाउँ भन्ने निवेदन परेको देखिएको र अदालतबाट वादी लक्ष्मीमाया महर्जनलाई झिकाई वादी दाबीबमोजिम कित्ताफोडका लागि मालपोत कार्यालय, ललितपुरलाई फैसलाको जनाउसम्म दिएको देखियो। यसरी तर्फमा सहमति गराउने प्रयोजनका लागि मुद्दाका पक्ष यी रिट निवेदकलाई समेत झिकाई तर्फमा सहमति गराई सोही सहमतिअनुसार कित्ताफोडका लागि मालपोत कार्यालयलाई जानकारी दिनु पर्नेमा यी रिट निवेदकलाई कुनै जानकारी नै नदिई वादी दाबीबमोजिम कित्ताफोडका लागि च.नं.१९२ मिति २०७०।६।६बाट मालपोत कार्यालय, ललितपुरलाई लेखी पठाएको र सोही आधारमा मालपोत कार्यालयले कित्ताफोड हुने गरी निर्णय गरेको देखिँदा फैसला कार्यान्वयनको लागि अदालत तथा मालपोत कार्यालयबाट भएको

कामकारवाही त्रुटिरहित भएको देखिन नआउने।

अतः उल्लिखित तथ्य र कानूनी व्यवस्थाका आधारमा अदालतको फैसलामार्फत उल्लेख नभएको अवस्थामा मुद्दाका सबै पक्षलाई झिकाई विवादित घर जग्गाको तर्फमा सहमति गराई सोही सहमतिअनुसार कित्ताफोड तथा दाखेल खारेजका लागि सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेमा यी रिट निवेदकलाई कुनै जानकारी नै नदिई वादी दाबीबमोजिम कित्ताफोडको लागि भनी मालपोत कार्यालय, ललितपुरमा लेखी पठाएको देखिँदा निवेदन मागबमोजिम फैसलाको जनाउ दिने ललितपुर जिल्ला अदालतको मिति २०७०।६।६को पत्र तथा सोबमोजिम कित्ताफोड गर्ने गरी मालपोत कार्यालय, ललितपुरबाट मिति २०७०।६।१७ मा भएको निर्णयसमेत उत्प्रेषणको आदेशले बदर हुन्छ। साथै पुनः फैसला र कानूनी व्यवस्थाबमोजिम मुद्दाका सबै पक्षलाई रोहबरमा राखी घर, बाटो तथा तर्फसमेतको नरमगरम मिलाई कित्ताफोड तथा दाखेल खारेज गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल असोज १३ गते रोज ५ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०९०६, उत्प्रेषण / परमादेश, *बलराम भुजेल वि. काठमाडौं जिल्ला अदालतसमेत*

प्रतिवादीका नामको जेथा खुलाउन नसकेको हुँदा निजलाई लेनदेन व्यवहारको १९ नं. बमोजिम थुनामा राखी फैसला कार्यान्वयन गरिपाउँ भनी वादीको निवेदन परेको र निवेदन मागबमोजिम गरी फैसला कार्यान्वयन गर्नु भनी सो निवेदनउपर इजलासबाट आदेश भएको देखियो । यसरी अदालतबाट आदेश भएपश्चात् यी निवेदक अर्थात् उक्त मुद्दाका प्रतिवादी बलराम भुजेलले आफ्ना नामका जग्गा जेथा देखाई उक्त जग्गा लिलाम गरी बिगो भराउन माग गरी निवेदन दिएकोमा निजले देखाएका जग्गामध्ये कि.नं. ३९५ र ३९६ का जग्गाहरू दृष्टिबन्धकमा रही लिलाम गर्न नमिल्ने प्रकृतिका देखिएका र कि.नं.१६९ को जग्गा निजलाई थुनामा राखी फैसला कार्यान्वयन गर्नु भनी अदालतबाट आदेश भएपश्चात् खरिद गरेको देखिएकोले निजले देखाएको उक्त जेथाबाट बिगो असुल हुनसक्ने अवस्था नदेखिएको हुँदा निजलाई अदालतको पूर्व आदेशानुसार थुनामा राखी फैसला कार्यान्वयन गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको आदेश र सो आदेश सदर हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट भएको आदेश कानूनसम्मत नै देखिन आउने।

अतः निवेदकले बिगो भराउने प्रयोजनका लागि देखाएका जग्गामध्ये कि.नं. ३९५ र ३९६ का जग्गा दृष्टिबन्धकमा रहेको र कि.नं. १६९को जग्गा अदालतबाट आदेश भएपश्चात् मात्र खरिद भएको देखिएको अवस्थामा सुरू काठमाडौं जिल्ला अदालत तथा पुनरावेदन अदालत, पाटनबाट भएको आदेश कानूनसम्मत नै देखिएकाले निवेदन मागबमोजिम आदेश जारी हुने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल असोज १३ गते रोज ५ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०३८७, उत्प्रेषण / परमादेश, *विष्णुप्रसाद खत्री वि. मोरङ जिल्ला अदालत, विराटनगरसमेत*

निवेदकले मूलतः आफूले मोरङ जिल्ला अदालतमा दायर भएका अंश मुद्दालगायतका मुद्दा फैसला नभएसम्मका लागि विपक्षीहरूका बीच चलेको अंश चलन मुद्दाको फैसला कार्यान्वयन गर्ने कार्य स्थगितका लागि प्रस्तुत रिट निवेदन दायर गरेको देखिएको र निवेदकका तर्फबाट बहसको क्रममा रिट निवेदक विष्णुप्रसाद खत्री

वादी भई दायर भएको अंश मुद्दा र फैसला बदर मुद्दा मोरङ जिल्ला अदालतबाट मिति २०७२।२।३१ मा अंश पाउने गरी फैसला भइसकेको भनी फैसलाको प्रतिलिपिसमेत इजलाससमक्ष पेस गर्नुभएको देखियो । यसरी हेर्दा जुन मुद्दा फैसला नहुँदासम्मका लागि फैसला कार्यान्वयनको कार्य स्थगितको माग गरी प्रस्तुत निवेदन दायर भएको हो उक्त मुद्दाहरू फैसला भइसकेको देखिँदा हाल निवेदन मागबमोजिमको आदेश जारी गर्नुको कुनै औचित्य रहेको नदेखिने।

अतः उल्लिखित तथ्य एवम् आधारबाट वादी यी रिट निवेदक विष्णुप्रसाद खत्री प्रतिवादी उद्धवबहादुर के.सी.समेत भएको अंश चलन मुद्दा फैसला नभएसम्मका लागि फैसला कार्यान्वयनको कार्य स्थगितको माग भएकोमा उक्त मुद्दामा अंश पाउने ठहरी मोरङ जिल्ला अदालतबाट मिति २०७२।२।३१ मा फैसला भइसकेको देखिँदा उक्त मुद्दाको क्रममा दायर भएको अ.बं. १७ नं. बमोजिमको आदेशउपर दायर भएको प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुको कुनै औचित्य नरहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल असोज १३ गते रोज ५ शुभम्।

८

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-००४५, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. भीमबहादुर दमै (परियार) समेत*

कसैको घर आँगनमा वारदात घटेको कारणले मात्र सो घर परिवारका सबै सदस्यहरूको सो वारदातमा संलग्नता रहेकै हुन्छ भनी अनुमानका आधारमा कसुरदार ठहर गर्न मिल्दैन । शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी कानूनको सर्वमान्य सिद्धान्त रहेको छ । न्यायकर्ताले न्याय दिँदा कोही दोषीले सजायबाट उन्मुक्ति नपाओस् र कुनै पनि निर्दोष व्यक्तिले सजायको भागीदार हुन नपरोस् भन्ने मान्यतामा रहेर न्याय गर्नुपर्ने।

प्रतिवादीहरू कमला परियार, भीमबहादुर दमै र जुना दमिनीसमेतले यसप्रकारबाट मृतकलाई प्रहार गरेको भन्ने वस्तुनिष्ठ र ठोस प्रमाणको अभावमा प्रतिवादीहरूको घर आँगनमा वारदात घटेकै आधारमा मात्र सबै प्रतिवादीहरू दोषी हुन् भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । तसर्थ प्रतिवादीहरू कमला परियार, भीमबहादुर दमै र जुना दमिनीलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने हुँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा गरिरहनु नपर्ने।

प्रतिवादी बुद्धि परियारले मृतकलाई कर्तव्य गरी मारेकामा साबित रही अनुसन्धान र न्यायिक प्रक्रियालाई समेत सहयोग गरेको देखिन आएकाले सुरू तथा पुनरावेदन अदालतले अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी बुद्धि परियारलाई दश वर्ष मात्रै कैद सजाय गर्ने गरी व्यक्त गरेको रायसमेत मनासिब देखिन आउने।

माथि विवेचित तथ्य, आधार र प्रमाणको आधारमा अन्य प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने र प्रतिवादी बुद्धि परियारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी बुद्धि परियारलाई दश वर्ष मात्र कैदको सजाय गर्ने राय व्यक्त गरी गोरखा जिल्ला अदालतबाट भएको फैसलालाई रायसहित सदर ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०६४।८।१९ मा भएको फैसला मिलेको देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०१६१, जबरजस्ती

चोरी, *नेपाल सरकार वि. प्रेमबहादुर थापा मगरसमेत*

फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी पक्षको हुन्छ । कुनै पनि व्यक्तिलाई अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । त्यस्तो अभियोगलाई पुष्टि गर्ने ठोस र वस्तुनिष्ठ प्रमाणको अभावमा अभियोग र जाहेरीलाई मात्र आधार मानी कसुरदार ठहर गर्न मिल्ने हुँदैन । कुनै पनि व्यक्तिउपर शङ्काको वा अनुमानको आधारमा कसुरदार ठहराउन नमिल्ने ।

तसर्थ माथि विवेचित तथ्य र प्रमाणसमेतबाट प्रतिवादीहरूले जाहेरवालाकी फुपू आशामाया गुरूङको बिगो रू. ५७,३९१।– बराबरको धनमाल पुनरावेदक प्रतिवादीहरूले जबरजस्ती चोरी गरेको पुष्टि भएको हुँदा अभियोग मागदाबीभन्दा बढी मोल बिगो रू. ११,३६,२५०।- चोरी गरेको ठहऱ्याएको फैसला र फैसलाको तपसिल खण्डको २ दफामा बिगो रू. १०,६०,१०९।- बराबरको औँठी थान २ र सिक्री थान १ फिर्ता लिइसकेकाले बाँकी रू.७६,१४१।– जाहेरवालाले भरिपाउने भनी मिसिल तथ्यसँग नमिल्दो कुराहरू उल्लेख गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०६८।३।१५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी प्रेमबहादुर थापा मगर र मानबहादुर भन्ने विकास पुनले जाहेरवालाकी फुपु आशामाया गुरूङको बिगो रू. ५७,३९१। बराबरको धनमाल जबरजस्ती चोरी गरेको ठहर गरी चोरीको महलको १४(२) नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही डेढ महिना कैद र बिगो सन्ताउन्न हजार तीन सय एकानब्बे रूपैयाँ (रू.५७,३९१।-) को डेढी बढाई जरिवाना छयासी हजार छयासी रूपैयाँ (रू.८६,०८६।-) हुने र सो जरिवानाबापत समेत कैद हुने ठहर गरी भएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।१।३को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०१४७ र ०६९-CR-०१४८, कर्तव्य ज्यान, *मनमाया डिमडुङ्ग वि. नेपाल सरकार र चिनिया लामा डिमडुङ्ग वि. नेपाल सरकार*

जाहेरवाला कान्छी डिमडुङ्ग, घटनास्थल प्रकृति मुचुल्काका मानिस अमृतकुमारी लामा र मौकामा बुझिएका देवकुमार लामाले अदालतमा उपस्थित भई प्रतिवादी मनमायाले प्रतिवादी चिनिया लामासँगको अवैध सम्बन्धबाट बच्चा जन्माई सो बच्चालाई चिनियाको आदेशले कपडाले घाँटी कसी कर्तव्य गरी मारेका हुन् भनी दिएको जाहेरी दरखास्त र मौकामा गरेको कागजलाई समर्थित गरी बकपत्र गरेको देखिन्छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Asphyxia due to tightly tied by cloth भन्ने उल्लेख भएको देखिँदा प्रतिवादी मनमाया डिमडुङ्ग आफैँले जन्माएको सालनालसहितको नवजात शिशुलाई कपडाले घाँटीमा कसी हत्या गरेको भन्ने नै पुष्टि हुन आउने ।

जाहेरी दरखास्त, बुझिएका मानिसहरूको मौकाको कागज र अदालतको बकपत्र, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका सङ्कलित प्रमाणहरूबाट प्रतिवादी मनमाया डिमडुङ्गले आफूले जन्म दिएको नवजात शिशुको कपडाले घाँटी कसी हत्या गरी आफ्नै कोठामा रहेको सुटकेशमा राखेको भन्ने पुष्टि हुन आएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने नै देखिँदा पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न नसकिने ।

दुवै प्रतिवादीहरू एउटै गाउँका भई देवर भाउजु नाताका व्यक्ति रहेको भन्नेमा विवाद देखिएन । प्रतिवादी मनमायाका पति २ वर्षदेखि विदेश गई घरमा नभएको भन्नेमा पनि विवाद देखिएन । पुनरावेदक प्रतिवादीले अदालतमा भएको बयानमा प्रतिवादी

मनमायासँग सहमतिमा यौन सम्पर्क रहेको कुरा स्वीकार गरेबाट निजहरूबीच शारीरिक सम्बन्ध रहेको नै देखियो । पुनरावेदक प्रतिवादीबाहेक मनमायाको अन्य व्यक्तिहरूसँग पनि शारीरिक सम्बन्ध रहेको भनी पुनरावेदकले भन्नसकेको नपाइँदा पुनरावेदक प्रतिवादीसँगको शारीरिक सम्पर्कबाट गर्भवती भएपछि मनमायाले सो कुरा पुनरावेदक प्रतिवादीलाई थाहा नदिई मास पूरा भएपछि नवजात शिशुको जन्म हुन गएछ भनी अनुमान गर्न नमिल्ने । प्रतिवादी मनमायाले अदालतमा बयान गर्दा गर्भ फाल्ने विषयमा समेत पुनरावेदक प्रतिवादीसँग सल्लाह हुँदा प्रतिवादी चिनिया लामाले गर्भ फाल्न पर्दैन म तिमीसँग विवाह गर्छु भनेकाले गर्भ पतन नगराएको भनी खुलाएकोबाट बच्चा फाल्ने प्रयास गरेको भन्ने देखिएन । पुनरावेदक प्रतिवादी चिनिया लामाले बच्चासहित प्रतिवादी मनमाया डिमडुङ्गलाई स्वीकार गर्ने बचन दिएका कारण मनमायाको मास पूरा भई बच्चा जन्मन गएको देखिन्छ । तर मास पूरा भई बच्चा जन्मने समय भएपछि पुनरावेदक प्रतिवादी चिनिया लामाले बच्चासमेत मनमायालाई स्वीकार नगरी नवजात शिशुलाई मारी फाल्न बचन दिएको कारणबाटै प्रतिवादी मनमायाले नवजात शिशुको हत्या गरेको अवस्था देखिन आउने ।

प्रतिवादी चिनिया लामाले पहिले दिएको बचनअनुसार बच्चा स्वीकार गरेको भए बच्चाको हत्या गर्नुपर्ने कारण नै आउने देखिँदैन । तर प्रतिवादी चिनिया लामाले बच्चा स्वीकार नगरी बच्चाको हत्या गर्न बचन दिएको हुँदा नै नवजात शिशुको हत्या हुन पुगेको अवस्था देखिँदा मनमाया गर्भवती भएको कुरा नै थाहा थिएन, मनमायालाई बच्चा फाल्न बचन दिएको भन्ने तथ्ययुक्त प्रमाणबाट पुष्टि हुनसकेको छैन भन्ने जिकिरसँग सहमत हुन सकिएन । निज प्रतिवादी चिनिया लामाको हकमा समेत पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब देखिने ।

अतः माथि विवेचित तथ्य, प्रतिपादित सिद्धान्त, प्रमाण तथा आधारबाट प्रतिवादी मनमाया डिमडुङ्गलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी चिनिया लामा डिमडुङ्गलाई ऐ. १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी मकवानपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।११।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहरी निज प्रतिवादीहरूलाई अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुनुपर्ने भनी पुनरावेदन अदालत, हेटौंडाबाट व्यक्त रायसमेत सदर हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ असार १५ गते रोज ४ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-CR-०७२३, कर्तव्य ज्यान, *सन्तोषकुमार दास वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्षको बयान, कुटपिट गरी करकापबाट गराएको भनी अदालतमा बयान गर्दा कसुरमा इन्कारी बयान दिएको देखिए पनि निजले सो कुरा पुष्टि गर्ने कुनै वस्तुनिष्ठ प्रमाण पेस गर्नसकेको नदेखिएको र निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानलाई उल्लिखित तथ्य एवम् प्रमाणहरूबाट पुष्टि गरिरहेको देखिँदा निज कसुरदार होइनन् भन्न सकिएन । तसर्थ पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई केही गरिरहन नपर्ने ।

अतः उल्लिखित तथ्य, आधार तथा प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले पशुपति रोड कैरियरका कर्मचारी राजेश्वर दुवेलाई गोली हानी हत्या गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ (१) नं. बमोजिमको कसुर गरेको पुष्टि हुँदा निजलाई ऐ. १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर

गरी भएको पर्सा जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।१।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ जेठ ६ गते रोज ५ शुभम्।

१२

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री गोपाल पराजुली,** ०७२-RB-०१८९, सुन चोरी निकासी, Iqbal Haque (Passport No.710616822 *वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी इकवाल हकको साथबाट ८ किलो ७४० ग्राम सुन बरामद भएको प्रमाणित भई निजलाई २ (दुई) वर्ष कैद सजाय र उक्त बरामद भएको सुन जफत गरी निजलाई बिगोबमोजिम रू.३,६७,९०,५७२।- (तीन करोड सतसठ्ठी लाख नब्बे हजार पाँच सय बहत्तर रूपैयाँ) जरिवाना हुने ठहर गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट फैसला भएकोमा निज पुनरावेदक प्रतिवादी Iqbal Haque को मिति २०७२।११।१४ मा मृत्यु भएको भनी कारागार कार्यालय, काठमाडौंको पत्र प्राप्त भई मिसिल सामेल रहेको देखिएको र थुनामा रहेका प्रतिवादीको मृत्यु भएमा निजलाई भएको कैद तथा जरिवानाको रकम माफ हुने भन्ने उल्लिखित नजिर सिद्धान्त तथा कानूनी व्यवस्थासमेतको आधारमा निज प्रतिवादी इकवाल हकलाई ठहर भएको कैद सजाय तथा जरिवाना माफ हुने।

अतः उल्लिखित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा राजस्व न्यायाधिकरणको फैसला मिले नमिलेको छ, छैन भन्ने तथा यस अदालतबाट पुनरावेदन गर्न अनुमति प्रदान गर्दा लिएको आधारको सम्बन्धमा प्रवेश गरी थप विवेचना गरिरहन नपर्ने हुँदा प्रतिवादीलाई केही गरिरहन नपर्ने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम्।

१३

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-WO-०४७४, परमादेश, *बाबुराम बानियाँ वि. मालपोत कार्यालय, सिन्धुली*

कुनै पनि निकाय वा पदाधिकारी संविधान तथा कानूनद्वारा तोकिएको कर्तव्य पूरा गर्न बाध्य हुन्छ । त्यस्तो निकाय वा पदाधिकारीले तोकिएको कर्तव्य पूरा गर्न नचाहेमा वा अनावश्यक ढिला गरेको कारणले कुनै व्यक्तिको हक वा सार्वजनिक हकको प्रचलनमा बाधा अवरोध उत्पन्न हुन गएको अवस्थामा त्यस्तो हक प्रचलन गराउनका लागि परमादेश जारी हुने हो। परमादेशले कसैको हक स्थापित गराउने वा खोस्ने पनि होइन। यो आदेश कानूनी कर्तव्य पालना गर्नुपर्ने निकाय वा पदाधिकारीले त्यस्तो कर्तव्य पालना नगरेमा वा गर्न नचाहेमा वा कर्तव्य पालना गर्दा अनावश्यक ढिलो गरेमा त्यस्तो कर्तव्य समयमै पालना गर्नु भनी सम्बन्धित निकाय वा पदाधिकारीका नाममा जारी हुने आदेश मानिने।

रिट क्षेत्राधिकारबाट प्रवेश गर्ने व्यक्तिले सफा हात लिई विलम्ब नगरी अदालत, प्रवेश गरेको अवस्थामा मात्र अदालतले सहयोग गर्नसक्छ। विलम्ब गरी दूषित मनसायबाट पर्न आएको निवेदनमा प्रवेश गरी अदालतले कसैलाई पनि सहयोग गर्न सक्दैन । २०२९ सालमा छुट जग्गा दर्ताका लागि सम्बन्धित निकायमा निवेदन दिइसकेपछि सो निवेदनमा के कारवाही भयो भनी चासो नराखी बसेका र २०४५ सालमा उक्त जग्गा तत्कालीन श्री ५ को सरकारका नाममा दर्तासमेत भइसकेको देखिन्छ। २०२९ सालमा दिएको निवेदन सकार गर्न पाउँ भनी ४० वर्षपछि मात्र निवेदक उक्त कारवाही अगाडि बढाउनका लागि सम्बन्धित निकायमा गएको देखिन्छ। आफ्नो हक भोगको जग्गा हो भनी ४० वर्षअगाडि निवेदन दिएको भनी ४० वर्षसम्म बेखबर बस्ने निवेदकको निवेदन सकार गरी छुट जग्गा दर्ता गर्नु वा नगर्नु भनी निवेदन मागबमोजिमको परमादेश जारी गर्न मिल्ने

नदेखिने ।

निवेदकले छुट जग्गा दर्ताका लागि माग गरेको जग्गा सर्वे नापीको बखत तत्कालीन श्री ५ को सरकारका नाममा कायम भएको र २०४५ सालमा तत्कालीन श्री ५ को सरकारका नाममा दर्ता स्रेस्तासमेत कायम भइसकेको भन्ने विपक्षी मालपोत कार्यालयको लिखित जवाफ रहेको सम्बन्धमा बहसको क्रममा निवेदकको तर्फका कानून व्यवसायीले प्रतिवादसमेत गर्नसकेको पाइएन। यस्तो अवस्थामा नेपाल सरकारका नाममा दर्ता भई स्रेस्तासमेत कायम भइसकेको जग्गाका सम्बन्धमा निवेदकलाई निवेदन सकार गर्न लगाई निवेदनबमोजिम उक्त जग्गा निवेदकका नाममा दर्ता गर्न वा नगर्न निर्णयमा पुग्नु भनी रिट क्षेत्राधिकारको माध्यमबाट आदेश दिन मिलेन। तसर्थ रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ असार १४ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-WO-०४७३, परमादेश, *बाबुराम बानियाँ वि. मालपोत कार्यालय, सिन्धुली*
- ०७२-WO-०४७५, परमादेश, *बाबुराम बानियाँ वि. मालपोत कार्यालय, सिन्धुली*

१४

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०४१२, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. अनिल महर्जनसमेत*

प्रतिवादीहरू अनिल महर्जन र सुनिल महर्जनको साथबाट जम्मा ८ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको देखिन्छ । १०० ग्राम लागु औषधमध्ये बरामद हुन नसकेको ९२ ग्राम लागु औषध उक्त मूल्यमा बिक्री गरेको रकम हो कि भन्नका लागि प्रतिग्राम ४०० देखि ४५० का दरले ९२ ग्राम लागु औषध बिक्री गरी रू.९४,४००।– आर्जन गरेका हुन् भनी वादी पक्षले लिएको दाबी पत्यारलायक देखिएन । प्रतिवादीहरूले कहिलेदेखिको कससँगबाट लागु औषध खरिद गरी कसकसलाई के कति मूल्यमा के कति परिमाणको लागु औषध बिक्री वितरण गर्दै आएका हुन् भन्ने तथ्ययुक्त प्रमाण वादी पक्षबाट प्रस्तुत हुनसकेको देखिएन । प्रतिवादीहरूबाट बरामद रकम लागु औषधको कारोबारबाटै आर्जन गरेको रकम हो भन्ने वस्तुनिष्ठ र ठोस प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीहरूको सँगसाथबाट ४.५ र ३.५ ग्राम लागु औषध बरामद भएको भन्ने आधारमा निजहरूबाट बरामद भएको रकम लागु औषधको कारोबारबाटै आर्जित रकम हो भनी अनुमानको आधारमा ठहर गरी जफत गर्न फौजदारी न्यायको सिद्धान्तअनुकूल हुने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी विजय प्रधानलाई पक्राउ गरेपछि मिति २०६६।३।६ गते साँझ पाटन अस्पतालबाट निजको स्वास्थ्य परीक्षण हुँदा सोबखत निजले लागु औषध सेवन गरेको लक्षण देखिएको भनी परीक्षकले उल्लेख गर्नसकेको देखिएन । प्रतिवादी विजय प्रधानले लागु औषध सेवन गरेको भनी अभियोग दाबी लिए पनि निजलाई पक्राउ गरी निजको स्वास्थ्य परीक्षण गर्दा लागु औषध सेवन गरेको लक्षण नभेटिएको अवस्थामा अभियोग दाबी र अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयानको आधारमा मात्र निजलाई कसुरदार हुन् भन्न नसकिने।

अतः माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रतिवादीहरू अनिल महर्जन र सुनिल महर्जनलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१) (छ)(१) अनुसार जनही ५ (पाँच) वर्ष कैद र रू.५,०००।– (पाँच हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याएको र प्रतिवादी विजय प्रधानले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको हदसम्म सुरू ललितपुर जिल्ला अदालतको मिति २०६७।३।२० को फैसलालाई सदर गरी प्रतिवादी सुनिल महर्जन

र प्रतिवादी अनिल महर्जनबाट बरामद भएको नगद रू.९४,४००।– (चौरानब्बे हजार चार सय रूपैयाँ) जफत गर्ने गरेको हदसम्म उक्त फैसला केही उल्टी हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।३।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

१५

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०३७६, ०३७७ अपहरण, जबरजस्ती करणी र कर्तव्य ज्यान, *सजन कुमार श्रेष्ठ वि. नेपाल सरकार* र *मुकेश मंग्रातीसमेत वि. नेपाल सरकार*

वस्तुस्थिति मुचुल्काका देवनारायण लावती, गंगामाया मगर, इन्द्रमाया मगर, तुमराज लिम्बू र जसमाया मगरसमेत जना ५ ले मिति २०६६।११।२६ गते बिहान जिल्ला धनकुटा भेडेटार ६ स्थित जङ्गलमा मृतक मीना सुब्बाको लास फेला परेको हो। निज प्रतिवादीहरू सजनकुमार श्रेष्ठ, सुदीप डंगोल, मुकेश मंग्रातीसमेतले अपहरण गरी सामूहिक बलात्कारपछि कर्तव्य गरी मीना सुब्बाको हत्या गरेको हो। मीना सुब्बाको साथमा भएको सुनको औंठीहरू, सिक्री र मोबाइल सेट थान १ समेत प्रतिवादीहरूले जबरजस्ती खोसी लगेको हुनुपर्दछ भनी गरिदिएको बकपत्र तथा जाहरेवाला अम्बर लिम्बू तथा कमल सुब्बाले हाम्रो दिदी / बहिनी मीना सुब्बालाई प्रतिवादीहरू तीनै जनाले अपहरण गरी भ्यानमा राखी पालैपालो जबरजस्ती करणी गरेका हुन् भनी स्पष्टरूपमा खुलाई जाहेरीमा उल्लिखित बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको अवस्थासमेतबाट प्रतिवादीहरूले मृतक मीना सुब्बालाई जबरजस्ती करणी मात्र गरेको नभई अपराधबाट बच्ने उद्देश्यबाट मारी भिरबाट लडाई फालिदिई मृतकको साथमा रहेको मोबाईल सुनको सिक्रीलगायतका सामान चोरी गरेको पुष्टि हुन आएको पाइने।

जहाँसम्म प्रतिवादीहरूले यस अदालतमा पुनरावेदन गर्दा तीनैजना प्रतिवादीले अपहरण गरी जबरजस्ती करणी गरेको कर्तव्य गरी मारेको कुरामा अदालतसमक्ष इन्कार रही गरेको बयान बेहोरालाई प्रमाणमा नलिई अनुसन्धान अधिकारीसमक्ष भएको बयान बेहोरालाई मात्र आधार लिई कर्तव्य ज्यानसमेतमा सजाय गरेको मिलेको छैन, सजाय घटाई पाउँ भनी लिएको जिकिर छ सो सम्बन्धमा विचार गर्दा मृतकको लासजाँच प्रकृति मुचुल्का एवम् "The cause of death is due to blunt trauma to the vital organs (Heart and lungs)" भन्ने शव परीक्षण प्रतिवेदनसमेतबाट मृतकको मृत्यु कर्तव्यबाट भएकोमा विवाद छैन। प्रतिवादीहरूको साबिती वा इन्कारी स्वयम्मा प्रमाण हुन सक्दैन। उक्त साबिती वा इन्कारी बयान अन्य स्वतन्त्र र निश्चयात्मक प्रमाणबाट समर्थित हुनुपर्ने। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयानमा मृतकलाई तीनै जनाले करणी गरेको कुरामा साबित नै रहेको देखिन्छ। कर्तव्य गरी मारेका होइनौं भन्ने भनाई अन्य कुनैपनि वस्तुगत एवम् तथ्यपूर्ण स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिँदैन। वस्तुस्थिति मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र तथा जाहेरवालाहरूको बकपत्रसमेतबाट पुष्टि भइरहेको अवस्थामा पुनरावेदक प्रतिवादीहरूको अदालतमा भएको इन्कारी बयान निर्दोषिता साबित हुने एक मात्र आधार पनि बन्न सक्दैन। तसर्थ पुनरावेदक प्रतिवादीहरूले लिएको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरू समेतबाट सुरू धनकुटा जिल्ला अदालतले गरेको फैसला केही उल्टी गरी पुनरावेदन अदालत, धनकुटाले प्रतिवादीहरू सजनकुमार श्रेष्ठ, मुकेश मग्राती र सुदिप डंगोलले अभियोग माग दाबीबमोजिमको मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं., अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, ३, ७ नं., जबरजस्ती करणीको महलको १ नं. ३(५) नं. तथा

३क र चोरीको महलको १ र ४ नं. अनुसारको कसुर अपराध गरेको ठहऱ्याई प्रतिवादीहरू तीनै जनालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने भई अपहरण गरी जबरजस्ती करणीसमेत गरेको देखिएकोले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. ले तीनै जना प्रतिवादीहरूलाई जनही सात वर्ष कैद र एकलाख जरिवाना र सोही महलको ७ नं. र ९ नं. ले थप कैद वर्ष २ समेत हुन्छ। साथै सोही महलको १२ नं. ले कसुर भएको दिन देखि सुरू जिल्ला अदालतबाट फैसला हुँदाका मितिसम्म दैनिक रू.५००।– का दरले क्षतिपूर्ति भरिपाउने भई जबरजस्ती करणीतर्फ प्रतिवादीहरूलाई जबरजस्ती करणीको महलको ३ को देहाय (५) ले जनही ५ वर्ष कैद र चोरीको महलको १४(२) नं. ले सजाय भई चोरीका महलको १२ नं. ले हुने सजायको डेढी सजाय भई जरिवानाबापत कैदसमेत हुने ठहऱ्याई जाहेरवालाले बिगो रू.१,३०,५००।– समेत भरिपाउने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असार ६ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-००९०, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. नारायणप्रसाद गौतमसमेत*

वैदेशिक रोजगारमा पठाइदिने प्रलोभन दिई प्रतिवादीहरूले ठगी गरेको भन्ने अभियोग दाबी भएकोमा प्रतिवादीले अभियोग दाबीअनुसारको रकम लिएको भन्ने तथ्य पुष्टि हुने लिखत पेस हुनसकेको देखिँदैन। यसका साथै जाहेरवालाले अदालतसमक्षको बकपत्रमा ४५ जनाको कलिङ भिसाबापत रकम दिएको तर सो भिसा नक्कली रहेछ भनी उल्लेख गरेको पाइन्छ। जाहेरवालाले जाहेरी बेहोराभन्दा फरक बकपत्र गरेको भए तापनि उक्त तथ्यको पुष्टिका लागि नक्कली भनिएको भिसा कागजसमेत पेस गर्नसकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने प्रमाणको भार वादीमा रहने कानूनी व्यवस्था रहेको देखिन्छ । तसर्थ फौजदारी कसुरको अभियोग लगाएकोमा सो अभियोग प्रमाणबाट पुष्टि नभएसम्म कसुरदार ठहराउन नहुने । जाहेरवालाले प्रतिवादीलाई रकम बुझाएको लिखतको आधारमा प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । तर उक्त सक्कल लिखत वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष पेस हुनसकेको देखिँदैन । जुन प्रमाणको आधारमा जाहेरी परेको हो त्यो प्रमाण न्यायाधिकरणमा पेस भई त्यसको सत्यता प्रमाणित नभएसम्म कसुर पुष्टि भएको मानिँदैन। प्रस्तुत मुद्दामा प्रतिवादीले आरोपित कसुर गरेको भनी वादीले सप्रमाण पुष्टि गर्नसकेको नदेखिँदा केवल जाहेरी मात्रको आधारमा प्रतिवादीउपरको कसुर कायम हुने भन्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई भएको सुरू वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर : रमेश आचार्य

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०९००, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. राजेन्द्र लौडारी*

कुनै लिखत एउटा अदालतबाट करकाप ठहरी फैसला भइसकेपछि फैसला अन्यथा नभएसम्म

त्यस्तो लिखत प्रमाणयोग्य हुँदैन । जाहेरवालाले आधार लिएको लिखत नै करकापबाट खडा भएको भनी अदालतबाट भएको फैसला कायम नै रहेकोले त्यस्तो लिखतको आधारमा फौजदारी कसुर कायम हुने भन्न मिल्दैन । तसर्थ जाहेरवालाले आफूलाई वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभनमा पारी रकमसमेत बुझिलिएको भनी दाबी गरेको कागज नै करकापबाट खडा भएको ठहर भई बदर भइसकेको हुँदा प्रतिवादीले आरोपित कसुर गरेको ठहर हुनसक्ने कानूनी आधार नदेखिने।

प्रतिवादीले आरोपित कसुर गरेको भनी वादीले मुख्य आधार लिएको लिखत करकाप मुद्दाबाट बदर भइसकेको छ। प्रतिवादी वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति प्राप्त व्यक्ति रहेको देखिँदैन । निज आरोपित कसुरमा अधिकारप्राप्त अधिकारीसमक्ष साबित रहेको देखिए तापनि अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुन नसकेमा त्यसैको आधारमा मात्र कसुरदार ठहर गर्नु न्यायसङ्गत हुँदैन । आरोपित कसुरमा सजाय हुनलाई सर्वप्रथम कसुर स्थापित हुनुपर्ने हुन्छ । केवल जाहेरी मात्रको आधारमा कसुरदार ठहर गर्न नमिल्ने।

तसर्थ विवेचित आधार कारणबाट प्रतिवादीले रकम बुझी गरिदिएको भनेको मिति २०६७।५।२को कागज करकापद्वारा गराइएको ठहर भई बदर भइसकेको हुँदा जाहेरवालालाई वैदेशिक रोजगारीमा पठाउनको लागि रकम लिएको भन्ने वादी दाबी पुष्टि हुन नसकेको हुँदा प्रतिवादीले अभियोग मागदाबीबमोजिम सजाय हुने भन्न मिलेन । अतः आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।११।१४ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-१३१९, बिना इजाजत साल जातको चिरान काठ ओसारपसार गरेको, *नेपाल सरकार वि. अङ्कबहादुर धामीसमेत*

कानूनले नै बिगोको दोब्बर जरिवाना हुने भनेपछि एउटा कसुरमा एकभन्दा बढी व्यक्तिहरू कसुरदार भएमा प्रत्येकलाई सोहीबमोजिम जनही सजाय गरिँदा कानूनले तोकेको कैद र जरिवानाको मात्रा भन्दा धेरै जरिवाना हुन जाने हुन्छ । सजाय गर्ने जो कोहीलाई कानूनले हुने सजायभन्दा बढी सजाय गरियो भने त्यो सजाय नै कानूनप्रतिकूलको हुन जान्छ। यसरी वन ऐनको कसुर गर्ने एकभन्दा बढी प्रतिवादीहरू संलग्न भएको मुद्दामा सबै प्रतिवादीलाई बिगोको दोब्बर जरिवाना गरी जनही सजाय गर्दा कसुरको मात्राभन्दा बढी सजाय हुन जाने हुँदा सबैलाई जनही सजाय गर्नु न्यायसङ्गत हुने देखिएन। यस्तै विषयवस्तु भएको मोहनबहादुर गुरूङको जाहेरीले नेपाल सरकार वादी, प्रतिवादी बाजे रानासमेत भएको वनपैदावर हटाई पाउँ भन्ने ने.का.प.२०६५, अङ्क १०, निर्णय नं. ८०२८ मा प्रकाशित मुद्दामा यस अदालत, संयुक्त इजलासबाट मिति २०६४।१०।४ मा फैसला हुँदा "एकभन्दा बढी प्रतिवादी रहेको र प्रत्येकले वनबाट अवैध रूपमा ल्याएको काठको मात्रा र परिमाणका लागि छुट्टाछुट्टै अभियोग लगाएको नभई सबैले ल्याएको काठको कूल परिमाण र बिगो जोड्दा पाँच हजारभन्दा बढी भएको र सोही बिगो र मात्राको आधारमा सामूहिक रूपमा वन ऐन, २०४९को दफा ५०(१)(घ)(४) बमोजिम सजायको दाबी लिइएको अवस्थामा कसुर ठहरी सजाय गर्दा सोहीबमोजिम उक्त सजाय सामूहिकरूपमा नै गरिनु पर्ने भनी सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । प्रस्तुत मुद्दा र उक्त मुद्दाको

तथ्य र कानूनी प्रश्न समान रहेको भई प्रस्तुत मुद्दाको सन्दर्भमा आकृष्ट हुनसक्ने हुँदा प्रत्यर्थी प्रतिवादीहरूलाई भएको कैद र जरिवानाको सजाय दामासाहीले असुल गर्ने गरेको पुनरावेदन अदालतको फैसलालाई समेत अन्यथा भन्न नमिल्ने ।

सिद्धान्ततः ठगी मुद्दाको कसुर सामान्य कानूनको रूपमा प्रचलनमा रहेको मुलुकी ऐन, ठगीको महलअनुसार हुने र प्रस्तुत मुद्दा विशेष ऐन, वन ऐन, २०४९ अन्तर्गतको भएको हुँदा उक्त मुद्दामा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा आकर्षित हुनसक्ने देखिन आएन । अतः माथि विभिन्न प्रकरणहरूमा गरिएको विवेचनासमेतको आधारबाट प्रत्यर्थी प्रतिवादीहरूबाट दामासाहीले कैद जरिवाना असुल गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला नमिलेको भन्ने यस अदालतको पूर्व प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित तथ्य, कानून र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतका प्रमाणका आधारमा प्रत्यर्थी प्रतिवादीहरू अङ्कबहादुर धामी, हर्कबहादुर धामी, महावीर धामी र चक्रबहादुर धामीलाई बरामद भएको काठको परिमाणका आधारमा बिगो कायम गरी वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम कैद वर्ष १ र कायम बिगोको दोब्बर जरिवानासमेत हुने ठहऱ्याई भएको कैद र जरिवाना निजहरूबाट दामासाहीले असुल गर्ने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७१।२।१८ मा भएको फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७३-WH-००४३, बन्दीप्रत्यक्षीकरण, *गणेश दुलाल वि. कारागार कार्यालय, कास्कीसमेत*

तल्लो अदालतबाट भएको फैसलाले कैद लागे पनि तल्लो अदालतको फैसलामा चित्त नबुझे माथिल्लो अदालतबाट पुनरावेदनको रोहमा इन्साफ जाँच गराउने प्रयोजनका लागि मुलुकी ऐन, अ.बं. १९४ नं. अनुसारको सुविधा माग गरी अदालतमा निवेदन दिनसक्ने अधिकार निवेदक प्रतिवादीलाई रहेको देखिन्छ । प्रतिवादीको निवेदन परी कैदमा नबसी पुनरावेदन गर्न अदालतले अ.बं. १९४ नं.को सुविधा दिएमा तल्लो अदालतले लागेको कैदसमेत बापतमा कैदमा नबसी माथिल्लो अदालतमा पुनरावेदन दर्ता हुनसक्ने सुविधा प्रतिवादीलाई रहेको पाइयो । यस्तो सुविधा पाई माथिल्लो अदालतमा पुनरावेदन गरेका व्यक्तिलाई पुनरावेदनको रोहमा माथिल्लो अदालतबाट निर्णय नहुँदै तल्लो अदालतको फैसलाले लागेको कैदबापतमा पक्राउ गरी कारागार पठाउन मिल्ने अधिकार विपक्षी तहसिल शाखासमेतलाई उक्त कानूनले दिएको नदेखिने ।

पुनरावेदन अदालत, पोखराको मिति २०७२।११।२ को आदेशले पुनरावेदन अदालतको फैसलाउपर थुनामा नबसी यस अदालतमा पुनरावेदन गर्न अ.बं.१९४ नं. को सुविधा निवेदकले पाएको अवस्था छ । अदालतबाट भएको आदेशानुसारको तिर्नु बुझाउनु पर्ने दस्तुर धरौट राखी निवेदकले पुनरावेदन अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन दर्ता गरी यस अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा निजलाई पुनरावेदन अदालत, पोखराबाट भएको फैसलाले लागेको कैद जरिवाना असुल गर्न भनी विपक्षी प्रहरी कार्यालयले मिति २०७३।९।२० मा पक्राउ गरी मिति २०७३।९।२१ विपक्षी कास्की जिल्ला अदालतमा उपस्थित गराई अदालतबाट सोही मितिमा कैदीपुर्जी जारी गरी विपक्षी कारागार कार्यालयमा कैदमा राख्न पठाएको कार्य उपर्युक्त कानून मुलुकी ऐन, अ.बं. १९४ नं. र दण्ड सजायको २३ नं. प्रतिकूल रहेको पाइने ।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट निवेदक प्रतिवादीलाई अ.बं.१९४ नं.को सुविधा प्राप्त

भई पुनरावेदनसमेत परिसकेको अवस्थामा फैसला कार्यान्वयनको सिलसिला भनी पक्राउ गरी कारागार कार्यालय, कास्कीमा थुनामा राख्नु भनी विपक्षीमध्येको कास्की जिल्ला अदालतबाट मिति २०७३।९।२१ मा जारी भएको कैदी पुर्जी उक्त अ.बं.१९४ नं. को विपरीत देखिँदा उक्त गैरकानूनी कैदी पुर्जीका आधारमा निवेदकलाई पक्राउ गरी कारागारमा राख्न पठाएको कार्य कानूनअनुरूप नभएकोले सदर कायम रहन नसक्ने हुँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक प्रतिवादी कमलमान गुभाजु थुनामुक्त हुनेसमेत ठहर्ने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ १४ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-१३१५, ०७०-RC-०११५ कर्तव्य ज्यान / जबरजस्ती करणी, *नेपाल सरकार वि. अशोककुमार भण्डारी, नेपाल सरकार वि. अशोककुमार भण्डारी*

प्रस्तुत मुद्दामा प्रतिवादीले वारदातको दिन राती ११ बजे सरीता सुवेदीलाई बालाजु प्रहरी चौकीदेखि माथि सडकको बायाँतर्फको घरको पेटीमा एक्लै बसेको अवस्थामा फेला पारी पुन: आफ्नो बुबासँग नहिँड, नबोल भनेर सम्झाएकोमा तत्काल निजले गाली गलौज गरी ढुङ्गाले हान्न खोजेको अवस्थामा रिस मानी कर्तव्य गर्ने सोच राखी दुवैबीच धकेला धकेल र कुटाकुट गर्दै दीपककृष्ण श्रेष्ठको घरको १० वटा सटरवाला कोठाहरूमध्ये उत्तरबीचको सटर नलगाएको कोठामा लातले हान्दा उत्तानो परिन्, त्यसै समयमा निजले लगाएको कुर्था च्याती दिएँ, टाउको इँटा र सिमेन्टमा ठोक्काई दिएँ। ठोकिएपछि टाउकोबाट रगत आयो । उनले पुनः उठेर मलाई मुक्काले मेरो बायाँ आखीभौँमा हानिन् । बायाँ काँधमा हातले निलो दाग हुने गरी चिथोरेपछि निजको रगत बगिरहेको टाउँकोको कपालमा मैले समाती उत्तानो पारी भुइँमा लडाई इँटा, ढुङ्गा र गिट्टीमा टाउँको ठोक्काई फेरी सुरूवाल र पेन्टी उल्टो पारी खोली सर्वाङ्ग नाङ्गो पारी कोठाबाहिर फालेपछि मृत्यु भयो भनी मौका र अदालतमा कसुर स्वीकार गरेको देखिँदा प्रतिवादी अशोककुमार भण्डारीले सरीता सुवेदीलाई कर्तव्य गरेको कुरा तथ्यगत रूपमा पुष्टि हुन आएकाले थप विवेचना गरिरहन नपर्ने।

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय ३ को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।९।१७ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।१५को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने कानूनी दायित्व वादी नेपाल सरकारको हो। पुनरावेदक वादी नेपाल सरकारले अशोककुमार भण्डारीले मृतक सरीता सुवेदीलाई कर्तव्य गर्नुपूर्व करणी गरेको कुरा प्रमाणित गर्नसकेको छैन । जबरजस्ती करणीतर्फ अनुसन्धान भएको पनि देखिँदैन। घटनास्थल तथा लास जाँच मुचुल्कामा मृत लास निर्वस्त्र नाङ्गो अवस्थामा फेला परेको, शरीरको विभिन्न भागमा घाउ दाग देखिएको भए तापनि मृतकको योनिबाट केही ननिस्किएको भन्ने कुरा उल्लेख भएको छ । मृत लास निर्वस्त्र नाङ्गो देखिएको कुरालाई मात्र जबरजस्ती करणी भएको आधार मान्न मिल्ने देखिएन। लास निर्वस्त्र नाङ्गो देखिएको अवस्थाबाहेक अरू केही आधार देखिएको छैन । प्रतिवादीको हाफपाइन्टको फस्नरको अगाडि जबरजस्ती करणी गरेको देखिने संकेत देखिएको भन्ने जिकिर भए तापनि त्यो केहो भन्ने कुरा खुलेको देखिँदैन। तसर्थ प्रतिवादी अशोककुमार भण्डारीलाई जबरजस्ती करणीको

अभियोगमा सफाइ हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल जेठ २३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-१२७८, लागु औषध (गाँजा), *नेपाल सरकार वि. विष्णु धिताल*

बालबालिकासम्बन्धी ऐन, २०४८ मा भएको व्यवस्थाअनुसार कानूनको विवादमा परेका बालकलाई उमेरका आधारमा सजाय हुने हुँदा उमेरको विवाद आउने हो। सो ऐनले विभिन्न उमेर समूहको आधारमा फरक–फरक सजायको व्यवस्था गरेको देखिन्छ। त्यस्तोबेला अदालतले कसुरको साथै उमेरको विवाद टुङ्गो लगाउनु पर्ने अवस्था आउँछ। नियमावलीमा 'क', 'ख', 'ग' र 'घ' गरी प्राथमिकताक्रम तोकेकोमध्ये पहिले अस्पतालबाट जारी भएको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति खुलेको कागजातलाई आधार मान्ने हो। अस्पतालबाट जारी भएको जन्ममिति खुलेको प्रमाणपत्र नभएमा दोस्रो प्राथमिकतामा रहेको स्थानीय पञ्जिकाधिकारीबाट जारी भएको प्रमाणपत्रको आधारमा बालबालिकाको उमेरसँग सम्बन्धित विवादको निरूपण गर्नुपर्ने।

विवादमा प्रतिवादीले वुद्धशान्ति उच्च मा.वि. पिप्ले ७ चितवनको जन्ममिति प्रमाणित सम्बन्धको पत्र र स्थानीय पञ्जिकाधिकारीको कार्यालय, कानपुर कालापानी काभ्रेपलाञ्चोकको जन्म दर्ताको प्रमाणपत्र पेस गरेको देखिन्छ। वुद्धशान्ति उच्च मा.वि.को मिति २०६९।५।१८ र कानपुर कालापानी काभ्रेपलाञ्चोकको जन्मदर्ताको प्रमाणपत्रमा विष्णु धितालको जन्ममिति २०५५।३।१० भन्ने लेखिएको छ। उक्त जन्ममिति खुलेको कागजातलाई बालन्याय (कार्यविधि) नियमावली, २०६३को नियम १५(क) मा उल्लिखित व्यवस्थाअनुसार प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिने।

अतः बालबालिकासम्बन्धी ऐन, २०४८को दण्ड ११ को उपदफा (३) ले १४-१६ वर्ष उमेर समूहका बालकले कुनै अपराध गरे निजलाई उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने व्यवस्था गरेको र बालन्याय (कार्यविधि) नियमावली, २०६३ बालबालिकासम्बन्धी ऐन, २०४८ को उद्देश्य पूर्ति गर्ने उद्देश्यले निर्माण भएको अवस्थालाई हृदयगम गर्दा प्रतिवादी विष्णु धिताललाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को उपदफा (३) बमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (क) को कसुरमा ऐ.को दफा १४ को उपदफा (१) को खण्ड (घ) को देहाय ५ अनुसार ठहर भएको सजायको आधा सजाय अर्थात् २ वर्ष ६ महिना कैद सजाय र १०,०००।– रूपैयाँ जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।६।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-००१५, कर्तव्य ज्यान, *गगनलाल सन्यासी वि. नेपाल सरकार*

प्रतिवादी आवेशमा आई भोपाल गिरीलाई एकपटक प्रहार गरेको नभई प्रतिवादीले पटकपटक प्रहार गरेको देखिन्छ। त्यसरी कुटपिट गर्दा भोपाल गिरीले प्रतिवाद र रोइकराई गर्दा पनि कुनै कुरा नसुनी ढुङ्गाले एकोहोरो रूपमा टाउकोजस्तो संवेदनशील अङ्ग र शरीरका अन्य भागमा कुटपिट गरेको देखिँदा मनसाय तत्त्व थप पुष्टि भएको र ढुङ्गाले टाउकोलगायतका अङ्गमा पटकपटक प्रहार गर्दा मानिस मर्नसक्छ भन्ने सामान्य समझ वा ज्ञान प्रतिवादीले राख्नु पर्नेमा त्यस्तो कुनै संवेदनशीलतासमेत देखिँदैन। "चोट

एकपटक मात्र नभई धेरै पटक हुनुको साथै शरीरको अन्य भागमा निलडामसमेतका चोटहरू देखिएको हुँदा प्रतिवादीले आवेशमा आई प्रहार गरेको भन्ने प्रस्तुत कसुरमा ज्यानसम्बन्धीको १४ नं. आकर्षित हुने अवस्था नदेखिने" भनी (ने.का.प. २०५९, अङ्क ७, ८, नि.नं. ७११८, पृष्ठ ५०१ काजीमान लिम्बूको जाहेरीले श्री ५ को सरकार विरूद्ध विदुर लामासमेत भएको मुद्दा कर्तव्य ज्यान) सिद्धान्त प्रतिपादन भएकोसमेत देखिन्छ। वस्तुत: मृतक नमरेसम्म लगातार कुटपिट गर्ने प्रतिवादीको कार्यले मार्ने कार्य प्रभावकारी रूपमा सम्पन्न गर्न चाहेको देखिएको, The choice theory centres on an argument that people are responsible for the things they chose to do. People should be guilty of a crime only if they chose effectively to do the actus reus."…If it was the defendant's purpose to cause a result or the defendant wanted the result to occure in order to achieve his purpose then he intended it. We called this the 'core meaning of intention'" भन्ने सिद्धान्त रहेको र मृतकको मृत्यु भइसकेपछि मृतकको लासलाई बदाम बारी हुँदै तान्दै, घिसार्दै कापडी खोलामा बगाएको घटनाक्रमसमेतले लास दबाउनेसमेतको उद्देश्य रहेको एवम् जानीजानी मार्ने उद्देश्यले मृतकउपर पटकपटक प्रहार गरी इच्छित परिणाम सम्पन्न गरेबाट प्रतिवादीको कार्य ज्यान सम्बन्धिको १४ नं. बमोजिमको अवस्था विद्यमानता देखिन नआउने।

अदालतसमक्षको बयानमा प्रतिवादीले मृतकलाई ढुङ्गाले कुटपिट गर्दा मृतकले गरेको कुनै कुरा नसुनी ढुङ्गाले मृतकको टाउकोसमेतमा पटकपटक हिर्काउँदै गर्दा मृत्यु भइसकेकोले मृतकलाई घिसार्दै लगी खोलाको पानीमा बगाएको भन्ने देखिँदा मृतकको रोदनयुक्त कुरा नसुनी मृतकलाई पटकपटक संवेदनशील अङ्ग टाउकोमा हिर्काई मारेको देखिनुका अतिरिक्त सो तथ्यले मृतकउपर लामो समयसम्म कुटपिट गर्दाको अन्तरालमा प्रतिवादीको व्यवहारमा कुनै दयाभाव वा संवेदनशीलता नआई अपराधको गर्दाको सुरूदेखि अन्त्यसम्म एउटै मार्ने उद्देश्य मात्र देखिएको छ। साथै मृतक नमरेसम्म प्रतिवादीले गरेको व्यवहार जघन्य देखिँदा प्रतिवादीको व्यवहार blameworthy देखिई रहेकोले intended death or an intention to cause grievous bodily harm भन्ने मान्यतालाई स्वीकार गर्नुपर्ने अवस्थासमेत देखिन जाने।

तसर्थ डोटी जिल्ला अदालतबाट प्रतिवादी गगनलाल सन्यासीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने गरेको मिति २०६९।९।२५को फैसला नमिलेको भनी केही उल्टी गरी अभियोग दाबीबमोजिम निज प्रतिवादी गगनलाल सन्यासीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, दिपायलको मिति २०७०।८।११को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल असार १७ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-१२९१, जबरजस्ती करणी, *हर्कबहादुर गुरूङ वि. नेपाल सरकार*

पीडितको भनाई र पीडितको दाजु चश्मदिद गवाह दीपक बानियाँले लेखाइदिएको घटनास्थल विवरण कागज, जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, स्वास्थ्य परीक्षण प्रतिवेदन र अभियुक्तको बयानसमेतको आधारमा पुनरावेदक प्रतिवादी निर्दोष मान्न मिल्ने अवस्था नदेखिने।

४ वर्षकी पीडित नाबालिकालाई टफी दिन्छु भनी प्रतिवादी हर्कबहादुर गुरूङले ललाई फकाई आफ्नो काखमा राखी पीडितकै घरभित्र लगी

पीडितको मलद्वारमा जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोले सुरू कञ्चनपुर जिल्ला अदालतबाट प्रतिवादी हर्कबहादुर गुरूङलाई अभियोग मागदाबीअनुसार पीडितलाई जबरजस्ती करणी गरेको ठहऱ्याई जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र मलद्वारमा समेत अप्राकृतिक मैथुन गरेको ठहऱ्याई सोही महलको ९ क नं. बमोजिम थप १ वर्ष कैद हुने र पीडितलाई प्रतिवादीबाट सोही महलको १० नं. बमोजिम रू.३५,०००।– क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याई कञ्चनपुर जिल्ला अदालतको फैसला सदर ठहर गर्ने गरी पुनरावेदन अदालत, कञ्चनपुरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिँदा सदर हुने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असार २० गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CR-०१५९, ०२२४, लागु औषध, *अनुज उदास वि. नेपाल सरकार, विक्रम श्रेष्ठ वि. नेपाल सरकार*

लागु औषधसम्बन्धी अपराध निरपेक्ष दायित्वअन्तर्गतको अपराध भएको हुनाले जसबाट लागु औषध बरामद भएको छ, निजले सो लागु औषध कानूनबमोजिम प्राप्त गर्न वा राख्न पाउने हो भनी तथ्ययुक्तरूपमा प्रमाणित गर्न नसकेमा सोबाट सिर्जित दायित्वबाट उन्मुक्ति पाउनसक्ने अवस्था हुँदैन। आफ्नो साथबाट ५५ ग्राम लागु औषध बरामद नभएको र आफू निर्दोष रहेको भए सोअनुसार आफ्नो निर्दोषिता प्रमाणित गर्ने अभिभारा प्रतिवादीले लिनुपर्दछ । हामी सेवनकर्ता मात्र हौं भनेर मात्र पुग्दैन । सोको तथ्ययुक्त प्रमाण पेस गरी आफ्नो निर्दोषिता साबित गर्नुपर्ने हुन्छ । प्रतिवादीहरूको भनाई केवल हामीहरूबाट ५५ ग्राम लागु औषध बरामद भएको होइन भन्ने बयान बेहोराबाहेक तथ्ययुक्त प्रमाण प्रस्तुत गरी आफू निर्दोष रहेको कुरा प्रमाणित गर्नसकेको नपाइने । अदालतको बयानमा तथ्यमा साबित भएकै देखिन्छ । मात्राको हकमा ५५ ग्राम बरामद भएको होइन भने पनि तथ्ययुक्त तरिकाबाट आफ्नो भनाईलाई समर्थन हुने र आरोपित कसुरलाई खण्डन हुने गरी बयान गर्नसकेको देखिँदैन। लागु औषधको परीक्षक तथा प्रतिवेदकहरूले अदालतमा उपस्थित भई गरेको बकपत्रमा बरामदी मुचुल्कालाई समर्थन हुने गरी बकपत्र गरेको देखिँदा निज प्रतिवादीहरू अनुज उदास र विक्रम श्रेष्ठबाट ५५ ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको पुष्टि हुन आउने।

लागु औषध खैरो हिरोइन सेवन गर्ने काममा दुवै जना प्रतिवादीहरू साबित रहेका र बरामदित ५५ ग्राम लागु औषध केवल सेवनका लागि झोलामा राखी सँगै बसेका रहेछन् भनी अर्थ गर्न सकिने अवस्था छैन । निजहरूको साथबाट ५ थान मोबाइल सेट र रू.२०,८००।- नगदसमेत बरामद भएको भन्ने मिसिलबाट देखिन आएकोले लागु औषधको बिक्रीबाट रकम असुल हुन नसकेमा आफूले मोबाइलसमेत लिने गर्दा रहेछन् भन्ने कुरा ५ थान मोबाइलसमेत बरामद भएको परिस्थितिबाट पुष्टि हुन आउने।

माथि विश्लेषण गरिएका आधार र कारणहरूबाट प्रतिवादी विक्रम श्रेष्ठ तथा अनुज उदासलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४को खण्ड (छ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१) (६)(२) बमोजिम जनही दश वर्ष कैद र एक लाख पचास हजार रूपैयाँ जरिवाना हुने ठहऱ्याई मिति २०६८।०३।२६ मा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१०।१७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

इति संवत् २०७१ साल चैत १६गते रोज २ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-००९५, कर्तव्य ज्यान, *गोविन्दबहादुर क्षेत्री वि. नेपाल सरकार*

प्रतिवादीको अदालतमा भएको बयानमा मिति २०६९।११।२५ गते अन्दाजी ६:३० बजेको समयमा गोठतर्फ दाउरा लिन जाँदा मादक पदार्थ सेवन गरेको कारण अन्दाजी १०/१२ फिट तल गोठको करेसामा ढलिन्, तत्काल गई उठाएर ल्याई विस्तरामा सुताएको हुँ, मादक पदार्थको मातमा ३०/३५ घण्टा सुतिरहेकी होलिन् भन्ने सोचेँ, भोलिपल्ट मिति २०६९।११।२६ गते दिनको ३:३० बजे हेर्दा मरेको अनुमान गरी अझै पनि के कसो हो पक्का गरी दाजुभाइ छोरालाई बोलाउँला भनी बसेकोमा अन्दाजी ५:०० बजे प्रहरी चौकी फलेवासबाट प्रहरी आई मलाई पक्राउ गरेका हुन्, अनुसन्धानमा भएको बयान राजीखुसीले गरेको होइन भनी बयान गरेको देखियो । उपर्युक्त लास जाँच तथा घटनास्थल मुचुल्का, शव परीक्षण प्रतिवेदन एवम् आफ्नो घरमा मृतकको मृत्यु भएको भन्ने प्रतिवादीको अदालतमा भएको बयानसमेतबाट मृतकको मृत्यु भएको वारदात पुष्टि हुन आउने ।

मृतकलाई १० वर्ष कैद मात्र गर्न पुनरावेदन अदालत, बागलुङले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम लगाएको राय सम्बन्धमा हेर्दा प्रतिवादी र मृतक श्रीमान् श्रीमती रहेका छन् । निजहरूबाट छोरा सन्तानको जायजन्म भएको स्थिति छ । मृतकले सधैँ मादक पदार्थ सेवन गरी एउटी श्रीमती र आमाको रूपमा घरमा भूमिका ननिभाएको तथ्य पनि देखिएको छ । प्रतिवादीको मार्नुपर्नेसम्मको मृतकसँग कुनै रिसइवी देखिँदैन । घातक हतियारले हानेको अवस्था पनि छैन । मृतकले मादक पदार्थ सेवन गरेर गालीगलौज गरेको कारण कुटपिट गरी तत्पश्चात् तत्कालै खोजखबर नगरेको कारण मृतकको मृत्यु भएको देखिएकाले प्रस्तुत वारदात मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. सँग मिल्दोजुल्दो देखिन आउँछ । प्रतिवादीले कुटपिट गरेपछि उपचार गर्नेतर्फ प्रयास नगरेको, छरछिमेकमा हारगुहार नगरेको र २०/२२ घन्टापश्चात् प्रहरीले सूचना पाएपछि मात्र मृतकको मृत्यु भएको यथार्थता बाहिर आएको जस्ता प्रतिवादीका लापरवाहीपूर्ण कार्यले गर्दा यहाँ मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय ३ नं. अनुसार प्रतिवादीलाई सजाय गर्नु परेको हो । मृतकको दिनदिनै मादक पदार्थ सेवन गर्ने आदतबाट वाक्कदिक्क भएको कारण प्रतिवादीको मनस्थितिमा विचलन आई सामान्य किसिमले कुटपिट गर्दा मृतकको मृत्यु भएको अवस्थालाई विचार गर्दा पुनरावेदक प्रतिवादी गोविन्दबहादुर क्षेत्रीलाई ऐनबमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भनी १० (दश) वर्ष मात्र कैद सजाय गर्ने गरी पुनरावेदन अदालत, बागलुङबाट लगाएको रायसमेत सदर हुने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६ नं.को देहाय २ बमोजिम २(दुई) वर्ष कैद र रू. ५००।– (पाँच सय) जरिवाना हुने गरी भएको सुरू पर्वत जिल्ला अदालतको मिति २०७०।१०।९ को फैसला उल्टी गरी पुनरावेदक प्रतिवादी गोविन्दबहादुर क्षेत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं.को देहाय ३ नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने राय जाहेर गरी पुनरावेदन अदालत, बागलुङबाट मिति २०७१।३।९ मा भएको रायसहितको फैसला सदर हुने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल जेठ १८ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०४९५, निर्णय एवम् कित्ताकाट बदर, *ईश्वर नेपाल वि. दलकुमारी आलेसमेत*

कि.नं. ११ को जग्गा सार्वजनिक प्रकृतिको भएकोले उक्त जग्गा सुकुम्बासी समस्या समाधान आयोगबाट वितरण गर्न मिल्ने होइन भन्ने मुख्य दाबी रहेको पाइन्छ । कि.नं. ११ को जग्गा सर्वशान्ति उच्च मा.वि.ले उपयोग गरी आएको जग्गा हो भन्ने वादी दाबी देखिए पनि उक्त विद्यालयले सो जग्गामा दाबी गरी नालिस गरेको देखिएको छैन । फिरादमै दाबीको जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा रहेको खोल्सी जनिई दर्ता भएको जग्गा हो भनी स्वीकार गरेको देखिन्छ । यसरी नेपाल सरकारकै नाममा दर्ता रहेको जग्गालाई सार्वजनिक जग्गा भन्न मिलेन । त्यस्तो सरकारी जग्गालाई सरकारले उचित आवश्यकताअनुसार व्यवस्थापन गर्नसक्ने ।

सरकारद्वारा गठित सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति चितवनको मिति २०५५।९।६ को निर्णयबाट दाबीका जग्गालगायत अन्य जग्गासमेत वितरण गरेको भन्ने देखिन्छ । उक्त निर्णयबाट कित्ताकाट गरी सम्बन्धित व्यक्तिले भोगचलन तथा घर लगायतका संरचना निर्माणको कार्य गरेपछि सो निर्णय भएको मितिले १४ वर्षपछि मात्र मिति २०६९।३।५ मा फिराद परेको देखिन्छ । यसरी सरकारद्वारा गठित अधिकार सम्पन्न निकायबाट दाबीको सरकारी सम्पत्ति प्रतिवादीहरूको नाममा कित्ताकाट गर्नेलगायतका निर्णय बदर हुनुपर्ने अवस्थाको विद्यमानता देखिन नआएकोले उक्त निर्णयसमेत बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः सुरू चितवन जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।३।०९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७३ साल पुस ३ गते रोज १ शुभम् ।

- ०७१-CI-०४९६, सार्वजनिक जग्गामा बनेको घर भत्काइपाउँ, *ईश्वर नेपाल वि.* सन्तबहादुर *आलेसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-१२५३, जबरजस्ती करणी, शिव रिजाल वि. नेपाल सरकार

पीडित १० वर्षकी देखिन्छ भने स्नेहा रिजालको उमेर पनि समान रहेको भन्ने कुरा स्नेहा रिजालको भनाई र पुनरावेदक प्रतिवादीको बयानबाट देखिएको छ । १० वर्षकी पीडित बालिकाले नभए नगरेको कुरा स्नेहा रिजाललाई भनेको होला भन्न सकिँदैन । त्यसैगरी स्नेहा रिजालले पनि मौकामा पीडितले भनेको कुरा लेखाएको देखिन्छ । बाल बोली सत्यतामा नै आधारित हुन्छ । किनभने बालबालिकाहरूले कसैले गरेको स्वाभाविक र अस्वाभाविक क्रिया एवम् भनाई जस्ताको तस्तै भन्छन् । उनीहरूले कसैलाई बचावट गर्ने गरी नभए नगरेका कुरा अभिव्यक्त गर्छन् भन्ने कुरा विश्वासलायक हुँदैन । त्यसैले पुनरावेदक प्रतिवादीले पीडितको संवेदनशील अंग सुमसुमाएको, खेलाएको, भित्री पोशाक खोलेको, यौनसम्बन्धी अंग लिङ्ग निकाली छुन, समात्न, खेलाउन लगाएको, अश्लिल प्रकृतिका तस्वीर, चित्र र ब्लु फिल्म देखाई अस्वाभाविक व्यवहार गरेको तथ्य समर्थित हुन आउने ।

पुनरावेदक प्रतिवादीले यौनसम्बन्धी ज्ञान नभएकी पीडितको संवेदनशील अङ्ग छुने, सुम्सुम्याउने, भित्री पोसाक खोली योनिमा औँला छिराई घोच्ने, साथै मोबाइलबाट अश्लिल चित्र, तस्वीर, फिल्म देखाउने, यौनसम्बन्धी लिङ्ग निकाली पीडितलाई छुन, खेलाउन लगाउने कार्य गरेको जस्ता तथ्य स्थापित हुन आएको छ । उक्त तथ्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं.मा वर्णित कानूनी व्यवस्थासँग नमिली आशय करणीको १ नं.मा वर्णित कानूनी व्यवस्थासँग सामाञ्जस्यता भई तथ्यगत रूपमा मिलेकोले पुनरावेदक

प्रतिवादीले पीडितलाई अस्वाभाविक व्यवहार गरी करणीको आशयले यौन दुर्व्यवहार गरेको पुष्टि हुन आउने।

अतः ललितपुर जिल्ला अदालतले पुनरावेदक प्रतिवादीलाई जबरजस्ती करणीको महलको ५ नं. को कसुरमा ऐ. ३ नं.को देहाय २ बमोजिम हुने ८ वर्ष कैद सजायको आधा ४ वर्ष कैद सजाय हुने ठहर गरेको फैसला पुनरावेदन अदालत, पाटनबाट सदर भएको मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। सो ठहर्नाले पुनरावेदक प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको उद्योग गरेको अभियोग दाबीबाट सफाइ पाउने र आशय करणीमा परिणत हुने ठहर्छ। अब सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ को कानूनी व्यवस्थाबमोजिम सरोकारवाला पीडितलाई झिकाई निजले मुद्दा सकार गरेमा वादी कायम गरी प्रचलित कानूनबमोजिम आशय करणीतर्फ कारवाही चलाउनेसमेत ठहर्ने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन ५ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CI-०४३५, अंश दर्ता, मनोजकुमार गुप्ता *वि. विश्वनाथ साह कानू*

कि.नं. २८७ को जग्गा यी पुनरावेदक प्रतिवादीको नाममा हालैको बकसपत्रबाट प्राप्त भएको तथ्यमा विवाद देखिएन । उल्लिखित र.नं. २४६७ बाट पारित जग्गा मुलुकी ऐन, सातौँ संशोधन मिति २०३४।९।२७ भन्दा पछाडिको हालैको बकसपत्रको लिखतमार्फत मिति २०३६।११।१३ मा प्रतिवादीले आफ्नो नाममा कायम गरेको देखिँदा सो जग्गाबाट वादीले अंश पाउने भन्न कानूनसम्मत नदेखिने।

मिसिल संलग्न मिति २०४८।८।३ मा पारित लिखतबाट सो जग्गा विजयविक्रम शाहबाट हालैको बकसपत्रको लिखतमार्फत पुनरावेदक प्रतिवादीको छोरा मनोजकुमार गुप्ताको नाममा आएको देखिँदा र.नं. २४६७, मिति २०३६।११।१३ मा पारित लिखतको सम्बन्धमा उल्लेख भएअनुसार प्रस्तुत कि.नं. ३३० र ३३१ को जग्गाबाट पनि वादीले अंश पाउने अवस्था नदेखिने।

मिति २०४०।४।१६, र.नं. २४६बाट पारित भएको जग्गा मिति २०४०।४।१६ मा पारित भएको भए तापनि मिति २०३४।९।२३ मा भएको घरसारको लिखतको आधारमा प्राविधिक रूपमा पछि पारित भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिँदा मुलुकी ऐन, सातौँ संशोधनभन्दा अगाडिको लिखतबाट प्रतिवादीको नाममा आएको जग्गाबाट वादीलाई बन्डा नलाग्ने भन्न कानूनसम्मत हुने नदेखिने।

अंशियारबीच बन्डा नलाग्नको लागि कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट कुनै सम्पत्ति आर्जन गरेको देखिने प्रमाण हुनुपर्दछ । यी पुनरावेदकले आफ्नो कुन ज्ञान वा सीप वा प्रयासबाट उक्त जग्गा खरिद गरेको भन्ने देखाउन सकेको पाइँदैन। निजी आर्जनको कमाई हो भन्ने पक्का प्रमाणको अभावमा सगोलमा रहँदा नै आर्जन गरेको सम्पत्तिबाट सगोलका अंशियारले अंश नपाउने भन्न नमिल्ने।

एकासगोलको अंशियारमा जसको नाममा रहेको सम्पत्ति भए पनि अन्यथा प्रमाणित नभएसम्म सगोलको मान्नु पर्ने प्रमाण ऐन, २०३१को दफा ६ (क) ले प्रस्ट गरेकोमा अन्यथा प्रमाणित गर्नुपर्ने कर्तव्य प्रतिवादीको हुने।

अंशबन्डाको महलको १८ नं.ले निजी ठहर्ने र ऐ.को १९ नं. ले आफ्नो पालामा आर्जेको आफूखुसी गर्न पाउने अवस्थामा बाहेकसँग बसेको अंशियारको सगोलको आर्जनमा सबै अंशियारको भाग लाग्ने हुँदा पुनरावेदन अदालतबाट मिति २०४४।३।२८, र.नं. ४४८१ बाट प्रतिवादीले प्राप्त गरेको जग्गा वादीलाई भाग लाग्ने कुरा यस अदालतबाट ने.का.प. २०५३,

अङ्क ५, निर्णय नं. ६१९४ र ने.का.प. २०५४, अङ्क १, निर्णय नं. ६३०३ मा प्रतिपादित सिद्धान्तले समेत समर्थन गरेको अवस्थामा सो हदसम्म पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको देखिएन । अतः मिति २०४०।४।१६, र.नं. २४६ बाट पारित भएको जग्गा र मिति २०४४।३।२८, र.नं. ४४८१ बाट नगर विकास समिति वीरगञ्जबाट प्राप्त जग्गाबाट वादीले २ भागको १ भाग पाउने गरी पुनरावेदन अदालत, हेटौंडाको मिति २०६०।५।३० को फैसला सो हदसम्म केही उल्टी हुने ठहर्छ । मिति २०४०।४।१६, र.नं. २४६ बाट पारित भएको जग्गा र मिति २०४४।३।२८, र.नं.४४८१ बाट पारित लिखतबाट प्राप्त भएको जग्गामा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल वैशाख ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-१३४२, परमादेश, *डा. दीपेन्द्र श्रेष्ठसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत*

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलाई एउटा प्राज्ञिक संस्था (Academic Institution) को रूपमा विकास गर्ने ऐनको मनसाय रहेको पाइन्छ । यसरी खडा गरिएको प्रतिष्ठानको आवश्यकताअनुसार Faculty व्यवस्था गरिनु वाञ्छनीय देखिन्छ । तर हालसम्म प्रतिष्ठानमा Tutor को व्यवस्थासम्म गरिएको, Faculty को कार्य आमन्त्रित प्रशिक्षकबाट गराउने गरिएको, चिकित्सकलाई प्राध्यापनको काममा लगाएको, तर प्राध्यापकको रूपमा नियुक्त भने नगरिएको अवस्था छ भन्नेसमेतका जिकिरहरू प्रस्तुत हुन आएको पाइयो । प्रतिष्ठानसम्बन्धी ऐन, जारी भएको दश वर्ष व्यतित भइसक्दा पनि प्रतिष्ठानमा आवश्यक हुने आधारभूत Faculty विकास गरिएको नदेखिएबाट ऐनको प्रभावकारी कार्यान्वयनमा वाञ्छित सक्रियता अपनाएको अवस्था देखिन नआउने ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको काम कारवाही र सुसञ्चालन गर्ने कुरा आम मानिसको स्वास्थ्यसँग सम्बन्धित संवेदनशील विषय देखिन्छ । जनस्वास्थ्यसम्बन्धी महत्त्वपूर्ण विषय भएकोले चिकित्सा शिक्षा तथा चिकित्सा सेवा दुवै पक्षमा गुणस्तरीयता र सक्षमता कायम गरिनु वाञ्छनीय छ । व्यवस्थापनसम्बन्धी व्यावहारिक सुविधा वा असुविधालाई अगाडि सारेर चिकित्सा शिक्षा र सेवामा सक्षमता तथा गुणस्तरीयता कायम गराउने दायित्वबाट पन्छिन मिल्दैन । मानिसको बाँच्न पाउने हकसँग सम्बन्धित विषय भएकाले चिकित्सा विज्ञानसम्बन्धी अध्ययन, अध्यापन गर्दा गराउँदा निश्चित मापदण्ड पूरा गर्नु अनिवार्य देखिन्छ । यो गरे पनि हुने, नगरे पनि हुने कामचलाउ प्रकृतिको र औपचारिकता निर्वाह गर्ने विषय नहुने ।

चिकित्सा विज्ञान अध्ययन तथा चिकित्सकीय सेवा प्रदानसमेतका कार्यका लागि स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गरी उच्चतम् स्तरीय सेवा प्रदान गर्न स्वायत्तता प्रदान गर्ने अभिप्रायले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, जारी भएको देखिन्छ । उक्त ऐनअन्तर्गत केही नियमावलीहरू समेत बनेका छन् । यसरी बनेका नियमावलीहरूमा केही अव्यवहारिक र प्रयोग गर्न प्रस्ट हुन नसकेका प्रावधानसमेत रहेको देखिएको छ । यस्ता समग्र विषयमा नीतिगत स्पष्टता कायम गरी कानूनी सुधार प्रक्रिया अगाडि बढाउन आवश्यक देखिन्छ । यसैगरी बनेका ऐन, नियमलाई उद्देश्यमूलक तवरबाट प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउनु पर्ने अर्को महत्त्वपूर्ण पक्ष रहेको छ । कानूनको निर्माण भएपछि त्यसको प्रभावकारी कार्यान्वयन हुनु नै पर्ने ।

व्यवस्थापनसम्बन्धी कठिनाई देखाएर कानून कार्यान्वयन हुन नसकेको कुराको औचित्य पुष्टि हुन सक्तैन । कानून निर्माण हुने तर कार्यान्वयन नगरिने अवस्था देखा पर्‍यो भने त्यसबाट कानूनपरायणताको संस्कार निर्माण नहुने, कानूनलाई छल्ने प्रवृत्ति बढ्न जाने र कानूनको शासन कमजोर बन्ने खतरा रहन्छ । यो अवस्था निश्चय नै शोभनीय हुँदैन । त्यसैले पनि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ र सो ऐनअन्तर्गत बनेका विभिन्न नियमावलीहरूमा रहेका कमीकमजोरीमा सुधार गरी कार्यान्वयनमा प्रभावकारिता सुनिश्चित गरिनु आवश्यक देखिने।

निवेदकहरूले विभिन्न प्रश्नहरू उठाई "परमादेशलगायत अन्य उपयुक्त आदेश" जारी होस् भनी माग गरेको देखिन्छ । यसरी उठाइएका प्रश्नहरूमध्ये उपदानको भुक्तानी तथा अस्थायी वा करार सेवामा रहेको अवधिको गणनासम्बन्धी प्रश्न उठाएको भए पनि कोही कसैलाई त्यस प्रकारको सुविधाबाट वञ्चित गरिएको दृष्टान्त प्रस्तुत हुन आएको पाइएन । उल्लिखित सुविधा नियमअनुसार प्रदान गरी आएको भनी विपक्षीहरूबाट जिकिर प्रस्तुत हुन आएको देखिन्छ । तसर्थ उपदान र करार वा अस्थायी सेवा अवधि गणना गर्ने सम्बन्धमा कुनै प्रकारको रिट आदेश जारी गर्नुपर्ने औचित्य देखिन नआउने।

निवेदन बेहोरालाई समग्रमा दृष्टिगत गर्दा सारतः नीतिगत विषयको प्रश्न उठाएको पाइयो । निवेदकहरूमध्ये कसैको कानूनप्रदत्त हकमा आघात पुग्ने गरी कुनै कार्य भएको भन्ने निश्चित जिकिर प्रस्तुत हुन आएको देखिएन । बढुवाका सर्तहरूको व्यवस्था, प्रतिष्ठानको Faculty विकास, सेवाका सर्त र सुविधाको व्यवस्थालगायतका जनशक्ति व्यवस्थापनसम्बन्धी कुराहरूमा गरिनुपर्ने सुधारका विषयमा प्रश्न उठाइएको अवस्था देखिन्छ । यसप्रकारको नीतिगत व्यवस्थापनको विषयमा परमादेशको आदेश जारी गरी निवेदकहरूको कुनै प्रकारको हकको प्रचलन गराउन पर्ने अवस्था नदेखिएकाले निवेदन मागबमोजिम परमादेश जारी गर्नु मनासिब नदेखिने।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानसम्बन्धी नियमावलीहरूमा रहेका अनुपयुक्त, असङ्गत र अव्यावहारिक प्रावधानहरूमा सुधार वा परिमार्जन (संशोधन) गरी प्रतिष्ठानसम्बन्धी ऐन, नियममा रहेका समग्र प्रावधानहरूको कार्यान्वयन प्रभावकारी रूपमा हुने व्यवस्था मिलाउन र चिकित्सा विज्ञानको अध्ययन अध्यापन गर्ने गराउने कुरालाई तदर्थवादी (adhocism) शैलीमा नभएर आम मानिसको स्वास्थ्य र बाँच्न पाउने अधिकारको संरक्षण गर्ने राज्यको दायित्वप्रति संवेदनशील र उत्तरदायी भएर आवश्यक, उपयुक्त र भरपर्दो व्यवस्था अविलम्ब मिलाउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने । इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-WO-०६७२, उत्प्रेषण / परमादेश, *लिलाराज खनाल वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

निवेदकलाई २ वर्षको लागि २०७१।६।१३ गते नियुक्ति गर्ने गरी मन्त्रिपरिषद्को निर्णय भएकोमा निजको नियुक्तिको निर्णयबमोजिम सोही निर्णयलाई यथावत् कायम राखिएमा पनि हाल प्रस्तुत रिटमा फैसला हुँदाको मितिसम्म निजको २ वर्षको कार्यावधिसमेत समाप्त भइसक्ने अवस्था देखिन्छ। यसप्रकार हाल निज रिट निवेदकको हुनसक्ने २ वर्षको कार्यकाल नै समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल भदौ ४ गते १ रोज शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१५१, *कर्तव्य ज्यान*, *नेपाल सरकार वि. राम धिरज यादवसमेत*

त्रिभुवन यादव प्रतिवादी रामधिरज यादवको भान्जा नाता पर्ने भन्ने मिसिलबाट खुल्न आएको परिप्रेक्ष्यमा भान्जाको ज्यानै मार्ने मनसाय र योजना यी प्रतिवादीको रहेको भन्ने कुरा वस्तुनिष्ठ प्रमाणबाट खुल्न नआएसम्म निजलाई मुख्य अभियुक्तसरह कर्तव्य ज्यानको दोषी ठहर गर्नु न्यायोचित हुँदैन । तथापि यी प्रतिवादी रामधिरजले निज त्रिभुवन यादवलाई निजको घरबाटै बोलाएर ल्याई प्रतिवादीहरू अम्बरबहादुर, पारसनाथ तथा अशोक यादवको जिम्मा लगाएपछि निजहरूले गरेको कुटपिटलाई रोक्ने कार्य नगरी रमिते बनी हेरी बसेको भन्ने देखिएको हुँदा निजका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ६ महिना कैद हुने ठहऱ्याएको फैसला मिलेको देखिने।

जाहेरी दरखास्त, कसुर ठहर भएका प्रतिवादी रामधिरज यादवको अदालतसमक्षको बयान एवम् मौकामा कागज गर्ने व्यक्तिहरू तथा प्रत्यक्षदर्शी आशाराम यादवको अदालतसमक्षको भनाइसमेतबाट यी प्रतिवादीहरू अम्वरबहादुर यादव र पारसनाथ यादवले निज त्रिभुवन यादवलाई अत्यन्त क्रूर, अमानवीय एवम् बर्बर ढंगले शरीरको यत्रतत्र सबै भागमा प्रहार गरी कुटपिट गरेको भन्ने देखिन्छ । यस्तो बर्बरता र जङ्गलीपन देखाई कुटपिट गरेको र सोही कारणबाट निजको मृत्यु भएको भन्ने कुरा पुष्टि भइरहेको सन्दर्भमा प्रतिवादीहरूलाई मार्ने संयोग पारी दिएकोसम्म कसुर ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(२) नं. बमोजिम कसुर ठहर गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने।

प्रतिवादीहरू अशोककुमार यादव, पारसनाथ यादव र अम्बरबहादुर यादवले लाठी, लात, मुक्काले निर्ममतापूर्वक कुटपिट गरेको भन्ने तथ्य सम्बन्धमा माथिको प्रकरणहरूमा विवेचना भइसकेको छ । शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण physical assault and traumatic shock भनी उल्लेख भएको र प्रतिवादीहरूको सामूहिक आक्रमणका कारण निज त्रिभुवन यादव तत्काल बेहोस भएको भन्ने देखिन आएको हुँदा निज प्रतिवादी अशोककुमार यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

तसर्थ प्रतिवादी रामधिरज यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ६ महिना कैद गर्ने ठहऱ्याएको दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६५।४।२७को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।११।१ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरू अशोककुमार यादव, पारसनाथ यादव र अम्बरबहादुर यादवको कुटपिटको कारणबाट निज त्रिभुवन यादवको मृत्यु भएको र यो यसकै प्रहार चोटबाट मृत्यु भएको भन्ने कुरा पुष्टि हुन नआएको हुँदा प्रतिवादीहरू पारसनाथ यादव र अम्बरबहादुर यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुर ठहऱ्याई सजाय गरेको फैसला उल्टी भई निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद हुने।

प्रतिवादीहरू पारसनाथ यादव र अम्बरबहादुर यादवलाई जन्मकैदको सजाय हुने ठहरे पनि त्रिभुवन यादवलाई मार्नुपर्ने रिसइवी, मार्ने पूर्वयोजना, मनसाय रहेको भन्ने मिसिलबाट खुल्न नआएको, घातक र धारिलो हतियारको प्रयोग नभएको, गाउँकै हनुमान यादवको भैंसीलाई करणी गरेको विषयमा भएको विवादका कारण

मिति २०६१।६।१३ मा गरेको कुटपिटको चोट प्रहारबाट घाइते भई ऐ. २० मा मरेको भन्ने देखिएकोले हदैसम्म सजाय गर्दा न्यायोचित नहुने हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम जनही १० वर्ष कैद हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल मङसिर १४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०६७५, उत्प्रेषण / परमादेश, *चिरीकाजी शाक्य वि. तहसिलदार, ललितपुर जिल्ला अदालत, तहसिल शाखासमेत*

निवेदक स्वयम्ले जिल्ला अदालतबाट फैसला कार्यान्वयनको कारवाही चलिरहँदा घर खाली गर्न २ दिनको समय माग गरी मिति २०७१।३।२९ मा निवेदन दिएकोमा ललितपुर जिल्ला अदालतको तहसिलदारबाट मागबमोजिमको समयसमेत दिएको देखिएबाट निवेदकले सो फैसला कार्यान्वयनको कार्यलाई स्वीकार गरेको मान्नुपर्ने देखियो। यसरी फैसला कार्यान्वयनको कार्यलाई स्वीकार गरिसकेपछि पनि विभिन्न बहानामा फैसला कार्यान्वयन रोक्न खोजेको देखिएको र अदालतको सामान्य क्षेत्राधिकारमार्फत तहतह हुँदै फैसला भई सो फैसला अन्तिम भइसकेको अवस्थामा सो फैसला कार्यान्वयन गर्न कानूनी रूपले कुनै बाधा नदेखिएको अवस्थामा त्यस्तो फैसला कार्यान्वयनको कार्यलाई यस अदालतको असाधारण क्षेत्राधिकारमार्फत हस्तक्षेप गर्न मनासिब नहुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१०।१५ मा भएको आदेश निवेदन मागबमोजिम बदर हुनुपर्ने अवस्था विद्यमान रहेको देखिन नआउने ।

तसर्थ माथि विवेचित आधार कारणबाट पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।२७ को फैसलाअनुसार चलन चलाउने कार्य सम्पन्न भएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल चैत २४ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-१०२०, मोही निष्काशन, *लालबाबु प्रसाद वि. झउर हजरा दुसाध*

नक्सा मुचुल्काबाट वादी दाबीको जग्गामा पानी परी खाल्टो परेको र सो जग्गाको पश्चिमतिर खोला भएकोले पानी खोलामा बग्नलाई प्राकृतिक रूपमा नै मुहान बनाएको देखिन्छ । यी प्रतिवादीले जग्गा खनी खाल्टो पारी जग्गाको हैसियत परिवर्तन गरेको तथ्य वस्तुगत रूपमा समर्थित भएको छैन । जग्गामा त्रिभुज आकारको परेको खाल्डोमा समेत प्रतिवादीले गहुँ बाली लगाएको अवस्थामा प्रतिवादीले जग्गाको उब्जनी घटाउने कार्य आफैँले गरेको हो भनी वादीको दाबीसमेत विश्वास गर्न लायक देखिएन। प्राकृतिक कारणले जग्गाको स्वरूपमा परिवर्तन हुनसक्ने कुरालाई इन्कार गर्न सकिँदैन यसका बाबजुद पानी परी खाल्टो परेको जग्गामा समेत प्रतिवादीले बाली लगाई जग्गा उचित तरिकाले सदुपयोग गरिरहेको र प्रतिवादीले वादीलाई साल सालको कुतसमेत बुझाइरहेको अवस्थामा कानूनतः वादी दाबीबमोजिम मोही निष्काशन गर्न नमिल्ने हुँदा पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट मोही निष्काशन हुने गरी भएको बारा जिल्ला अदालतको फैसलालाई उल्टी गरी विवादको कि.नं. ५०६ र ५०७ को जग्गाको मोही प्रतिवादी झउर हजरा दुसाधलाई यथावत् कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०७१।२।२६को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७३ साल माघ ७ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CI-११८४, मोही नामसारी, *भगौती यादव वि. हेमन्तबहादुर शाह*

प्रतिवादी हेमन्तबहादुर शाहले प्रतिउत्तर दिँदा यी वादीले मोहीको हैसियतले ५-१०-० जग्गा कमाइरहेको भनी उल्लेख गरेको पाइन्छ । यद्यपि निजको आफ्नै जग्गासमेत के कति रहेको छ भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट खुलेको अवस्था छैन। वादीले मोहीको हैसियतले कमाएको जग्गाको एवम् निज आफैँ जग्गाधनी भएको जग्गाको तथ्याङ्क यकिन गरी निर्णयकर्ताले निष्कर्षमा पुग्नुपर्नेमा त्यसतर्फ कुनै विवेचना नै नगरी मोही नामसारी गर्ने गरी भएको निर्णय कानूनसम्मत मान्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारण एवम् प्रमाणबाट भूमिसुधार कार्यालय, बर्दियाबाट भएको निर्णय बदर गरी वादी एवम् निजको परिवारको सम्पूर्ण स्रेस्ता बुझी कानूनअनुसार मोहीको हैसियतले राख्न पाउने जग्गा यकिन गर्न जो जे बुझ्नु पर्ने बुझी पुनः निर्णय गर्नु भनी मिसिल भूमिसुधार कार्यालय, बर्दियामा पठाउने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७१।४।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल माघ ७ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-WO-०१६७, उत्प्रेषण / परमादेश, *भुवनदेव पन्त वि. नेपाल सरकारसमेत*

नगर विकास ऐन, २०४५ को दफा १२(१)(२)(ख) बमोजिम गठित व्यवस्थापन उपसमितिको मिति २०६४।३।१७ मा सो समितिको २०६३।६।२ को निर्णय संशोधन गर्दै अरनिको राजमार्गसँग जोडिएका कित्ता जग्गाहरूको पहिलो Plot Depth ३७ मिटरसम्म भएको अवस्थामा पूर्वाधार शुल्कबापत ३.५% र खुला क्षेत्रफल ४% कटाइने, काठमाडौं भक्तपुर पुरानो बाटोसँग जोडिएका जग्गाहरूको पहिलो Plot Depth भित्र पर्ने जग्गाहरू र कारखानाहरूको सम्पूर्ण जग्गामा Plot depth ३७ मी.सम्म भएको अवस्थामा पूर्वाधार शुल्कबापत ६ प्रतिशत र खुल्ला क्षेत्रबापत ४% जग्गा कटाइने भनी निर्णय भएको पाइन्छ। त्यसैगरी २०६६।६।४ मा सोही उपसमितिबाट पहिलो प्लट डेप्थ ३७ मी. भन्दा पछाडिको बाँकी जग्गालाई मात्र बाटो सुविधा नदिई सो पहिलो प्लट डेप्थ ३७ मी. भन्दा पछाडि नै पर्ने गरी प्लट फिर्ता दिँदा पूर्वाधार निर्माणबापत १०%, खुला क्षेत्रबापत ४%, कर्नरको घुम्तीबापत ०.५% र साइड बाटोबापत ४% योगदान गरी जम्मा १८.५% योगदान लिइने भनी निर्णय भएको पाइन्छ। त्यसैगरी सोही मितिको निर्णयमा राजकुलो सडक १४ मी.सँग जोडिन आउने सडकमा बनिने कर्नर प्लटमा लाग्ने योगदान सम्बन्धमा समेत छुट्टै निर्णय भएको देखिन्छ । यसबाट लाग्ने योगदान सम्बन्धमा व्यवस्थापन उपसमितिले स्पष्ट निर्णयहरू गरेको हुँदा सोमा अस्पष्टता रहेको भनी मान्न मिल्ने अवस्था नदेखिने।

जहाँसम्म आयोजना सञ्चालननै गर्नुपर्ने हो भने जग्गा प्राप्ति ऐनबमोजिम जग्गा प्राप्ति नै गर्नुपर्ने भन्ने रिट निवेदकको माग छ सो सम्बन्धमा हेर्दा नगर विकास ऐन, २०४५ को दफा १६ मा नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानूनबमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराई दिनसक्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । सोही ऐनको दफा १२(१)(२) ले जग्गा एकीकरण कार्यक्रम लागू गर्नसक्ने भन्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत कमेरोटार जग्गा एकीकरण आयोजना उक्त दफा १२(१)(२) अन्तर्गतको योजना भएको कुरामा दुइमत देखिँदैन। उक्त ऐनको दफा ३ ले समितिलाई यसप्रकारको नगर योजना तर्जुमा गर्नसक्ने

अधिकार प्रदान गरेको सन्दर्भमा ऐनले प्रस्टरूपले कुनै काम गर्न पाइने कुरामा नपाइने भन्न मिल्ने देखिँदैन । प्रस्तुत कमेरोटार जग्गा एकीकरण आयोजना जग्गा एकीकरण गरी सबै किसिमको सुविधाहरू उपलब्ध गराउने गरी आवास क्षेत्र विकसित गरेर काट्नुपर्ने योगदान काटी बाँकी जग्गासम्बन्धित जग्गाधनीहरूलाई नै फिर्ता गर्ने पद्धति (Model)अनुसार स्वीकृत भएको हुँदा यस्तो अवस्थामा नगर विकास ऐन, २०४५ को दफा १६ आकर्षित हुन्छ भनी मान्न नमिल्ने ।

तसर्थ नगर विकास ऐन, २०४५ को दफा १२(१)(२) बमोजिम Land pulling कार्यक्रमअन्तर्गत सञ्चालित प्रस्तुत आयोजनामा समितिले व्यवस्थापन उपसमितिलाई अधिकार प्रत्यायोजन गरी सो उपसमितिले निर्णय गरेबमोजिम योगदान गर्नुपर्ने नीतिअनुसार १८.९९ प्रतिशत कट्टा गरी बाँकी जग्गा निवेदकले फिर्ता पाउने गरी भएको निर्णयसमेतको काम कारवाही कानूनबमोजिम नै भए गरेको देखिँदा आयोजना क्षेत्रभित्र परेको निवेदकको दाबी कानूनअनुरूप भए गरेको नदेखिँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल चैत ११ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१२९७, ०६९-CR-०२१४ र ०७१-RC-००५३, कर्तव्य ज्यान, *गोवर्धन दहियार यादव वि. नेपाल सरकार, नेपाल सरकार वि. आमोद्कुमार यादवसमेत र नेपाल सरकार वि. आमोद्कुमार यादव*

गोवर्धन दहियारका हकमा विचार गर्दा वारदातस्थलमा आफ्नो उपस्थिति र संलग्नता नै नरहेको भनी पुनरावेदन जिकिर रहेको देखिन्छ । निज र निजकी श्रीमती रधियादेवीको योजना मुताबिक रंजितलाई वारदातस्थलसम्म लिई आउन आफ्नो नाबालक छोरा अनिललाई सिकाई प्रयोग गरेको कुरा निज अनिल यादवको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा उल्लेख गरेको देखिन आउँछ । निजहरूको आदेशमा रंजितलाई लिई वारदातस्थल पुगेपछि निज गोवर्धनले ठोक भनी भनेबाट दाजु आमोदले रंजितलाई काटेको भनी अनिल यादवको भनाई रहेको देखिन्छ । आफूले माया, ममता, स्नेह देखाई हेरविचार, स्याहार संरक्षण गर्नुपर्ने भतिजो नाताको बालकलाई आफ्नै छोराहरू प्रयोग गरी धारिलो हतियारबाट प्रहार गर्न लगाई हत्या गराएको कार्य मानवताको कसीमा कहिल्यै पनि स्थान दिन नसकिने ।

प्रतिवादी रधियादेवीको सम्बन्धमा हेर्दा निज वारदातस्थलमा उपस्थित रहेको कुरा निजको अधिकारप्राप्त अधिकारीसमक्ष बयान एवम् चन्दनकुमारले अदालतमा गरेको बकपत्रबाट समर्थित भएको छ । वारदातमा निजको भूमिका हेर्दा छोरा आमोदले दबिया बोकी ल्याएको र आफू पनि गोवर्धनको साथ लागि वारदातस्थलमा गएको भन्ने देखिन्छ । गोवर्धन दहियारले रंजितउपर दबिया प्रहार गर्न वचन दिएको भनी माथि विवेचना भइसकेको छ । यसरी बाबु स्वयम्ले वचन दिइसकेपछि यी प्रतिवादीले छुट्टै वचन दिइरहनु पर्ने अवस्था नरहने हुँदा वारदातस्थलमा उपस्थित रहेको अवस्थामा पनि रंजितउपर चोट प्रहार भएको कार्य नरोकी हारगुहार नगरी बसेको भन्ने देखिँदा यी प्रतिवादी रधियादेवी ज्यान मार्ने कुराको मत सल्लाहमा पसेको मतलबी भन्ने अवस्था देखिन आएकाले निज प्रतिवादी रधियादेवीलाई ज्यानसम्बन्धीको १७(३) नं. को कसुर ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको देखिने ।

साधकको रोहमा पेस हुन आएको एवम् वादी नेपाल सरकारले पुनरावेदन गरेको अर्का प्रतिवादी आमोद यादवको हकमा विचार गर्दा निजले आफ्नो उमेर १३ वर्षको रहेको, बाँसको घाँस काट्ने निहुँमा रंजितले अश्लिल शब्द प्रयोग गरेकोले आफूले लगेको

दबियाले २/३ पटक हानेको कहाँकहाँ लाग्यो थाहा भएन भनी दबिया प्रहार गरेको कुरामा साबित रहेको देखिन्छ । निजको साबिती मिसिल संलग्न जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा ९ ले अन्यथा प्रमाणित नभएको अवस्थामा उक्त साबिती निजको विरूद्ध प्रमाणयोग्य देखिन्छ । वारदात प्रत्यक्षरूपमा देख्ने चन्दनकुमार यादवको बकपत्र बेहोरा तथा प्रतिवादी आमोदका भाइ अनिल यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट पनि निजउपरको आरोपित कसुर प्रमाणित भइरहेको छ। प्रतिवादी आमोद यादवले रंजित यादवउपर दबिया जस्तो धारिलो हतियार पटकपटक अन्धाधुन्द प्रहार गरेको चोटको कारणबाट रंजित यादवको मृत्यु भएको अवस्था शव परीक्षण प्रतिवेदनसमेतका संलग्न प्रमाणबाट पुष्टि भइरहेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिमको आरोपित कसुर यी प्रतिवादी आमोद यादवले गरेको अवस्था पुष्टि भएको देखिने।

वादी नेपाल सरकारले पुनरावेदन जिकिर लिएको निज प्रतिवादी आमोदको उमेर सम्बन्धमा हेर्दा प्रतिवादीले बयानसाथ पेस गरेको जन्मदर्ता प्रमाणपत्रमा निजको जन्ममिति २०५२।१।५ भनी उल्लेख भएको देखियो । विशेषज्ञबाट भई आएको परीक्षण प्रतिवेदनमा निजको उमेर परीक्षण गरेको मिति २०६६।११।२८ मा १७ देखि १८ वर्षको भन्ने उल्लेख भएकोले सो १७ वर्षको समयावधिलाई वारदात मिति २०६५।८।२९ सँग भिडाई यकिन गर्दा निज प्रतिवादीको उमेर वारदात हुँदाका अवस्थामा १५ वर्ष ९ महिनाअर्थात् १४ वर्षभन्दा माथिको १६ वर्षको नपुगेको भन्ने देखिन आयो। यस्तो स्थितिमा बालबालिकासम्बन्धी ऐन, २०४८को दफा ११(३) बमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजायसम्म निज प्रतिवादीलाई हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

अतः प्रतिवादी गोवर्धन दहियार यादवलाई ज्यानसम्बन्धी महलको नं. १३(४) बमोजिम जन्मकैदको सजाय गरेको मिलेकै देखिँदा निजको हकमा सुरूको फैसला सदर हुने, प्रतिवादी रधियादेवीले ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कसुर गरेको देखिँदा निज रधियादेवी दहियार यादवको हकमा ज्यानसम्बन्धीको १३(४) नं. बमोजिम सजाय गरेको हदसम्मको फैसला केही उल्टी भई निजलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैदको सजाय हुने, प्रतिवादी आमोदकुमार यादवको हकमा ज्यानसम्बन्धीको १३(१) नं. बमोजिमको कसुर कायम गरेको हदसम्म फैसला सदर हुने र निज प्रतिवादीको उमेर १४ वर्षभन्दा बढी र १६ वर्षभन्दा कमको हुँदा निजलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू फैसला मिलेको नहुँदा सो हदसम्म केही उल्टी भई बालबालिकासम्बन्धी ऐन, २०४८को दफा ११(३) बमोजिम उमेर पुगेमा प्रतिवादीलाई हुने सजायको आधा १० वर्ष कैदको सजाय हने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।८।८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल मङ्सिर १४ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-०१५१, उत्प्रेषण / परमादेश, *डा.केशरमान बज्राचार्यसमेत वि. नेपाल सरकारसमेत*

निवेदक डा. केशरमान बज्राचार्यसमेतले योजनाले जग्गाको योगदान मात्र ७.५% गर्ने सहमति भए पनि तत्पश्चात् मिति २०६६।६।४ को निर्णयबाट जग्गाको अवस्थाअनुरूप वर्गीकरण गरी योगदान प्रतिशत निर्धारण गरेको मिलेको छैन भनी दाबी गरेतर्फ विचार गर्दा जग्गा व्यवस्थापन उपसमितिको मिति २०६६।६।४ को निर्णय निवेदकलाई मात्र नभएर नीतिगत निर्णय भई आयोजनाभित्र सबै जग्गाधनीहरूको लागि लागू हुने भएको र आयोजनाभित्रका उपभोक्ताहरू मध्येबाट गठित

जग्गा व्यवस्थापन उपसमितिले उपभोक्ता संलग्न उक्त आयोजनाभित्रको जग्गाहरूमा नगर विकास ऐन, २०४५ अनुसार योगदान प्रतिशत विषयमा निर्णय गर्नसक्ने नै देखिने।

अतः आयोजनाको निर्णय निवेदकहरूको लागि मात्र लागू हुने गरी गरिएको भन्ने नदेखिएको र आयोजना त्यस क्षेत्रका उपभोक्ताको सहभागितामा अधिकांश उपभोक्ताहरूको भावनाअनुरूप सञ्चालन भएको देखियो । कानूनले दिएको अधिकार प्रयोग गरी कानूनी प्रक्रिया पूरा गरी सञ्चालन भएको उक्त कमेरोटार जग्गा एकीकरण आयोजनाको क्रियाकलापबाट निवेदकको सम्पत्तिसम्बन्धी अधिकारमा हनन् भएको भन्न नमिल्ने एवम् असमानता र निषेध भएको भन्ने पनि नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गरिरहनु पर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल चैत ११ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-CR-०२४८, ०२४९, ०२८६ लागु औषध खैरो हेरोइन, *विक्रम थापामगर वि. नेपाल सरकार, प्रतीककुमार राई वि. नेपाल सरकार, अजयदास वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले अदालतमा बयान गर्दा प्रहरीमा भएको बयान स्वइच्छाको होइन प्रहरीले लेखेर ल्याएको बयान कागजमा कुटपिट गरी जबरजस्ती सहिछाप गराएको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेका छन । तर प्रहरीद्वारा तयार भएर आफूले देख्न सुन्न नपाएको भनिएको कागजमा के कस्तो कारण वा परिवन्दले सही गर्नु परेको थियो सो कुरा निजहरूले अदालतको बयानमा खुलाउन सकेका छैनन् । प्रतिवादीहरूले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजहरूलाई निर्दोष मान्न नमिल्ने।

प्रतिवादीहरू आरोपित कसुरमा अनुसन्धान अधिकारीसमक्ष साबित भई बयान गरेका र सो साबिती बयान बरामदी मुचुल्का र सो बरामदी मुचुल्का तयार गर्ने प्रहरी सहायक निरीक्षक फणिराज शर्मासमेतको बकपत्र एवम् स्वतन्त्र प्रमाणबाट समर्थित हुनुका साथै प्रतिवादीहरूका साथबाट बरामद भएको वस्तु लागु औषध हेरोइन र गाँजा नै भएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनबाट देखिई समर्थित हुन आएको र यी पुनरावेदक प्रतिवादीहरूले आफूहरू निर्दोष रहेको, आरोपित कसुर नगरेको भनी जिकिर लिएको भए पनि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा रहेको कुरामा विवाद रहेन। यस्तो अवस्थामा प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम आफ्नो निर्दोषिता पुष्टि गर्ने कागज प्रमाण पेस गर्न नसकेको अवस्थासमेतका आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादीहरूले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४को (च) को कसुर गरेको देखिन आउने।

अतः निज पुनरावेदक प्रतिवादीहरू विक्रम थापामगर, प्रतीककुमार राई र अजयदासलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३को दफा ४ (क) (च) को कसुर गरेको देखिएकोले निजहरूलाई सोही ऐनको दफा १४(१) (छ) (२) नं. बमोजिम जनही १० (दश) वर्ष कैद र रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१२।११ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत / उपसचिवः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७३ साल असार ३० गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०५२८, कर्तव्य ज्यान,

*हिमबहादुर वि.क. वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफूले जिउँदो बच्चालाई खोलाको किनारमा गाडेको नभई मरेको बच्चालाई पुरेको हो भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा बच्चालाई जन्म दिने आमा राधा घर्तीले बच्चा जिउँदै जन्मिएको र प्रतिवादी हिमबहादुर वि.क.ले आफूसँग बच्चा मागी निजलाई दिएको र उसले सौरे खोलामा लगेर पुरेछ भनी अनुसन्धान तथा अदालतमा समेत बयान गरेको पाइन्छ । बच्चा जन्मदा सँगै रहेकी राधाकी आमा प्रतिवादी दिलकुमारी घर्तीले समेत बच्चा जिउँदो थियो भनी बयान गरेकी र यी पुनरावेदक प्रतिवादी हिमबहादुर वि.क. ले मृतक बच्चा जन्मिएको भन्ने जिकिर पुष्टि गर्ने कुनै ठोस तथ्ययुक्त प्रमाण पेस गर्नसकेको छैन । पुनरावेदक प्रतिवादी अनुसन्धानमा साबित रहेको र प्रहरीले बलपूर्वक साबित गराएको भनेपनि प्रहरीले निजलाई बलपूर्वक साबित गराउनुपर्ने कुनै कारण देखिँदैन । यसरी बच्चा जिउँदै भएको र प्रतिवादी हिमबहादुर वि.क.ले जन्मेको जिउँदो जातकलाई कर्तव्य गरी मारेर खोलामा पुरेको भन्ने पुष्टि भएकोले अभियोग दाबीबाट सफाइ हुनुपर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । पुनरावेदक प्रतिवादी हिमबहादुर वि.क.ले आरोपित कसुर गरेको ठहऱ्याई निजलाई सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

कसुर गरेको कुरा प्रमाणित भएमा कानूनबमोजिमको सजाय गर्न न्यायकर्ताको दायित्व भए पनि कसुरको अनुपातमा सजाय दिन न्यायकर्ताको कर्तव्य हुन्छ । कसुरको प्रकृति र अवस्था हेर्दा घटी सजाय गर्न उपयुक्त देखिएको अवस्थामा अदालती बन्दोबस्तको महलको १८८ नं. को प्रयोग गरी सजाय घटाउन पर्ने व्यवस्था कानून निर्माताबाट भएको पाइन्छ । प्रस्तुत मुद्दामा वारदातको प्रकृति आपराधिक मनसाय, पूर्वयोजनासमेतका तत्त्वहरूको विवेचना गरी प्रतिवादीलाई हुनसक्ने सजायको मात्रा निर्धारण गर्न विवेकसम्मत हुने देखियो । यी प्रतिवादी र प्रतिवादी राधा घर्तीबीचको अवैध सम्बन्धबाट जन्मेको जातक लोकोपवादबाट बच्ने हेतुले मारेको देखियो । शिशुलाई मार्नुपर्ने पूर्वरिसइवी, योजना नभई सामाजिक लाञ्छनासमेतका तत्कालको असहज परिस्थितिले गर्दा कर्तव्य गरी मारी लास गाडेको कुरा स्पष्ट भएकोले हदैसम्म सजाय गर्दा चर्को पर्ने भई मुलुकी ऐन, अ.बं. १८८ नं.ले प्रतिवादी हिमबहादुर वि.क.लाई कैद वर्ष १० (दश) हुने ।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१५७५ र ०७१-CR-०८३६, खुन डाँका, *कृष्णमान जोशी वि. नेपाल सरकार र शम्भु गौतम वि. नेपाल सरकार*

पुनरावेदकले घटना वारदातका दिन आफू अन्यत्र छु भनी लिएको एलिवी प्रमाणबाट पुष्टि हुनसकेको पाइँदैन । माधव बनेपालीको सुन पसलमा डाका चोरी गर्न गई आफू शम्भु गौतमसँगै माथिल्लो तलामा गएको र सेफको साँचो दिन आनाकानी गरेको भनी माधव बनेपालीलाई निज शम्भुले गोली प्रहार गरेको र सोपश्चात् आफूसमेतले धनमाल लिई गएको भनी यी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा खुलाइदिएको पाइन्छ । निज माधव बनेपालीलाई माथिल्लो तलामा लाने र निजलाई गोली लाग्ने क्रममा यी प्रतिवादी साथै रहेको कुरा अर्का प्रतिवादी शम्भु गौतमले अदालतसमक्ष गरेको बयानमा समेत खुलाएको हुँदा यी प्रतिवादी कृष्णमान जोशीसमेत भई डाँका चोरी गरी निज माधव बनेपालीलाई माथिल्लो तलामा लगी वारदात भइरहेको स्थानमा गई मार्नलाई संयोग पारिदिएको कुरा पुष्टि हुन आउने ।

पुनरावेदक प्रतिवादी शम्भु गौतमका हकमा हेर्दा निजले अदालतसमक्ष बयान गर्दा आफूसमेत भई डाँका कसुर गरेकोमा साबित रहेको साथै सेफ खोल्न दबाब दिँदा निज माधव नारायणले आफ्नो हातमा भएको पेस्तोल तानेकोले अचानक पड्कन गई ज्यान मर्न गएको भनी उल्लेख गरेको पाइन्छ । गैरकानूनी काम गर्न हातहतियारले सुसज्जित भई प्रतिकार भएका अवस्थासमेत काम फत्ते गर्ने भनी योजना बनाई डाँका गर्न जाने यी प्रतिवादीले निज माधव बनेपालीले आफ्नो सम्पत्तिको रक्षाको लागि सामान्य प्रतिकार गर्न खोज्दा गोली हानी हत्या गरेको भन्ने कुरा मृतकको श्रीमती, छोरा एवम् मौकामा कागज गर्ने व्यक्तिहरूको भनाई एवम् बकपत्रबाट समेत देखिन आएको छ । शव परीक्षण प्रतिवेदन एवम् लास प्रकृति मुचुल्काबाट गोली मृतकको आँखा र नाकको बीचमा लागेको र टाउकोभित्रबाट गोली निकालिएको भन्ने देखिने ।

उपर्युक्त विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू कृष्णमान जोशीका हकमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद र चोरीको महलको १४(४) नं. बमोजिम डाँकातर्फ ६ वर्ष कैद एवम् डाँका गरेको बिगो रू.२,६५,०००।- को डेढी रू.३,९७,०००।- जरिवाना भई प्रतिवादीबाट रू.१,३२,५००।- बिगोसमेत भराइदिने, तथा प्रतिवादी भोलेबाबा भन्ने शम्भु गौतमलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको १४(४) नं. बमोजिम ६ वर्ष कैद, डाँका भएको बिगो रू.२,६५,०००।-को डेढी रू.३,९७,०००।- जरिवाना हुने ठहर गरेको भक्तपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०१५८, लागु औषध, खैरो हेरोइन, *असलम अन्सारीसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूबाट बरामद भएको पदार्थ लागु औषध खैरो हेरोइन नै हो भनी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको च.नं. ३४५८ मिति २०६९।१।१७ को पत्रसाथ प्राप्त परीक्षण प्रतिवेदनबाट समेत पुष्टि भएको देखिन्छ । प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा आफ्नो साथबाट बरामद नभएको अर्को साथीको साथबाट बरामद भएको भनी एक अर्कालाई आपसमा पोल गरी बयान गरेका र प्रतिवेदकले अदालतमा बकपत्र गरी प्रतिवादीहरूबाट जनही १००।१०० ग्रामको दरले लागु औषध खैरो हेरोइन बरामद भएको भनी समर्थन गरेको अवस्थाबाट समेत उल्लिखित लागु औषध यी प्रतिवादीहरूले बोकी ल्याएको पुष्टि हुन आउने ।

प्रतिवादीहरूले मोहित मियाँसँग भारतको रक्सौल बजारमा भेट भएको र निजले आफूसँग भएको २०० ग्राम खैरो हेरोइन वीरगञ्ज घण्टाघर पुऱ्याइदेउ दुवै जनालाई १०००।- / १०००।- रूपैयाँ दिन्छु भनी भनेकोले दुवै जनाले १००/१०० ग्रामका दुईपोका खैरो हेरोइन बोकी वीरगञ्ज घण्टाघरतर्फ आउँदै गर्दा पक्राउ परेका हौं भनी एकै मिलानको बयान अनुसन्धान अधिकारीसमक्ष गरेको देखिन्छ । प्रतिवादीहरूबाट बरामद भएको लागु औषधको परिमाण १००।१०० ग्राम भएको भन्ने पुष्टि भएकोले पुनरावेदक प्रतिवादीहरूको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३को दफा ४(ङ) र (च) को कसुर ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब देखिन आउने ।

प्रतिवादीहरूलाई हुने सजायको सन्दर्भमा हेर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ (१)(छ)(२) मा "२५ ग्रामदेखि १०० ग्रामसम्मको कारोबार गर्नेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ७५,०००।-

रूपैयाँदेखि २,००,०००।- रूपैयाँसम्म जरिवाना हुनसक्ने" कानूनी व्यवस्था रहेको पाइन्छ। कसुर गर्दाका बखत प्रचलनमा रहेको कानूनमा उल्लेख भएभन्दा बढी सजाय गर्न नमिल्ने भनी संवैधानिक व्यवस्था भएको साथै प्रचलित कानूनमा उल्लेख भएभन्दा बढी सजाय गर्न फौजदारी कानूनको मान्य सिद्धान्तले नमिल्नेमा कैदको हदसम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखिएपनि जरिवानाको हकमा २ लाखसम्म हुनसक्नेमा प्रतिवादीहरूलाई जनही ५ लाख रूपैयाँ जरिवाना गर्ने गरी भएको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको देखिन आएन । तसर्थ पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।२।२७को फैसला केही उल्टी भई प्रतिवादीहरू असलम अन्सारी र मेराज मियाँलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१) (छ)(२) बमोजिम जनही १५(पन्ध्र) वर्ष कैद र जनही रू. २,००,०००।- (दुई लाख) जरिवानासमेत हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल फागुन ११ गते रोज ३ शुभम्।

१२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-RC-०१५३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जहरमान आले मगरसमेत*

लास जाँच प्रकृति मुचुल्कामा मृतकको घाँटीमा कोतरिएको घाउ निलडाम र दाहिने पाखुरामा निलो डाम रहेको देखिन्छ भने मृत्युको कारण सम्बन्धमा शव परीक्षण प्रतिवेदनमा "Death is due to asphyxia caused by throttling" भन्ने उल्लेख भई आएको देखिँदा मृतक रमादेवीको मृत्यु कर्तव्यबाटै भएको तथ्यको पुष्ट्याई भएको पाइन्छ । प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको कसुरमा साबिती बयान डरत्रास, कुटपिटबाट गराएकोले स्वेच्छाको होइन कि? भन्नलाई पनि प्रतिवादीहरूको तर्फबाट कुनै प्रमाण प्रस्तुत हुन नआएको हुँदा सो बयान प्रमाण ऐन, २०३१ को दफा ९(२) अनुसार प्रतिवादीहरूका विरूद्ध प्रमाण ग्राह्य स्थितिमा नरहेको भन्न मिल्ने देखिन नआएबाट अधिकारप्राप्त अधिकारीसमक्षको निजहरूको बयान बेहोरा प्रमाणको रूपमा ग्राह्य हुने देखिन आउने।

घटनाक्रमलाई मध्यनजर गर्दा रातको समयमा वारदातस्थलमा प्रतिवादी जहरमान आले मगरले रमादेवीको घाँटी थिची मार्नमा हातगोडा थिचिदिने काममा प्रतिवादीहरू बसन्तकुमार तामाङ र शुभराज नेम्वाङ संलग्न रहे भएको भन्ने निज प्रतिवादीहरूको मौकाको सबिती बयानलाई मृतकको लास जाँच प्रकृति मुचुल्कामा उल्लिखित निलडाम चोटपटक र शव परीक्षण प्रतिवेदनबाट समर्थित भएबाट मृतक रमादेवीको मृत्यु यी ३ जना प्रतिवादीहरूको कर्तव्यबाटै भएको भन्ने प्रमाणित हुन आउँछ। तसर्थ प्रतिवादीहरू जहरमान आले मगर, शुभराज तामाङ र बसन्तकुमार तामाङलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको हदसम्म सुरू पाँचथर जिल्ला अदालतको मिति २०६९।१२।२६ को फैसला केही उल्टी गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।११।२६ मा भएको फैसला मनासिब देखिन आउने।

अतः सुरू पाँचथर जिल्ला अदालतको मिति २०६९।१२।२६ को फैसलालाई केही उल्टी गरी प्रतिवादीहरू जहरमान आले मगर, बसन्तकुमार तामाङ र शुभराज नेम्वाङसमेत ३ जनाको कर्तव्यबाट रमादेवी आले मगरको मृत्यु भएको पुष्टि भएकोले यी ३ जना प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. बमोजिम कसुर गरेको ठहऱ्याई प्रतिवादीमध्येका जहरमान आले मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीहरू बसन्तकुमार तामाङ र शुभराज नेम्वाङलाई ऐ. ऐनको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत,

इलामको मिति २०७०।११।२६को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

प्रस्तुत मुद्दामा वारदातको प्रकृति, आपराधिक मनसाय, पूर्वयोजनासमेतका तत्त्वहरूको विवेचना गरी प्रतिवादीहरूलाई हुनसक्ने सजायको मात्रा निर्धारण गर्न विवेकसम्मत हुने देखियो । यी प्रतिवादीहरू र मृतक रमादेवी आले मगरबीच मार्नै पर्नेसम्मको पूर्वरिसइवी भएको देखिँदैन। मार्ने पूर्वयोजना पनि भएको देखिएन। मृतकलाई मार्न प्रतिवादीहरूले कुनै धारिलो जोखिमी हतियार प्रयोग गरेको नदेखिएको र तत्कालै मार्न भनी प्रतिवादीहरूबीच मतैक्य भई कसैले घाँटीमा च्याप्ने, कसैले हातखुट्टामा समाती मार्नमा सहयोग गरेको अवस्थालाई मध्यनजर गरी हेर्दा प्रतिवादीहरूलाई हदैसम्म सजाय गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं.ले प्रतिवादीहरू जहरमान आलेमगर, बसन्तकुमार तामाङ र शुभराज नेम्वाङ्गलाई जनही वर्ष ८(आठ) कैद हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल फागुन ११ गते रोज ४ शुभम्।

१३

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०१९१, कर्तव्य ज्यान, *मोहन कार्की वि. नेपाल सरकार*

खड्गबहादुर कार्कीको मृत्युको कारणमा Physical assault leading to fracture cervical bone mechanical asphyxia second to cardiorespiratory arrest and death. उल्लेख भएको भनी शव परीक्षण प्रतिवेदनबाट देखिन आएकोले खड्गबहादुर कार्कीको मृत्यु साइकलबाट लडेको कारणबाट नभई कर्तव्यबाट भएको तथ्य स्थापित हुन आउने।

प्रतिवादीले आरोपित कसुर इन्कार रही अदालतमा बयान गरे पनि घटनाका प्रत्यक्षदर्शीहरूले निजले खड्गबहादुर कार्कीलाई हातमुक्का एवम् बाँसको लाठीले कुटपिट गरेको हो भनी अनुसन्धानको क्रममा एवम् अदालतमा समेत बकपत्र गरेकोले यी प्रतिवादीले अनुसन्धानको क्रममा आरोपित कसुर स्वीकार गरी गरेको बयान समर्थित भएको छ। यी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान निजको इच्छाविपरीत निजलाई डर, त्रास वा यातना दिएर गराइएको हो भनी प्रमाणित गर्नसकेको अवस्थासमेत रहेको देखिँदैन। यी प्रतिवादीले गरेको कुटपिटका कारण खड्गबहादुर कार्कीको मृत्यु नभएको भए मिति २०६८।८।६ मा घटना घट्दा निज फरार रहनु पर्ने कुनै कारण नदेखिने।

जाहेरवालाले प्रतिवादी मोहन कार्कीलाई किटान गरी दिएको जाहेरी बेहोरालाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र, यी प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयान र सो बयानलाई समर्थन हुने गरी वस्तुस्थिति मुचुल्कामा मानिसहरूले लेखाएको बेहोरा एवम् अदालतमा उपस्थित भई गरेको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादी मोहन कार्कीले खड्गबहादुर कार्कीलाई गरेको कुटपिटको कारण निजको मृत्यु भएको तथ्य प्रमाणित भएको देखिन्छ । प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं.विपरीत सोही महलको १३(३) नं. बमोजिमको कसुर भएकोले निजलाई ऐजन १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने देखिने।

मिसिल संलग्न कागजबाट मृतक र प्रतिवादीबीच ज्यानै लिनु पर्नेसम्मको पूर्वरिसइवी देखिएको छैन । निजले उक्त वारदात घटाउन कुनै जोखिम हातहतियार प्रयोग गरेको नभई मृतक मादक पदार्थ सेवन गरी आई गाली गर्दा रिस उठी हात मुक्का एवम् नजिक रहेको बाँसको लाठीले कुटपिट गर्दा चोट लागी उपचारको क्रममा मृत्यु भएको देखिन्छ। उक्त वारदात घटाउन मृतक स्वयम्को व्यवहार प्रमुख कारकतत्त्व रहेको देखिन्छ । यसका साथै प्रतिवादी वारदात हुँदाको बखत १८ वर्षको कलिलो उमेरको देखिएको, निज कुनै पेशेवर अपराधी

नभएको र अपराध हुँदाको अवस्थासमेतलाई मध्यनजर गर्दा ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय गर्नु न्यायको रोहमा उपयुक्त हुने देखिई पुनरावेदन अदालतबाट व्यक्त भएको राय न्यायसङ्गत नै देखिने।

तसर्थ, माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी मोहन कार्कीले खड्गबहादुर कार्कीलाई कर्तव्य गरी मारेको देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं.विपरीत ऐजन १३(३) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई मोरङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी अ.बं. १८८ नं. बमोजिम प्रतिवादी मोहनबहादुर कार्कीलाई १० वर्ष कैद सजाय हुने राय व्यक्त गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।१०।११ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

१४

**मा.न्या. श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-०२९४, उत्प्रेषण / परमादेश, *मनमोहन जि.सी.समेत वि. नेपाल सरकार, भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयसमेत*

नेपालको प्रचलित संविधान तथा कानूनी व्यवस्था अध्ययन गर्दा, नेपालको संविधानको धारा २५ ले प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने भनी सम्पत्तिको हक प्रत्याभूत गरेको पाइन्छ। यसैगरी मालपोत ऐन, २०३४ को दफा ६ मा मालपोत कार्यालयले जिल्ला भित्रको प्रत्येक जग्गा तोकिएबमोजिम दर्ता गरी राख्ने व्यवस्था गरेको देखिन्छ। उक्त ऐनले दफा ७ मा जग्गाको दर्तासम्बन्धी विशेष व्यवस्था गरी जग्गाको दर्ता किताब खडा गर्दा जग्गा (नापजाँच) ऐन, २०१९ अन्तर्गत नापी हुँदा कुनै जग्गाको नापी नक्सा गर्न छुट हुन गएकोमा मालपोत कार्यालयले नापी विभागको सहमति लिई तोकिएको समितिको सिफारिसमा सो जग्गाको नापी नक्सा गराई दर्ता गर्नसक्ने अधिकार प्रदान गरेको पाइने।

कानूनबमोजिम काम कारवाही निर्णय गर्ने अधिकार प्राप्त निकायले काम कारवाही नगरी सम्बन्धित पक्षलाई अडकाई राख्ने कार्य गर्न हुँदैन। त्यस्तो कार्य सुशासनको सिद्धान्तविपरीत हुन्छ। कानूनबमोजिम हुनुपर्ने काम कारवाही नगरि अनिर्णित अवस्थामा राखेको देखिन आएमा सम्बन्धित पक्षको कानूनबमोजिमको हक प्रचलन गर्न परमादेशको आदेश जारी हुनसक्ने नै देखियो। अतः निवेदकहरूको निवेदनअनुसारका जग्गाहरू निवेदकहरूका नाममा दर्ता हुनसक्ने हो वा होइन ? त्यस सम्बन्धमा आवश्यक रीत पुर्‍याई कानूनबमोजिम अविलम्ब निर्णय गरी सोको जानकारी निवेदकहरूलाई दिनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल चैत १० गते रोज ५ शुभम्।

१५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** ०७३-WO-०३९७, उत्प्रेषण, *तेजबहादुर के.सी. वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

प्रस्तुत विषयमा मिति २०६०।८।२९ मा मालपोत कार्यालय, कास्कीले वादी प्रतिवादीलाई हक बेहकमा नालेस गर्नजानु भनी सुनाउने गरी भएको निर्णय दूषित प्रकृतिको देखिएको, विवादित जग्गामा वादी प्रतिवादी कसैको पनि हकै हुन नसक्ने भई फिराद दाबी नै खारेज गर्नुपर्नेमा मुद्दाको औचित्यभित्र प्रवेश गरी वादी प्रतिवादीहरूको हक कायम गरी गरेको सुरू कास्की जिल्ला अदालतको मिति २०६४।१।६ र

पुनरावेदन अदालत, पोखराको मिति २०६६।१।१५ को फैसलासमेत उल्टी भई विवादित जग्गामा वादी प्रतिवादी कसैको पनि हक रहेको नदेखिँदा हक बेहकमा सुनाउने गरी भएको मालपोत कार्यालयको निर्णय तथा सुरू र पुनरावेदन अदालतसमेत दुवै तहको अदालतको फैसलासमेत बदर भई विवादित कि.नं.५६५४ को जग्गा साबिकबमोजिम सरकारी पर्ती कायम हुने ठहर्छ भनी यस सर्वोच्च अदालत, संयुक्त इजलासबाट मिति २०७२।९।२२ मा फैसला भएको देखिन्छ। यसरी यस अदालतको मिति २०७२।९।२२ को फैसला अन्तिम रही विवादको निरूपण भइसकेको देखिन आउने।

तसर्थ, सक्षम सर्वोच्च अदालतले दाबीको जग्गा सार्वजनिक कायम हुने ठहर गरिसकेको देखिँदा सो निर्णय बदर नगराई असाधारण अधिकार क्षेत्रभित्र प्रवेश गरी जग्गा निवेदकको नाममा छुट दर्ता गर्ने आदेश गरिपाउँ भनी परेको रिटको तथ्यभित्र प्रवेश गरी मागबमोजिम आदेश जारी गरिरहन पर्ने अवस्था नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

इति संवत् २०७३ साल चैत १० गते रोज ५ शुभम्।

## इजलास नं. ५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०६७-CI-१६६७, खिचोला मेटाई चलन, *मिश्री पंडितसमेत वि. फुलकुमारी कनुइन*

अदालतबाट भई आएको नक्साको विवाद जनिएको न.नं.१ को पश्चिमतर्फको रेखालाई आधार मान्दा वादीको क्षेत्रफल कम हुनुका साथै साबिक नापीको विभाजनमा पनि फरक पर्ने अवस्था आउने र सोको पूर्वतर्फको रेखालाई आधार मान्दा नापीको टायलमा जनिएको कि.नं. १२ को रेखासँगै समानान्तर रूपमा रहने भई कि.नं. १० को साबिककै रूप र स्वरूप ग्रहण गर्ने अवस्था आउँछ। यसरी विवादको न.नं.१ को जग्गा प्रतिवादीको मान्ने हो भने नापी नक्सामा नै जग्गाको अवस्थितिमा फरक पर्न जाने अवस्था देखिँदा नक्सामा नै फरक पर्ने गरी उक्त जग्गा प्रतिवादीको मान्न मिल्ने अवस्था नआउने।

नापीको टायल चेक हेर्दा वादीको कि.नं. १० को जग्गा साबिकमा ०,०१०२.५ वर्गमीटर क्षेत्रफल रहेको र हाल ०,०१४७.०० क्षेत्रफल रहेको भन्ने उल्लेख भई आएको देखिएको र नक्साबाट सोअनुसारको क्षेत्रफल वादीको पुगेको नदेखिएको हुँदा विवादको न.नं. २ को जग्गा वादीको कि.नं.१० भित्र नै पर्ने देखिँदा उक्त जग्गामा खिचोला गरेको छैन भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उपर्युक्त विवेचित आधार प्रमाणबाट फिराद दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरूको फैसला उल्टी हुने ठहर्‍याई वादीको कि.नं. १० को जग्गामध्ये पूर्वतर्फबाट ०००४.१४ वर्गमीटर जग्गा प्रतिवादीहरूले खिचोला गरेकोले खिचोला मेटाई प्रतिवादीले बनाएको झ्याल बन्द गराई वादीले चलनसमेत गरिपाउने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।९।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-००३३, गुठी तैनाथी बदर मोही हक नामसारी दर्तासमेत, *कृष्णप्रसाद पाण्डेसमेत वि. गुठी संस्थान के.का. डिल्लीबजार, काठमाडौं*

पुनरावेदकले दाबीका कित्ताहरू गुठीको भई मोही हक आफ्नो हुनुपर्ने भन्ने सुरूमा मागदाबी लिएको

अवस्था हो । यस्तो अवस्थामा दाबीको जग्गाको गुठीको लगत मिल्छ मिल्दैन ? र गुठीको लगतभित्रको देखिए दाबीबमोजिम मोही भए नभएको यकिन गर्नेसम्म काम गुठी संस्थानको हुने ।

विवादित जग्गा फिल्डबुकमा पशुपति वडा नं.८(च) कि.नं.१९७ मा १२३ बागमती नदी भनी विरह जनिएको पाइन्छ । उक्त जग्गा साबिकदेखि आफ्नो भोग तिरोतिरानको भएको र नदी उकास भनी दाबी लिए तापनि २०२१ सालदेखि हालसम्म नदी उकासको रूपमा रहेको जग्गाको तिरोतिरानको निरन्तरता देखाउन सकेको समेत नपाइँदा उक्त जग्गा वादीको साबिक नक्सा प्रमाणसँग भिड्न नआएकोले प्रमाणको अभावमा मोही हक कायम दर्ता नामसारी हुनसक्ने नदेखिने ।

तसर्थ उपर्युक्त प्रकरणहरूमा विवेचित आधार र कारणबाट नेपाल सरकारको नाममा कायम रहेको जग्गा आफ्नो नाममा कायम गर्ने अधिकार गुठी संस्थानलाई कुनै कानूनले प्रदान नगरेको हुँदा आफ्नो अधिकारक्षेत्र नाघी नेपाल सरकारको नाउँमा दर्ता भएको जग्गाको दर्ता लगत कट्टा भई नौ शिवालय गुठीको गुठी तैनाथी जग्गा कायम हुने ठहर्छ भनी गुठी संस्थानबाट मिति २०६७।६।३ मा भएको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१को फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुन्छ । वादीले आफ्नो हक भोग तिरो तिरानको विवादरहित प्रमाण प्रस्तुत गर्न नसकेको हुँदा पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । दाबीको पशुपति वडा नं.८(च) कि.नं.१९७ को उक्त जग्गा नेपाल सरकारको नाउँमा यथावत् कायम हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-१४५२, कर्तव्य ज्यान, *सानोनी मगर वि. नेपाल सरकार*

मृत्युको कारणमा The death was due to irreversible cardio respiratory failure due to pellet injury inflicted through fire-arm, gunshot भनी बन्दुकको गोली लागी निजको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट खुल्न आएको पाइन्छ । मृतकलाई गोली लागेपछि मानिसको ऐया भन्ने आवाज तथा भ्वाक्क गरी भुइँमा मानिस खसेको आवाज सुनेपछि सो स्थानमा गई मृतकको बचाउको लागि पुनरावेदक प्रतिवादीले प्रयास नगरेबाट झुक्किएर गोली लाग्न गएको भनी पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन जिकिर पत्यारलायक देखिएन । पुनरावेदकले तत्काल मृतकको बचाउको लागि हारगुहार तथा सहयोग नगरी रूखबाट ओर्लिएर बन्दुक छाडी घर गई घरबाट पुनः काठमाडौंतर्फ गई वारदात घटनाको बारेमा कसैलाई थाहा जानकारीसम्म नदिई घटनालाई लुकाएकोसमेतबाट पुनरावेदक प्रतिवादीले मृतकलाई मार्ने मनसाय थिएन भनी अनुमान गर्न मिल्ने नदेखिने ।

अतः उल्लिखित तथ्य एवम् प्रमाणको आधारमा पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी भएको सुरू रामेछाप जिल्ला अदालतको मिति २०६८।१२।९को फैसलालाई सदर गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

मुद्दाको घटना परिस्थितिलाई हेर्दा प्रतिवादीको मृतकलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी र योजना रहेको नदेखिएको, मृतक र प्रतिवादी मृग मार्न भनी जङ्गल गएका, नजिकैको रूख हल्लिएको कारण सो रूखमा गोली हान्दा हस्तबहादुरको मृत्यु हुन गएको भनी पुनरावेदक प्रतिवादीले लिएको जिकिरलाई जाहेरवालाको बकपत्रबाट समर्थित गरेको एवम् प्रतिवादीको पूर्वआचरण खराब थियो भनी कसैबाट पनि पोल हुन नसकेको अवस्थासमेतलाई दृष्टिगत गर्दा

प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा अ.बं.१८८ नं. बमोजिम निजलाई १० (दश) वर्ष मात्र कैद सजाय गर्न उपयुक्त हुने देखिई निज प्रतिवादी सानोनी मगरलाई सोहीबमोजिम १० (दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल भदौ १६ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CR-०३००, जबरजस्ती करणी, *युवराज गैरे वि. नेपाल सरकार*

पीडित र पीडितको शारीरिक परीक्षण गर्ने डाक्टरको बकपत्र नभएको अवस्थामा अदालत भन्दा बाहिर पीडितले व्यक्त गरेका कुरा र विशेषज्ञले दिएको रायलाई प्रमाण ऐन, २०३१को दफा १८, २५ एवम् २३(७) बमोजिम अकाट्य, निश्चयात्मक र विश्वसनीय प्रमाणको रूपमा ग्रहण गरी दोषी ठहर गर्नु कानूनी व्यवस्था प्रतिकूल हुन जाने।

जाहेरवालाको भाइसँग रहेको रिसइवीको कारणले फसाउन जाहेरी दिएको भनी पुनरावेदक प्रतिवादीले अदालतसमक्षको बयानमा खुलाएको कुरालाई जाहेरवालाले अदालतमा बकपत्र गर्दा जाहेरवालाको भाइसँग पुनरावेदक प्रतिवादीको झगडा परेको रिसइवी साँध्नका लागि भाइको सल्लाहमा जाहेरी दिएको, जाहेरीमा लेखिएको बेहोरा सबै झुट्टा हो भनी लेखाएकोबाट समर्थित गरेको पाइन्छ। जाहेरी र जाहेरवालाको बकपत्र एक आपसमा बाझिएको अवस्थामा त्यस्तो जाहेरीलाई प्रमाणमा लिन नमिल्ने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणबाट पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहर गरी १५ (पन्ध्र) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू. दुई लाख क्षतिपूर्ति भरिपाउने ठहर गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६७।७।१४ को फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।२।२२ मा भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादीले सफाइ पाउने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-१६८६, ज्यान मार्ने उद्योग र अपहरण गरी शरीर बन्धक लिने धम्की दिएको, *नेपाल सरकार वि. युगनन्दन मुखियासमेत*

फैसलाको ठहर खण्डमा जे कुरा प्रस्ट रूपमा उल्लेख भएको छ सोबाहेक अन्य कुरा अनुमान लगाई यसो भएको होला भनी मान्न मिल्दैन। मातहत अदालतको फैसला सदर, उल्टी वा केही उल्टी गर्दा जे जुन कुरामा सदर, उल्टी वा केही उल्टी हुने हो सो बेहोरा प्रस्ट रूपमा उल्लेख हुनुपर्ने हुन्छ। पुनरावेदन तहबाट मातहत अदालतको फैसलाको कुनै अंश व्यक्तरूपमा उल्टी नहुँदासम्म सोही रूपमा कायम रहने। ज्यान मार्ने उद्योगमा प्रतिवादीहरूलाई जरिवाना नभई जनही ५ वर्ष कैद हुने ठहरेको एवम् अपहरणतर्फ जनही ४ वर्ष कैद र जनही २५,०००।– जरिवाना हुने ठहर भएको भए पनि ज्यान मार्ने उद्योगतर्फ जरिवानाको कानूनी प्रावधान नभएको तथा जुन ऐनको ठूलो सजाय छ सोही ऐनले मात्र सजाय गर्नुपर्छ भन्ने कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा उक्त ज्यानसम्बन्धीको १५ नं. बमोजिम ५ वर्ष कैद गर्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेको देखिने।

तसर्थ, सुरू मोरङ जिल्ला अदालतले प्रत्यर्थी प्रतिवादीहरू युगनन्दन मुखिया, अरविन्द वसार र सुरज सहनीलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धीको १५ नं.को कसुरमा जनही ५(पाँच) वर्ष कैद र ऐ. ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं.को कसुरमा ऐ.को ५ र ६ नं. बमोजिम जनही

४(चार) वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार रूपैयाँ) जरिवाना हुने ठहर्‍याएकोमा मुलुकी ऐन, दण्ड सजायको १० नं. बमोजिम ठूलो कैदको सजाय मात्र गर्नुपर्नेमा दुवैतर्फको कैद सजाय खापी सजाय गरेको हदसम्म सुरू फैसला केही उल्टी हुने ठहर्‍याई प्रत्यर्थी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १५ नं. बमोजिम जनही ५(पाँच) वर्ष कैद सजाय हुने ठहर्‍याएको र जरिवानाको हकमा सुरू अदालतको फैसला परिवर्तन नगरेको तत्कालीन पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।५।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-१११६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबहादुर रावलसमेत*

प्रतिवादी नरबहादुर भन्ने नरेशकुमार रावल उक्त वारदात हुँदा वारदातस्थलमा अन्य प्रतिवादीहरूसँग साथमा रहेको तर मृतकलाई कुटपिट गरी खोलामा खसाली दिने कार्यमा संलग्न नरहेको भनी सहप्रतिवादी रामबहादुर रावल र बलजित ओलीले समेत आफनो बयानमा उल्लेख गरेको देखिँदा र मिसिल संलग्न अन्य प्रमाणहरूबाट समेत निज प्रतिवादी उक्त आरोपित कसुरमा संलग्न नरहेको भन्ने खुल्न आएको देखिँदा, निज प्रतिवादी नरेशकुमार रावललाई समेत अभियोगपत्र माग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। प्रतिवादी नरेशकुमार रावललाई अभियोगपत्र मागदाबीबाट सफाइ दिने हदसम्मको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।३।१२ को फैसला मिलेकै हुँदा सदर हुने।

यसैगरी “हुल भई धेरै जनाले कुटपिट गरी चोट छाडेका १४ नं.आकर्षित नहुने” भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन (ने.का.प. २०४३, अङ्क १०, नि.नं. २८९५) समेत भएको हुँदा प्रतिवादीहरू रामबहादुर रावल र बलजित ओलीलाई ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद गर्ने ठहर गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।३।१२ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू रामबहादुर रावल र बलजित ओलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैद हुने।

मृतक अमृत खड्का र प्रतिवादीहरू रामबहादुर रावल तथा बलजित ओलीबीच पूर्ण रिसइवी झगडा रहेको नदेखिएको, मृतक र प्रतिवादीहरूले नसालु पदार्थ रक्सी सेवन गरी विवाद, कुटपिटसमेत भई खोलामा खस्दा लागेको चोटबाट मृतकको मृत्यु भएको वारदात हुँदाको परिस्थितिसमेतलाई दृष्टिगत गर्दा प्रतिवादीहरूलाई उपर्युक्तानुसार जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा निज प्रतिवादीहरूलाई कैद वर्ष १०(दश) को सजाय गर्दा न्यायिक दृष्टिले अपराध र सजायमा सन्तुलन हुन जाने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादीहरू रामबहादुर रावल र बलजित ओलीलाई १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल

इति संवत् २०७४ साल मङ्सिर १ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-०२८९, जबरजस्ती करणी, *नेपाल सरकार वि. साजन सिंह*

पीडितको शारीरिक परीक्षणबाट Hymenal Membrane torn भन्ने देखिएकोमा सो Report बाट सो तत्काल नभएको (not history of recent) भन्ने उल्लेख भएको र प्रतिवादीले पीडितको योनिमा लिङ्ग प्रवेश गरेको अर्थात् करणी गरेको कारण पीडितको योनिको Hymenal Membrane torn भएको भन्ने हो

भने (१२ वर्षीय नाबालिका) पीडितको योनिको बाहिरी भागमा कुनै न कुनै प्रकारको चोट (रातो हुने, सुन्निने आदि) हुनुपर्नेमा त्यस्तो केही भएको नदेखिएकोबाट Hymenal Membrane तत्काल च्यातिएको (torn) रहेनछ भन्ने मान्नु पर्ने हुन आउँछ र Hymenal Membrane अन्य कारणले पनि च्यातिन सक्ने हुनाले सोही आधारमा पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरेको मान्न मिल्ने नदेखिने।

वारदातबाट पीडित परिवर्तित नाम रेखा अदालतमा आई बकपत्र गर्दा प्रतिवादी सुब्बा भन्ने साजन सिंहलाई कारवाही गर्नुपर्ने होइन भन्नेसमेत उल्लेख गरी वारदात नभएको भनी Hostile रहेको देखिए तापनि साक्षीको मौकाको कागज, स्वास्थ्य परीक्षण प्रतिवेदनबाट वारदात स्थापित भएको देखिन्छ। पीडितले होहल्ला गरेपछि साथी शारदा सिंह र घर मालिक सुनीताले थाहा पाई टर्चलाइट बाल्दै बाहिर आएपछि टर्चको उज्यालो देखी प्रतिवादीले करणी गर्नसम्म नपाएको र भागी गएको अवस्था देखिन्छ । मौकाको जाहेरी र पीडित तथा अन्य व्यक्तिहरूको कागज विवरणहरूबाट करणीसम्बन्धी वारदात पुष्टि भएको देखियो। यसप्रकार माथि उल्लेख गरिएबमोजिम करणीको उद्योगसम्म हुन गएको अवस्था विद्यमान देखिने।

जबरजस्ती करणीको अपराध सामान्य प्रकृतिको अन्य अपराधजस्तो होइन । जबरजस्ती करणीको अपराधमा पीडितको शारीरिक, मानसिक र मनोवैज्ञानिक जुन क्षति हुन्छ, त्यो अपूरणीय हुन्छ। यसबाट पीडितको स्वतन्त्र मानवीय अस्तित्व, मान, सम्मान र उसको व्यक्तिगत एवम् सामाजिक प्रतिष्ठा, मानमर्यादा र मानवीय अस्मिता लुटिएको हुन्छ । उसको स्वतन्त्र अस्तित्व नै खण्डित भएको हुन्छ। त्यसमा पनि वर्ष १२ की बालिकासित करणी गर्न खोज्नु स्वयम्मा गम्भीर प्रकृतिको अपराधको श्रेणीमा पर्ने। प्रतिवादीले पीडित परिवर्तित नाम रेखालाई आफूले करणी गर्ने प्रयास गरेको कुरा अस्वीकार गरे तापनि करणीको मनसायले पीडित सुतिरहेको स्थानमा गई पीडितलाई जबरजस्ती करणी उद्योगको कसुर गरेको पुष्टि भई राखेकोले पीडितको मौकाको कागज विवरण र स्वास्थ्य परीक्षणबाट प्रतिवादीले टर्च लाइटको उज्यालो आएको कारणले भागेको देखिँदा करणी गर्नसम्म नपाएको अवस्था हुँदा प्रतिवादी सुब्बा भन्ने साजन सिंहले जबरजस्ती करणीको उद्योग गरेको स्थापित भएकोले निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिमको कसुरमा सोही महलको ३(२) नं. अनुसार ४ (चार) वर्ष कैद हुने ठहरी तत्कालीन पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७०।१२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शोभा पाठक

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०२१३, कैदी भागे भगाएको, *लोकबहादुर बोहरा वि. नेपाल सरकार*

प्रहरी जवान दिलबहादुर टमटालाई एक्लै र कुनै प्रकारको हातहतियार नबोकिएको निहत्था स्थितिमा ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैदको सजाय भएका कैदीको साथ लगाई पठाएको देखियो । यसरी कैदीलाई पठाउने सम्बन्धमा यी प्रतिवादी लोकबहादुर बोहरा आफू कारागार सुरक्षा गार्डमा कार्यरत रहेको एक हप्ता मात्र भएकोले त्यहाँ बस्दा आफ्ना सहकर्मी लगायतलाई सोध्दा निज कैदी दीपकबहादुर सिंहको चालचलन सामान्य थियो । निज कैदी नाइकेसमेत भएको कारणबाट निजलाई बिनाहतकडी बाहिर लग्ने गरेको छ भन्ने कुराको जानकारी पाएपछी निज देव भन्ने दीपकबहादुर सिंहको आँखा उपचारको लागी पनेरू चश्मा सेन्टरमा

लगि ल्याउन पत्र दिएको थियो । सोही पत्रका आधारमा हवल्दार मेजरले निज पुनरावेदक प्रतिवादी कारागार सुरक्षा प्रमुख भएकाले कैदीलाई उपचार गराउन लैजाने सम्बन्धमा सोध्दा पहिले के कसरी पठाउने गरेको थियो त्यसरी नै पठाउनु भनी आदेश गरेको देखियो । प्र.ह. गणेशबहादुर चन्दलाई "पहिले कसरी पठाउने गरेको थियो त्यसरी पठा" भनी आदेश दिएको देखिएबाट प्रतिवादी लोकबहादुरले कारागार सुरक्षाका लागि खटिएको प्रहरी टोलीको इन्चार्जको रूपमा कार्यालयमा खटिएकोले उक्त कैदीलाई भगाउनेसम्मको कार्यमा निजको पनि संलग्नता रहेको देखिन आउने ।

सुरक्षा इन्चार्ज जस्तो संवेदनशील पदीय जिम्मेवारीमा रहेका लोकबहादुर बोहोराले कैदी दीपकबहादुर सिंहलाई कैदबाट भाग्न नसक्ने गरी सम्पूर्ण सुरक्षा प्रबन्ध मिलाउनु पर्नेमा सो मिलाउन नसकेको कार्यलाई कसुर गरेको मान्नु पर्ने हुन आउँछ । यस्तो अवस्थामा निजको कार्य कसुरजन्य भएकोले निजलाई कसुरअनुसारको सजाय पाउनु पर्ने न्याय एवम् दण्डको मान्य सिद्धान्त हो । निज प्रतिवादीले कैदीलाई थुनाबाट कैदबाट भाग्न नसक्ने गरी सम्पूर्ण सुरक्षा प्रबन्ध मिलाउनु पर्नेमा सो मिलाउन नसकेको तथ्य निर्विवाद स्थापित भएको छ । यस्तो अवस्थामा प्रतिवादी लोकबहादुर बोहोरालाई थुनाबाट भागे भगाएको कसुरमा कारागार ऐन, २०१९ को दफा २४(१)(ग) बमोजिम सजाय गर्नु अन्यथा मान्न नसकिने ।

तसर्थ, प्रतिवादीहरू लोकबहादुर बोहरालाई कारागार ऐन, २०१९ को दफा २४(१)(ग) बमोजिम ६ महिना कैद रू.२००।– जरिवाना हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।११।५ को फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी लोकबहादुर बोहोरालाई मुलुकी ऐन, दण्ड सजायको १२ नं. बमोजिम रू.२००।– जरिवाना हुने ।

इजलास अधिकृत: शोभा पाठक

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-००४८, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. राजकुमार विश्वकर्मा*

जाहेरवालीलाई घरायसी वादविवादको सिलसिलामा तेजाव खनाइदिएको भन्ने कुरामा प्रतिवादी अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा साबित रही अदालमा गरेको बयानमा भने आफूले तेजाव खन्याइदिएको होइन भनी इन्कारी रहेको देखिन्छ । पीडितको घाउजाँच केस फाराम हेर्दा जाहेरवालीको घाँटी तथा पाखुरामा समेत Acid Burnt भनी उल्लेख भएको र पीडितको बायाँ कानको सुन्ने शक्ति हरण भएको भनी उल्लेख भएको पाइन्छ । उक्त तथ्यलाई अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको बकपत्रले समेत पुष्टि गरिदिएको देखिन्छ । यसरी हेर्दा प्रतिवादी राजकुमार वि.क.ले आफ्नै श्रीमती जाहेरवाली सिता वि.क.लाई तेजावले आक्रमण गरी घाइते बनाई अङ्गभङ्ग कुटपिटसम्बन्धी कसुर गरेको पुष्टि हुन आउने ।

फौजदारी विधिशास्त्रको मान्य सिद्धान्तअनुसार ज्यान मार्ने उद्योगसम्बन्धी अपराधलाई अपूर्ण अपराधको श्रेणीमा राखिएको हुन्छ । ज्यान मार्ने उद्योगको कसुर हुनको लागि ज्यानमार्ने आपराधिक मनसायले आपराधिक कार्य गरेको हुनुपर्दछ तर तेस्रो पक्षको उपस्थितिबाट सृजित हस्तक्षेपले उक्त आपराधिक कार्यबाट आपराधिक मनसायबमोजिमको इच्छित परिणाम हासिल हुन नसकी ज्यान मर्न नपाएको तथ्य स्थापित हुनुपर्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादी राजकुमार वि.क.ले तेजावले जाहेरवालीलाई प्रहार गरेको भए पनि कुन त्यस्तो तेस्रो पक्षको तत्काल उपस्थितिको कारण पीडितको ज्यान मर्न नपाई अङ्गभङ्ग मात्र हुन गएको हो भन्ने कुरा वस्तुनिस्ठरूपमा पुष्टि हुनसकेको

देखिँदैन। पीडितको घाउ जाँच केस फाराममा Whether fatal or not भन्ने महलमा not भनी उल्लेख भएको र पीडितको अवस्था Normal भनी जनिएको देखिँदा प्रतिवादीको कार्यले पीडित जाहेरवालीको मर्नेसम्मको अवस्था उत्पन्न भएको भन्ने देखिँदैन । प्रतिवादीको तेजाव प्रहारसम्बन्धी कार्य मानवताविपरीत हुने एउटा गम्भिर फौजदारी आपराधिक कार्य भएको देखिए तापनि पीडितलाई मार्ने उद्देश्यले नै उक्त कार्य भएको थियो भन्ने वस्तुनिष्ठ विश्वसनीय आधार मिसिलबाट देखिँदैन । तसर्थ प्रतिवादी राजकुमार विश्वकर्माले पीडित सिता वि.क.लाई तेजाव प्रहार गरी अङ्गभङ्ग कुटपिटको अपराध गरेको देखिए तापनि ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने तथ्य पुष्टि हुन नआएकोले निज प्रतिवादी राजकुमार वि.क.लाई ज्यान मार्ने उद्योगको कसुरसम्बन्धी अभियोगबाट सफाइ दिने ठहर गरी निज प्रतिवादीले पीडितको बायाँ कानको सुन्ने शक्ति हरण हुने गरी अङ्गभङ्ग कुटपिटको कसुर गरेको ठहर गरी निज प्रतिवादीलाई मुलुकी ऐन, कुटपिटको महलको २ नं.को कसुरमा ६ नं. बमोजिम ४(चार) वर्ष कैद र रू.२५००।- (दुइ हजार पाँच सय) जरिवाना हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१०।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः तेजबहादुर खड्का

इति संवत् २०७३ साल मङ्सिर १ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१०५७, भ्रष्टाचार, *दशमीकुमारी राजवंशी वि. नेपाल सरकार*

प्रतिवादीले प्राप्त गरेको प्रमाणपत्र जारी गर्ने संस्था विहार संस्कृत शिक्षा वोर्ड पटनाले दिनाङ्क २१।३।१३ को पत्रसाथ पठाएको प्रमाणीकरण बेहोरामा यी प्रतिवादीले प्राप्त गरेको प्रमाणपत्र गलत भएको भनी लेखी पठाएपछि उक्त बोर्डको सो कुरालाई प्रमाणमा लिनु नै पर्ने हुन्छ । सो प्रमाणीकरण बेहोरालाई प्रतिवादीले अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा निजको प्रमाणपत्र नक्कली भएको पुष्टि हुने।

प्रतिवादी दशमी कुमारी राजवंशीले आफूले विहार संस्कृत शिक्षा वोर्ड पटनाबाट सन् १९९१ मा “मध्यमा” (एस.एल.सी.) परीक्षा पास गरेको र उक्त परीक्षा चन्द्रशेखर प्राथमिक सह माध्यामिक संस्कृत विद्यालय पंचपहाड मकडा (गोडडा) बाट जाँच दिई उत्तीर्ण गरेको भनी वि.स. २०५५।४।८ मा कृषि विकास बैंकमा सेवा प्रवेश गर्दा पेस गरेको देखिएबाट सो बेला क्रियाशील रहेको ऐन, अर्थात् भ्रष्टाचार निवारण ऐन, २०१७ नै निजको हकमा लागू हुने देखियो । यसरी प्रतिवादी दशमी कुमारी राजवंशीले नक्कली प्रमाणपत्र पेस गरी कृषि विकास बैंकको लेखापाल पदमा नियुक्ति पाएको देखिएबाट निजलाई आरोपित कसुरमा सजाय गर्ने गरी विशेष अदालतबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी दशमी कुमारी राजवंशीले नक्कली एवम् झुठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको देखिएकोले निजलाई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- जरिवाना हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७१।७।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CI-०२००, कुत दिलाई मोही निष्काशन, *कर्णबहादुर नेवासमेत वि. प्रभा मानन्धर*

विवादको कि.नं.१३० को जग्गामा हक बेहकको सम्बन्धमा विवाद परी यिनै वादी प्रतिवादीका बीचमा चलेको सो मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०५७।११।२९ मा भएको फैसलाउपर पुनरावेदन अदालत, पाटनबाट यिनै वादीको पुनरावेदन परी उक्त अदालतबाट सुरूको फैसला उल्टी गरी वादीहरूको हक कायम हुने ठहर्‍याएको मिति २०५९।६।०१को फैसलाउपर यी प्रतिवादीको यस अदालतमा पुनरावेदन परी मिति २०६३।५।१३ मा भएको अन्तिम फैसलाबाट मात्र उक्त जग्गामा यी वादीहरूको हक स्थापित भएको भन्ने देखिन आउने।

२०५२ सालमा मोहीले कुतबाली बुझाएन भनी दाबी लिँदाका अवस्थामा विवादित जग्गामा हकबेहकको प्रश्न विचाराधीन रहेको देखिएको र सोही क्रममा प्रस्तुत मुद्दामा सुरू कारवाहीमा नै मुल्तबी रही उक्त हक बेहकको प्रश्नमा मिति २०६३।०५।१३ मा भएको फैसलापश्चात् मात्र निरूपण गर्न सकिने भई सुरू भूमिसुधार कार्यालयबाट मिति २०६४।९।१० मा फैसला हुँदाका बखत भूमिसम्बन्धी ऐन,२०२१ मा उक्त २०५३।९।२४ मा भएको चौथो संशोधन र २०५८।१०।२५ मा भएको पाँचौं संशोधनसमेत क्रियाशील अवस्थामा रहेको देखिएकोले सो समयमा उक्त जग्गामा मोही आधा जग्गाको जग्गाधनी रहेको भन्ने देखिन आउने।

वादी दाबीको जग्गाको २०५२ सालको बालीसम्म भराइदिने एवम् मोही निष्काशन हुन नसक्ने ठहर्‍याई सुरू भूमिसुधार कार्यालयबाट भएको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने।

तसर्थ उपर्युक्तबमोजिम विवेचित आधार प्रमाणसमेतबाट विवादको जग्गाको २०५२ सालको कुतबाली दिलाई मोही निष्काशन नहुने ठहर गरेको सुरू भूमिसुधार कार्यालयबाट मिति २०६४।९।१० मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बिमला पौडेल
कम्प्युटर: मन्जिता ढुङ्गाना
इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

- ०६७-CI-०१९७, कुत दिलाई मोही निष्काशन, *कर्णबहादुर नेवासमेत वि. प्रभा मानन्धर*
- ०६७-CI-०१९८, कुत दिलाई मोही निष्काशन, *कर्णबहादुर नेवासमेत वि. प्रभा मानन्धर*
- ०६७-CI-०१९९, कुत बुझाई मोही निष्काशन, *कर्णबहादुर नेवासमेत वि. प्रभा मानन्धर*
- ०६७-CI-०२०१, कुत बुझाई मोही निष्काशन, *कर्णबहादुर नेवासमेत वि. प्रभा मानन्धर*

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-०२२९, ०८०९, ०७२-CR-१०४६, १४७७, कर्तव्य ज्यान, *एक्सन भन्ने यज्ञबहादुर बुढाथोकीसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. अम्मरबहादुर महतरासमेत, अम्मरबहादुर महतरासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सर्वजित बुढाथोकीसमेत*

मृतक पूर्णबहादुर यरीलाई प्रहरी नियन्त्रणबाट लिई कुटपिट प्रहार गरिएको स्थानमा मौजुद रहेका यी प्रतिवादीहरूले मृतकलाई हातपात केही नगरी हेरी मात्र रहेको देखिएकोले यी प्रतिवादीहरूउपर उक्त कसुरमा उक्त १७(३) नं. बमोजिम सजाय हुने अवस्था विद्यमान रहेकै देखिँदा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई सुरू सल्यान जिल्ला अदालतबाट मिति २०६८।१२।१९ मा भएको फैसला उल्टी गरी ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम तजबिजी ३ वर्ष कैद हुने ठहर्‍याएको सो हदसम्मको उक्त पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।२।६ को फैसला

मिलेकै देखिन आएकोले यी प्रतिवादीहरू अम्मरबहादुर महत्तरा, हिरालाल बुढाथोकी र फत्तबहादुर पुनको हकमा उक्त पुनरावेदन अदालत, तुलसीपुरबाट भएको सो हदसम्मको फैसला सदर हुने।

मृतकलाई प्रतिवादीहरूबाट सामूहिक रूपमा कुटपिट हुँदाका बखत यी प्रतिवादीहरूमध्येका एक्सन भन्ने यज्ञबहादुर बुढाथोकीको उमेर १९ वर्ष, शेरबहादुर बुढाथोकीको उमेर २४ वर्ष, भिमबहादुर महत्तराको उमेर १८ वर्ष, प्रेम घर्तीको उमेर १८ वर्ष र सर्वजीत बुढाथोकीको उमेर १७ वर्षको रहेको देखिन आएकोले निज प्रतिवादीहरूको उक्त उमेरसमेतका आधारमा उक्त घटनाक्रमको मनोवैज्ञानिक असर सो उमेरका हिसाबले पनि तत्काल प्रभाव पार्नसक्ने देखिएको छ। उपर्युक्त वारदात हुँदाको अवस्था, परिस्थिति तथा प्रतिवादीहरूको उमेर समूहसमेतलाई मध्येनजर राख्दा यी प्रतिवादीहरूका हकमा कानूनबमोजिम हुने उक्त सजाय गर्दा चर्को पर्ने देखिएको र यी प्रतिवादीहरूलाई १० वर्ष कैद गर्दा पनि कानूनको मकसद पूरा हुने अवस्था देखिन आएको हुँदा यी प्रतिवादीहरू एक्सन भन्ने यज्ञबहादुर बुढाथोकी, शेरबहादुर बुढाथोकी, भीमबहादुर महतरा, सर्वजित बुढाथोकी र प्रेम घर्तीलाई मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १०*(दश)* वर्ष कैद हुने गरी सजाय गर्नु मनासिब देखिएकोले निज प्रतिवादीहरू एक्सन भन्ने यज्ञबहादुर बुढाथोकी, शेरबहादुर बुढाथोकी, भिमबहादुर महत्तरा, प्रेम घर्ती र सर्वजीत बुढाथोकीलाई जनही १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७४ साल भदौ १ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०२७८, ०२७९, ०७२-RC-००५२, कर्तव्य ज्यान, *जिन्नत खातुन वि. नेपाल सरकार, हबिब मिया वि. नेपाल सरकार, नेपाल सरकार वि. नङ्ग्रा भन्ने सफिद साफी मिया*

मिसिल संलग्न कुनै पनि प्रकरणबाट यी प्रतिवादी सहिद साफिको यो यस्तो तरीकाबाट संलग्न रहेको भनी वस्तुनिष्ट आधार प्रमाणबाट समर्थन हुन आएको नदेखिएबाट निर्दोष रहेको देखिन आयो । यी प्रतिवादी आरोपित कसुरमा इन्कार रहेको र उक्त इन्कारीलाई माथि उल्लिखित आधार र कारणहरू समेतबाट निज प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको भन्ने कुरा विश्वसनीय तवरबाट वादी पक्षले पुष्टि गर्नसमेत नसकेको अवस्थामा यी प्रतिवादी सहिद साफीले आरोपित कसुरबाट सफाइ पाउने ठहराई भएको सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा मान्न नसकिने।

घटनास्थल लासजाँच मुचुल्का, बरामदी मुचुल्का, किटानी जाहेरी, वस्तुस्थिति मुचुल्का, एवम् घटना विवरण कागजका मानिसहरूले लेखाइदिएको बेहोरा, सहप्रतिवादी जिन्नत खातुन र नङ्ग्रा भन्ने सफिद साफीसमेतले यी प्रतिवादीसमेतलाई पोल गरी गरेको एकै मिलानको मौकाको बयानसमेतबाट मृतक सगुरी खातुनलाई मार्नमा यी प्रतिवादीको पनि सक्रिय संलग्नता रहेको तथ्य मिसिल संलग्न अन्य प्रमाणहरूबाट समेत पुष्टि भइरहेको अवस्थामा निज प्रतिवादीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। प्रतिवादी हबिब मियालाई आरोपित कसुरमा जन्मकैद ठहऱ्याई भएको पुनरावेदन अदालत, विराटनगरको फैसला न्यायसङ्गत नै देखिएबाट अन्यथा भन्न सकिने अवस्था देखिन नआउने।

प्रतिवादीहरू जिन्नत खातुन, हबिब मियां र नडग्रा भन्ने सफिद साफीले आफूउपरको किटानी जाहेरी र अभियोगलाई वस्तुनिष्ठ प्रमाणद्वारा खण्डन गर्नसकेको मिसिल संलग्न प्रमाणहरूबाट देखिएन। रसिद ढोडाई भन्ने समसुल मियासमेत भई सहिद साफीकी कान्छी श्रीमती नसिमा भन्ने सगुरी

खातुनलाई मारेका हौँ भनी आरोपित कसुरमा साबित रही बयान गर्ने प्रतिवादी जिन्नत खातुन र नङ्ग्रा भन्ने सफिद साफीमध्ये जिन्नत खातुनले अब्दुल रसिद, हबिब मिया, समसल साफी भई सगुरीलाई मारेको भनी अब्दुल रसिदले बताएको भनी अदालतमा गरेको बयानसमेतका आधार र मिसिल संलग्न प्रमाणद्वारा यी प्रतिवादीहरू हबिब मिया, जिन्नत खातुन र नङ्ग्रा भन्ने सफिद साफीसमेत भई सगुरी खातुनलाई कर्तव्य गरी मारी बोरामा हाली सुनसरी खोलाको बाँध छेउमा फाली भागेको कुरा पुष्टि हुन आएको देखिँदा यी प्रतिवादीहरू हबिब मिया, जिन्नत खातुन र नङ्ग्रा भन्ने सफिद साफीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिने।

अतः माथि उल्लिखित एवम् विवेचित आधार प्रमाणबाट समेत फरार प्रतिवादी रैतुन खातुन, ढोडाई भन्ने समसूल मिया र रन्का भन्ने रौनक भन्ने अब्दुल रसिदको हकमा मुलतबी राखी अन्य प्रतिवादीहरूको हकमा प्रतिवादी सहिद साफीले आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादीहरू हबिब मिया, जिन्नत खातुन र नङग्रा भन्ने सफिद साफी मियांलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहरी भएको सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७२।८।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साधकको रोहमा प्रतिवादी नङ्ग्रा भन्ने सफिद साफी मियाको हकमा समेत मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको साधक सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल जेठ २१ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०८३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कमल माझीसमेत*

प्रतिवादी निरक बिष्टले प्रहरीमा भएको बयान स्वइच्छाको होइन प्रहरीले लेखेर ल्याएको बयान कागजमा कुटपिट गरी जबरजस्ती सहिछाप गराएको भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि निजले मौकामा अनुसन्धान अधिकृतसमक्ष गरेको बयानमा मृतकलाई एकपटक हातले हानेको भनी लेखाएको देखिन्छ । सहअभियुक्त विनोद माझीसमेतले प्रतिवादी निरक विष्ट वारदातस्थलमा उपस्थित भई मृतकलाई खाली हातले प्रयोग गरेको भनी पोल गरी बयान गरेको पाइन्छ । सहअभियुक्तहरूले वारदातमा सँगसाथ रहेको भनी पोल गरी बयान गरेको एवम् मौकामा उपस्थित मानिसहरूले समेत निज वारदातस्थलमा रहेको भनी कागज गरिदिएको देखिन्छ । मौकामा गरेको बयान कुटपिट गरी गराएको भए समयमा नै म्यादथपको क्रममा अदालतमा निवेदन दिनुपर्नेमा निवेदन दिएको देखिँदैन । के कुन परिवन्धबाट कसुर स्वीकार गर्नु परेको भन्ने कुरा अदालतमा समेत भन्न नसकेको स्थितिमा यी प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष इच्छाविपरीत बयान गराएको तथ्य प्रमाणबाट देखिन नआएको र निजको सो साबिती बयान मिसिल संलग्न प्रमाण कागजातबाट समर्थित हुन आएको देखिँदा निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई अन्यथा भन्न नमिल्ने भई सो स्वीकारोक्तिलाई निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

प्रतिवादी निरक बिष्टको घर एवम् निजको सँगसाथबाट कुनै चिजवस्तुसमेत बरामद भएको देखिँदैन । मृतकको टाउको तथा मुखमा धारिलो हतियारले काटिएको चोट देखिनुको साथै मृतकको घाँटीलगायतका भागमा प्वाल परेको घा चोट स्पष्ट

देखिएको, मृतकको फोटो तथा लास प्रकृति मुचुल्कामा उल्लिखित मृतकको शरीरमा रहेका चोटहरू र मृत्युको कारण "Haemothorax Leads to Mechanical Asphyxia" भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भएकोसमेतका सबुत प्रमाणहरूबाट मृतकको मृत्यु कर्तव्यबाट भएको समर्थित हुन आएको देखिई प्रतिवादीमध्येका विनोदकुमार माझी, रमेशकुमार वि.क. र गणेशबहादुर वि.क.लाई जनही जन्मकैद हुने सजायसमेत भएको देखिन्छ । यी प्रतिवादीको वारदातस्थलमा उपस्थित भएको भन्ने निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, सहअभियुक्तले वारदातमा सँगसाथ रहेको भनी पोल गरी गरेको बयान एवम् मौकामा उपस्थित मानिसहरूले गरिदिएको कागजसमेतबाट प्रतिवादी निरक विष्टले कुनै पनि हातहतियारको प्रयोग गरेको भन्ने नदेखिएको एवम् निजले मौकामा अनुसन्धान अधिकृतसमक्ष गरेको बयानमा मृतकलाई एक पटक हातले हानेको भनेता पनि अदालतमा इन्कारी रहेको पाइएको हुँदा निजले छुट्याउने कार्य नगरी मृतकलाई औषधि उपचार गराउनुपर्ने तर्फसमेत नलागी घाइते अवस्थामा छोडेको भन्ने देखिँदा निज प्रतिवादी निरक विष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेकै देखिने।

प्रतिवादीहरू कमल माझी र उदयराम वि.क.को हकमा विचार गर्दा निजहरूले मौकामा अनुसन्धान अधिकारी र अदालतमा समेत कसुरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ । अन्य प्रतिवादीहरूले सो वारदातमा यी प्रतिवादीहरूको संलग्नता थियो भनी कहीँकतै पोल गरेको पाइँदैन । अदालतमा बकपत्र गर्ने जाहेरवाला पहलसिंह पुनले समेत रेशम माझीले प्रहार गरेको खुकुरीबाट मृतकको मृत्यु भएको भनी बकपत्र गरेको एवम् प्रहरीमा कागज गर्ने मानिसहरूले समेत यी प्रतिवादीहरूको संलग्नता रहेको भनी कहीँकतै उल्लेख गरी लेखाएको नदेखिँदा निज प्रतिवादीहरू विरूद्धको अभियोग दाबी पुष्टि हुनसकेको देखिन नआएबाट निज प्रतिवादीहरू कमल माझी र उदयराम वि.क.ले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला मिलेकै देखिने।

अतः माथि उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट प्रतिवादीमध्येका निरक विष्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने, अन्य प्रतिवादीहरू कमल माझी र उदयराम वि.क.ले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७२।०३।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०३८२, कर्तव्य ज्यान, *तुइलकृष्ण कायस्थ वि. नेपाल सरकार*

प्रतिवादीले मृतक सुनकेशरी कायस्थलाई कर्तव्य गरी मोको तथ्य निजको अदालत तथा अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान, प्रतिवादीउपर किटानी जाहेरी परी जाहेरी व्यहोरालाई समर्थन गरीजाहेरवालाले गरेको बकपत्र, मृतकको पोस्टमार्टम रिपोर्ट, मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट समर्थित भएको देखिँदा प्रतिवादी तुइलकृष्ण कायस्थले आफ्नो भाउजू सुनकेशरी कायस्थलाई पिकको बिडले कन्चट र टाउकोमा प्रहार गरेको कारणबाट निज प्रतिवादीकै कर्तव्यबाट मृत्यु भएको तथ्य स्थापित हुन आयो। तसर्थ, प्रतिवादी तुइलकृष्ण कायस्थलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. अनुसारको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।६।१२ मा

भएको फैसला मिलेकै देखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मुद्दाको सम्पूर्ण तथ्यहरूको विश्लेषण गरी हेर्दा मृतक र प्रतिवादी देवर भाउजू नाताको भई आफ्नो भाउजूलाई मार्नुपर्ने कुनै कारण र अवस्था नदेखिँदा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १२ (बाह्र) वर्ष कैद सजाय गर्दा पनि न्यायको मक्सद पूरा हुने।

अतः माथि उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट प्रतिवादी तुइलकृष्ण कायस्थलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. अनुसारको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।०६।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने र कैदको हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १२(बाह्र) वर्ष कैद हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CR-०९१३, जालसाज, *देउमती दमाई वि. सुरज मल्लसमेत*

प्रतिवादीको हकको स्रोत नै जालसाज भई बदर भएको अवस्थामा सोही स्रोतबाट प्राप्त भएको जग्गाको लिखतको हकमा हदम्याद बाधक हुन नसक्ने भनी यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा संवत् २०६६ सालको दु.फौ. नं. ८६ को जालसाज मुद्दाको फिरादपत्र हदम्यादभित्र दायर भएको भनी मिति २०६६।८।३ मा पुनरावेदन अदालत, दिपायलबाट व्याख्या गरेकोमा पुनः सोही अदालतबाट सोही जालसाज ठहरिएको जग्गाको पुनः हक हस्तान्तरणसँग सम्बन्धित प्रस्तुत फिरादपत्र हदम्याद नाघी दायर भएको भनी मिति २०७०।१२।२६ मा खारेज गर्ने गरी फैसला भएको देखिन्छ। एकै अदालतबाट एकै विषयवस्तुका सन्दर्भमा फरकफरक निर्णय गरिँदा इन्साफमा एकरूपता कायम हुनसकेको देखिएन। एकै विषयवस्तुमा एकपटक निर्णय भई अदालतको दृष्टिकोण व्यक्त भइसकेपछि त्यसलाई मान्नुपर्छ भन्ने फैसला स्थिरताको सिद्धान्त (Stare decisis)को समेत पालना भएको नपाइने।

जिल्ला कैलाली, साँडेपानी गा.वि.स. वडा नं. ८ कि.नं. १६९ ज.वि.१–६–० को जग्गा नरबहादुर दमाईबाट शेरबहादुर बमले राजीनामा गरी लिएको लिखत जालसाजी ठहरी अन्तिम भएकोमा सोही लिखतका आधारमा प्राप्त भएको जग्गा दिने खेमबहादुर मल्ल र लिने अजम सिंह मल्ल भई मिति २०४०।७।१३ को र.नं. २२८ को लिखतको मूल स्रोत नै जालसाज ठहरी अन्तिम भएको अवस्थामा सोही लिखतको जरियाबाट तयार भएको लिखतको सम्बन्धमा हदम्याद आकर्षित नहुने अवस्थामा हदम्यादको पुनः व्याख्या गरी खारेज गर्ने गरेको फैसला मिलेको नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणका आधारमा मिति २०६६।८।३ मा तत्कालीन पुनरावेदन अदालत, दिपायलले हदम्यादभित्र फिरादपत्र दायर भएको भनी व्याख्या गरेकोमा पुनः सोही अदालतबाट फिरादपत्र हदम्याद नाघी दायर भएको भनी खारेज गर्ने गरेको मिति २०७०।१२।२६ को फैसला मिलेको नदेखिँदा बदर गरी दिएको छ। अब जो जे बुझ्नु पर्ने हो बुझी कानूनबमोजिम ठहर फैसला गर्नु भनी उच्च अदालत, दिपायलमा उपस्थित पक्षहरूलाई तारिख तोकी पठाइदिने।

उपरजिष्ट्रारः शिवलाल पाण्डे

इति संवत् २०७४ साल जेठ १६ गते रोज ३ मा शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CR-०९११, जालसाज, *देउमती दमाई वि. जगतबहादुर गुरूङसमेत*
- ०७२-CR-०९१२, जालसाज, *देउमती दमाई वि. सुरज मल्लसमेत*

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०९८४, कर्तव्य ज्यान, *अनन्तबहादुर मगरसमेत वि. नेपाल सरकार*

मृतकको शरीरमा धेरै ठाउँमा धेरै घाउ चोटहरू रहे भएको कुरा लासजाँच प्रकृति मुचुल्का एवम् पोष्टमार्टम रिपोर्टबाट देखिन आउँछ । यसबाट मृतकलाई काठको किलाका अलावा ढुङ्गाको पनि प्रहार भएको कुरालाई पुष्टि गर्दछ र ढुङ्गासमेतले हानेको भन्ने प्रतिवादीहरूको बयान कथन लासजाँच एवम् पोष्टमार्टम रिपोर्टबाट देखिएका घाउचोटबाट समर्थित रहेको पाइन्छ । यी दुवै प्रतिवादीहरूले मृतकलाई कर्तव्य गरी मारेका हुन् भनी जाहेरवालालगायत बुझिएका मानिसको कागज रहेको पाइन्छ । उक्त जाहेरी तथा कागज अदालतको बकपत्रबाट पनि समर्थित छ । विवाद झगडा र घटनाको जड नै यी प्रतिवादी तिलबहादुर रहेको देखिनुको साथै सोही जरियाको कारणबाट नै उल्लिखित आधार प्रमाणबाट प्रतिवादी अनन्तबहादुर मगरले मृतक दलबहादुरलाई काठको किलो तथा ढुङ्गाले प्रहार गरेको र प्रतिवादी तिलबहादुर मगरले ढुङ्गाले मृतक दलबहादुरलाई हानी निज दुवै जनाले प्रहार गरेको चोटको कारणले मृतकको मृत्यु भएको देखिँदा पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने ।

तसर्थ विवेचित आधार र कारणबाट प्रतिवादी अनन्तबहादुर मगर तथा प्रतिवादी तिलबहादुर मगरले दलबहादुर बुढालाई कर्तव्य गरी मारी मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं.विपरीत १३(३) नं. बमोजिमको कसुर गरेकोमा ऐ. १३(३) नं. बमोजिम दुवै प्रतिवादीलाई जन्मकैद गर्नुपर्नेमा प्रतिवादी अनन्तबहादुर मगरलाई ऐ. १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद र प्रतिवादी तिलबहादुर मगरलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ३ वर्ष कैद हुने भनी दैलेख जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी दुवै प्रतिवादीहरू अनन्तबहादुर मगर तथा तिलबहादुर मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७१।८।२८को फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी तिलबहादुर मगर र मृतक एवम् प्रतिवादी अनन्तसँगै रक्सी वियर खाई सँगै हिँडी घरतर्फ जाँदै गर्दा विवाद भई प्रतिवादी अनन्तले किलाले प्रहार गरेपछि मरणासन्न अवस्थामा रहेको मृतक दलबहादुरलाई बोकी खोलामा फाली ढुङ्गाले प्रहार गरेको अवस्था देखिन आएबाट यी प्रतिवादीहरूले तत्काल भएको झगडामा गाई बाँध्ने किलो तथा ढुङ्गासमेतले प्रहार गरी हानी मृतक दलबहादुर बुढालाई मारेको अवस्था देखिएको, निजहरूले रक्सी वियर खाएको सुरमा घटना वारदात घटित हुन पुगेको देखिएको, मार्ने योजना तयारी नरहेको, प्रतिवादी अनन्तबहादुर मगरले अधिकारप्राप्त अधिकारीसमक्ष वारदातको इतिवृत बताई सोलाई अदालतमा समेत स्वीकार गरी न्याय निरूपण गर्ने प्रक्रियामा सहयोग गरेको देखिएको र अर्का प्रतिवादी तिलबहादुरले ढुङ्गालेसम्म प्रहार गरेको घटना हुँदाको पृष्ठभूमि, अवस्था र परिस्थितिसमेतको अवस्थालाई विचार गर्दा सुरू अदालतले ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम गर्ने गरेको सजाय चर्को पर्ने देखिँदा प्रतिवादी अनन्तबहादुर मगरलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय नगरी १२ (बाह्र) वर्ष कैद र अर्का प्रतिवादी तिलबहादुर मगरलाई पनि ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय नगरी १० (दश) वर्ष कैद हुन मनासिब हुने देखिँदा

अ.बं.१८८ नं. बमोजिम सजाय हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-०९०३, ०७१-CR-०९२५, ०७१-CR-०९६४ र ०७३-CR-००२५, मानव अपहरण तथा शरीर बन्धक, *सुरेश बलामी वि. नेपाल सरकार, कृष्णबहादुर लामा थिङ्ग वि. नेपाल सरकार, र राजु सुब्बासमेत वि. नेपाल सरकार*, लोकेन्द्र राई वि. नेपाल सरकार

प्रस्तुत वारदात प्रतिवादीहरूले संगठितरूपमा घटाएको देखिन्छ । वारदात घटाउनुभन्दा अघि वारदातबारे यी प्रतिवादीसमेत भई योजना बनाई सो कार्यान्वयन गरेको देखिन्छ । अनुसन्धानको क्रममा प्रतिवादी कृष्णबहादुर लामा थिङ्गले २०६७।५।१३ गते जडिबुटीस्थित राजु सुब्बाको पसलमा आफूसमेत भई जाहेरवालाको छोरालाई ऐ. १४ गते अपहरण गर्ने मत सल्लाह भएको थियो । १४ गते जडिबुटी चोकमा सबै जना भेट हुँदा साथी सुरेश बलामीसँग ट्याक्सी रहेछ । १५ गते जाऔँ भनी लोकेन्द्रले भनेबमोजिम सल्लाह भयो । उक्त दिन जरूरी काम परेकोले आफू आउन नपाएको हो । फिरौती रकम बाँडी खाने मतसल्लाह थियो भन्ने बयान गरेको देखिन्छ । उक्त बेहोरालाई कुमार कार्कीसमेतका सहअभियुक्तहरूको अनुसन्धानको बयानले समर्थन गरेको देखियो। प्रतिवादीमध्येका कुमार कार्कीसँग निजको लामो परिचय रहेको र निज कार्की यी प्रतिवादीको डेरामा समेत बस्ने गरेको, वारदातको योजना १३ गते बनेको, १४ गते योजनाको कार्यान्वयन गर्न खोजेको तर ट्याक्सी नपाएबाट १५ गतेलाई सरेको भन्ने पनि कुमार कार्की र यी प्रतिवादी कृष्णबहादुर लगायत अन्य प्रतिवादीहरूको बयानको समग्रमा मूल्याङ्कन गर्दा खुल्न आउँछ । कुनै कुरा संगठितरूपमा साझा योजना बनाई गरिएको छ भने घटनाको कुनै खण्डमा सहभागी अभियुक्तले आफूले यति मात्र कार्य गरेको हुँ सम्पूर्ण घटनामा सहभागी छैन भनी उन्मुक्ति नपाउने।

जाहेरवालाको छोरा अपहरण गरी जाहेरवालाबाट फिरौती माग्ने र सो रकम बाँडी लिने खाने योजना बनेको भन्ने देखिन्छ । सो योजनाका यी प्रतिवादी कृष्णबहादुर सहभागी हुन र प्रतिवादी कुमार कार्की योजनाको नाइके हो भन्ने देखिएको छ। कुमार कार्कीसँगको परिचय, पटक पटकको भेट र अपहरणको योजनामा यी कृष्णबहादुरको पूर्ण सहभागिता रहेकोसमेत देखिँदा कुनै कारणबस १५ गते ट्याक्सीमा भेटिएनन् वा बनेपा गएका थिएनन् भन्ने कुराले निजको संगठित अपराधमा सहभागिता थिएन भन्न नमिल्ने।

अतः माथि विवेचित आधार कारणहरूबाट यी पुनरावेदक प्रतिवादीहरूले संगठित रूपमा विद्यालय जाने नाबालकलाई फिरौती लिने उद्देश्यबाट अपहरणको कार्य गरी अभियोग दाबीबमोजिम मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ नं. बमोजिम कसुर गरेको देखिँदा निजहरूलाई कसुरदार ठहर गरेको काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७०।१।२ को फैसला मिलेकै देखियो । सजायको हकमा सोही महलको ३ नं. बमोजिम अधिकतम हद जनही १५ वर्ष कैद गरेकोसम्म मिलेको नदेखिँदा सो हदसम्म सुरूको फैसला परिवर्तन गरी सोही महलको ३ नं. बमोजिम जनही तजबिजी १० (दश) वर्ष कैद सजाय र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने साथै पुनरावेदक प्रतिवादीहरूलाई उक्त महलको ७।९ नं. बमोजिम जनही थप ४(चार) वर्ष कैद सजाय गरेको सुरूको फैसला सदर गर्ने पुनरावेदन अदालत, पाटनको मिति २०७१।४।२७को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-११३५, ०७१-CR-१३९०, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. छत्रबहादुर वि.क.समेत, छत्रबहादुर वि.क.समेत वि. नेपाल सरकार*

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) ले देहायको कुनै कार्य गरेमा मानव ओसारपसार गरेको मानिने छ भन्ने उल्लेख गरी देहाय (ख) मा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई... विदेशमा लैजाने वा अरू कसैलाई दिने भन्ने व्यवस्था गरेको र ऐ.ऐनको दफा २(ङ) ले शोषण भन्नाले दास तुल्याउने, बाँधा बनाउने कार्य सम्झनु पर्दछ भन्ने व्यवस्था गरेको पाइन्छ । प्रस्तुत मुद्दामा पीडितलाई प्रतिवादीहरूले काममा लगाई निजको पारिश्रमिक प्रतिवादीहरूले लिएको देखिएबाट उक्त ऐनको दफा ४(२) को (ख) को कसुर यी पुनरावेदक प्रतिवादीहरूले गरेको देखिन आएकोले आरोपित कसुरबाट निजहरूको उन्मुक्ति पाउँ भन्ने जिकिर युक्तिसङ्गत देखिन नआउने ।

प्रतिवादीहरूउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) अनुसारको शोषण गर्ने उद्देश्यले पीडित जाहेरवालीलाई विदेश भारतमा लगेको अभियोगमा सोही ऐनको दफा १५(१)(च) अनुसारको कसुर कायम गर्नुपर्नेमा दफा ३(१)(२) को कसुरमा दफा १५(१)(क) बमोजिम कसुर कायम गर्ने गरेको सुरू इलाम जिल्ला अदालतको मिति २०७१।१।२४ को फैसला सो हदसम्म उल्टी गरी पुनरावेदक प्रतिवादीहरूलाई उल्लिखित ऐनको दफा १५(१)(च) अनुसार जनही ५ वर्ष कैद गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०७१।७।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकनाथ गौतम

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०३६७, उत्प्रेषण, *फेकु हजारा दुसाध वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपाल सरकारबाट कानूनबमोजिम नै गठन गरिएको सुकुम्बासी समस्या समाधान आयोग, रौतहटले प्रक्रिया पूरा गरी उक्त जग्गा विपक्षी जवाहिर साह वनियाको नाउँमा दर्ता गर्ने निर्णय गरी सोहीबमोजिम विपक्षीले जग्गाधनी प्रमाण पुर्जा लिएको देखिन्छ । उक्त कार्य कानूनविपरीत भएको हो भनी निवेदकले कुनै प्रमाणद्वारा खण्डन गर्नसकेको पनि देखिँदैन । यसरी कानूनबमोजिम गठित सुकुम्बासी समस्या समाधान आयोगबाट उक्त जग्गा विपक्षीका नाउँमा दर्ता कायम गर्ने गरेको निर्णयको हकमा यदि कानूनविपरीत दर्ता नै गर्न नमिल्ने जग्गा वा सुकुम्बासी नै नभएको व्यक्तिको नाउँमा दर्ता भएको भए साधिकार निकाय मालपोत कार्यालयले मालपोत ऐनको व्यवस्थाबमोजिम हेरी बुझी बदर गर्नसक्ने नै हुन्छ । सो नगरिएसम्म सो दर्तालाई अन्यथा हो भन्न सकिने अवस्था नदेखिने ।

वादी प्रतिवादीबाहेकको वेङ्गा राय र फेकु पासवानको नाम उल्लेख भई सोमा कलधारा र पिपलको सानो रूख छ भनी उल्लेख भएको देखिन्छ । उक्त नक्सामा देखिएका फेकु पासवान यी निवेदक हुन् भनी यकिन भन्न सकिएन । उक्त मुद्दामा साधिकार निकाय जिल्ला अदालत, रौतहटबाट नै जग्गा खिचोला भए नभएको वा घर बास रहे नरहेको सम्बन्धमा निर्णय गर्ने नै हुँदा यस निवेदनबाट उक्त विषयमा निर्णय गर्नुपर्नेसमेत देखिन आउँदैन । रिट क्षेत्रबाट दर्ता गर्ने निर्णय बदर गर्नलाई यी निवेदकको हक स्थापित भइसकेको हुनुपर्छ । सो भएको अवस्था नदेखिँदा निवेदकको निवेदन मात्रको आधारमा निर्णय बदर गर्न मिल्ने नदेखिने ।

तसर्थ, विवेचित आधार कारणबाट सुकुम्बासी समस्या समाधान आयोग रौतहटबाट विपक्षी जवाहिर

साह वनियाका नाममा कि.नं.७७ को जग्गा दर्ता गर्ने गरी मिति २०५५।०७।१७ मा गरेको निर्णय र सोबमोजिम विपक्षीका नाउँमा दर्ता पुर्जा स्रेस्ता कायम गरिएको कार्यमा कानूनको त्रुटि भएको भन्ने नदेखिँदा उक्त निर्णय बदर गरी उक्त कि.नं.७७ को पर्ती जग्गा २०५५।०७।१७ भन्दा अघिकै अवस्थामा राखिराख्नु भनी आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन जिकिर स्वीकार गर्न सकिने देखिएन । प्रस्तुत रिट निवेदनबाट केही गरिरहनु पर्ने नदेखिँदा खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख २२ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०३४८, उत्प्रेषण, *इ.आर.एम.सी.प्रा.ली.समेत वि. सहरी विकास मन्त्रालयसमेत*

निवेदकहरूले पेस गरेको स्पष्टीकरणमा प्राविधिक प्रस्तावमा अन्य कम्पनीहरूको केही बुँदासम्म मिल्न गएको हुनसक्छ भनिएको देखिन्छ । यसबाट निवेदकहरूले प्रस्ताव पेस गर्दा नक्कल गरेको कुरालाई आंशिक रूपमा स्वीकार गरेको पाइयो । निवेदकहरू जस्ता उच्च स्तरको प्राविधिक शिक्षा प्राप्त जनशक्ति संलग्न संस्थाहरूले प्रस्ताव पेस गर्दा अरू कसैको नक्कल गर्नु वा सो कुरा गऱ्यो भनी आरोप लाग्नुसम्म पनि अत्यन्त दुर्भाग्यपूर्ण र लाजमर्दो कुरा हो । यसबाट निवेदकहरू स्वयम्लाई कस्तो कार्य गरेछौं भनी ग्लानी हुनुपर्ने हो । बौद्धिक चोरी वा नक्कल (Plagiarism) अत्यन्त आपत्तिजनक कुरा हो । यस्तो कार्यबाट बौद्धिक क्षेत्रमा हुने बदनामीको सामान्य हेक्कासम्म भएको भए यी निवेदकहरूले यस्तो दुस्साहस नगर्नुपर्ने।

निवेदकहरूले प्राविधिक र आर्थिक प्रस्ताव अलगअलग पेस गरेकोमा आर्थिक प्रस्ताव खोलिएको भन्ने पाइँदैन । सेवाको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी रूपले राखेको भन्नलाई आर्थिक प्रस्ताव हेर्नुपर्ने नै हुन्छ। आर्थिक प्रस्ताव नखोलिएको भन्नेमा विपक्षीहरू सहमत नै देखिएकोले कृत्रिम मूल्यमा काम लिने कोसिस गरेको भन्न सकिने अवस्था रहे भएको पाइँदैन । मिसिल हेर्दा निवेदकले जुन नगरपालिकाको GIS Based Urban Map तयार गर्न प्रस्ताव पेस गरेको छ सोमा एकभन्दा बढी प्रस्तावकर्ताबाट प्रस्ताव पेस गरेको हुँदा सार्वजनिक संस्थालाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट वञ्चित गरेको वा काम बाँडफाँड गर्ने कार्य गरेको भनी निश्चयात्मक रूपमा भन्न सकिने अवस्था नहुने।

निवेदकहरूले पेस गरेको प्रस्तावको दुई खण्ड अर्थात् Comments and Suggestions on the ToR भन्नाले परामर्श दिन खोजिएको कार्यको सीमा र अर्को खण्ड Work Plan, Approach and Methodology आदि कुराहरू गर्न खोजिएको कार्यसँग सम्बन्धित विषय नै हुन् भन्ने सामान्य समझको कुरा हो । यहाँ GIS Based Urban Map बनाउने कार्य निश्चित तरिकाबाट नक्सा तयार गर्ने विषयसँग सम्बन्धित रहन्छ। त्यस्तो परामर्श सेवाको लागि बोलपत्र आह्वान गरिएको छ भने दिन खोजिएको सेवाको कार्य सीमा (ToR), कामप्रतिको दृष्टिकोण वा काम गर्ने तरिका वा कार्ययोजनामा सारमा केही हदसम्म कुराहरू मिल्नुबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२)(च) मा उल्लिखित कार्य हुन गयो भनी मान्न नसकिने।

जुन बोलपत्रको सन्दर्भमा निवेदकलाई कालो सूचीमा राख्न लेखिएको छ सो बोलपत्रको सूचना नै रद्द भएको र पुन: मिति २०७०।१२।२० मा बोलपत्र आह्वान गरी नयाँ प्रस्तावहरू आह्वान गरी काम अघि बढाइएको अवस्था छ । यसरी दोस्रोपटक प्रस्ताव आह्वान हुँदा मेचीनगर र इटहरी नगरपालिकाको लागि आफूले प्रस्ताव नै नगरेको भन्ने निवेदकको भनाई हुँदा जुन बोलपत्र

खोली ठेक्का सम्झौता गरी कार्य अघि बढाइयो सो कार्यका विषयमा निवेदकको संलग्नता रहेछ भन्न सकिने अवस्था पनि नदेखिने।

आयोजना समन्वय कार्यालयले पर्याप्त आधार प्रमाणविना हचुवाको भरमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२)(च) मा उल्लिखित आचरणविपरीतका कार्य गरेको भनी निवेदक प्रस्ताव दाताहरूलाई स्पष्टीकरण सोध्ने, पेस भएको प्रस्ताव रद्द गर्ने र कालो सूचीमा राख्न सिफारिस गर्ने गरेको र सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत सोही आधारमा कालो सूचीमा राख्ने निर्णय गरेको देखिन आयो। यस्तो अवस्थामा आयोजना समन्वय कार्यालयले कालोसूचीमा राख्न गरेको सिफारिस र सो आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राख्ने गरी गरेको निर्णय र पत्राचार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२)(च) तथा कानून र न्यायका मान्य सिद्धान्तसमेत विपरीत देखिन आउने।

तसर्थ निवेदक ई.एम.आ.सि. कन्सल्ट्यान्ट प्रा.लि.समेतका कम्पनीहरूलाई कालो सूचीमा राख्नको लागि आयोजना समन्वय कार्यालयले मिति २०७१।०१।१६ मा गरेको सिफारिस र सोही सिफारिससमेतका आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(२) बमोजिम कालो सूचीमा राख्ने गरी मिति २०७१।०७।२१ मा गरेको निर्णय र सोको आधारमा भएका कामकारबाहीहरू कानूनको अख्तियारीभित्र रही गरेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ। साथै निवेदकहरूलाई कालो सूचीबाट हटाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल जेठ ८ गते रोज २ शुभम्।

यसै यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-WO-०३५६, उत्प्रेषण, *विजयमान जोशीसमेत वि. सहरी विकास मन्त्रालयसमेत*
- ०७१-WO-०३६४, उत्प्रेषण, *रमेशध्वज बस्नेतसमेत वि. सहरी विकास मन्त्रालयसमेत*
- ०७१-WO-०३६५, उत्प्रेषण, *राजेन्द्रप्रसाद यादवसमेत वि. सहरी विकास मन्त्रालयसमेत*

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-०१०८, लागु औषध, *नेपाल सरकार वि. राजु गुरूङसमेत*

प्रतिवादीहरूले लागु औषध को कसलाई के कति मात्रामा बिक्री वितरण गरे भन्ने तथ्य मिसिलबाट खुल्न आएको देखिँदैन । प्रतिवादीहरू लागु औषधका सेवनकर्ता हुन् भन्ने निजहरूको साक्षीहरूले अदालतसमक्ष बकपत्र गर्दा उल्लेख गरेका छन्। वादी पक्षले आफ्नो साक्षीहरूलाई अदालतसमक्ष उपस्थित गराई प्रतिवादीहरूले बेचबिखनको कारोबार गर्ने गरेका भन्ने दाबीलाई समर्थित गराउन सकेको पाइँदैन । यसबाट प्रत्यर्थी प्रतिवादीहरूबाट बरामद भएको लागु औषध बिक्री वितरणका लागि ल्याएका थिए भन्ने अभियोग दाबी यी पुनरावेदक वादीबाट शङ्कारहित तवरबाट पुष्टि गराउन सकेको देखिएन । यस्तो अवस्थामा प्रतिवादीहरूले लागु औषधको कारोबार गरेकोले अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

तसर्थ प्रतिवादीहरू राजु गुरूङ र सुवास भन्ने सुवास सारू मगरले बरामद लागु औषध बिक्री गर्ने प्रयोजनको लागी ल्याएको भन्ने नदेखिएको हुँदा निजहरूलाई सेवनतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम जनही २ महिना कैद र रू. दुई हजार जरिवाना हुने ठहऱ्याई गरेको

पुनरावेदन अदालत, बुटवलको मिति २०७१।९।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०७६४, उत्प्रेषण / परमादेश, *तोयनारायण अर्याल वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा १८ मा भएको कानून व्यवस्थाबमोजिम कुनै पनि निजामती कर्मचारीलाई देशको भौगोलिक अवस्थाको समेत जानकारी गराउने उद्देश्यले समय समयमा सरूवा गर्ने गरेको पाइन्छ। कुनै पनि निजामती कर्मचारीले कुनै कार्यालयमा अनन्त कालसम्म कार्यरत रहन पाउनु पर्छ भन्ने भनाई कानूनअनुकूल रहेको पाइँदैन। निजामती कर्मचारीको सरूवा एक नियमित प्रक्रिया हो। यस्तो अवस्थामा यी निवेदक तोयनाथ अर्याललाई निजामती सेवा नियमावली, २०५० को अनुसूची १६ मा उल्लेख भएअनुसार रूपन्देही जिल्ला “घ” वर्गको भौगोलिक क्षेत्रमा कार्यरत रहेको पाइयो। निवेदक उक्त जिल्लामा काज वा सरूवा भई पदस्थापन भएको मितिले सामान्यतः २ वर्षसम्म काम गर्न पाउने देखिन्छ। यस्तो अवस्थामा सामान्य प्रशासन मन्त्रालयले निजामती सेवा ऐन, २०४९को दफा १८(३) अनुसारको २ वर्षको समयावधि नपुग्दै र निजामती सेवा नियमावली, २०५० को नियम ३६(१)(क) मा तोकिएको समयतालिका भन्नाले *प्रत्येक वर्षको साउन महिनाभित्रमा सरूवा गर्नुपर्ने*मा सो कानूनको उल्लङ्घन गरी मिति २०७१।१०।१ मा निवेदकलाई गृह मन्त्रालयले काज सरूवा गरेको मितिले २ वर्ष नभई र ऐन, नियमले तोकेको महिनामा साउन महिनाभित्रमा नगरेकोले सामान्य प्रशासन मन्त्रालयको मिति २०७२।११।१२को निर्णय एवम् सोको आधारमा भएको मिति २०७२।११।१३को पत्र उत्प्रेषणको आदेशले बदर हुने।

अतः कानूनी व्यवस्था, विवेचित आधार र कारणहरू समेतबाट निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा १८(३) को समयावधि नपुग्दै र निजामती सेवा नियमावली, २०५० को नियम ३६(१)(क) मा तोकिएको समय श्रावण महिनाभित्र सरूवा गर्नुपर्नेमा सो नगरी निवेदकलाई जिल्ला प्रशासन कार्यालय, रूपन्देहीबाट आपूर्ति मन्त्रालय वा अन्तर्गतको कार्यालयमा सरूवा गर्ने गरेको सामान्य प्रशासन मन्त्रालयको मिति २०७२।११।१२ को निर्णय एवम् सो निर्णयको आधारमा मिति २०७२।११।१३ को पत्र उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अतः निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा १८(३) बमोजिम गृह मन्त्रालयको मिति २०७२।६।२४ को निर्णयले एवम् मिति २०७२।६।२७ को पत्रानुसार निवेदक कार्यरत रहेको कार्यालय, जिल्ला प्रशासन कार्यालय, रूपन्देहीमा कानूनले तोकेको सामान्यतः २ वर्ष अवधि नपुगेसम्मको लागि निवेदकलाई पदस्थापना भएको कार्यालयमा नै कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः प्रेम खड्का

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-WO-०१६०, उत्प्रेषण / परमादेश, *डिल्लीबहादुर खड्का वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत*

निजामती सेवा ऐन, २०४९को दफा १८ मा निजामती कर्मचारीलाई देशको भौगोलिक अवस्थाको बारेमा जानकारीसमेत दिलाउने गरी ऐ.ऐनको दफा १८(३)मा भएको व्यवस्थाबमोजिम “क” “ख” “ग” र “घ” वर्गको कार्यालयमा सरूवा गरिने कानूनी व्यवस्था रहेको पाइन्छ। यी रिट निवेदक निजामती सेवा

ऐन, २०४९ को दफा १८(३) बमोजिम "क" वर्गको भौगोलिक क्षेत्रअन्तर्गत रूकुम जिल्लामा कार्यरत रहेको देखियो। "क" वर्गको भौगोलिक क्षेत्रमा कार्यरत निजामती कर्मचारीलाई सामान्यतया डेढ वर्षको कार्य अवधिभन्दा अगाडि सरूवा गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको पाइने।

रिट निवेदकको निवेदन माग नै आफू कार्यरत रहेको कार्यालयबाट निजामती सेवा ऐन, २०४९को दफा १८(३)(क) बमोजिमको समयावधिभन्दा अगाडि सामान्य प्रशासन मन्त्रालयले सरूवा गरेकोले सो निर्णय उत्प्रेषणको आदेशले खारेज गरिपाउँ भन्ने रहेको पाइन्छ। रिट निवेदक मध्यपश्चिमाञ्चल सिँचाई विकास सव-डिभिजन १ नं. रूकुममा मिति २०७१।२।२९ बाट कार्यरत रहेको देखिन्छ । निज यस अदालतको मिति २०७२।५।१८ को अन्तरिम आदेशले सोही कार्यालयमा हालसम्म कार्यरत रहनु भएको छ । निवेदकको निवेदन आज इजलाससमक्ष पेस हुने दिनसम्म कानूनले तोकेको सरूवा अवधि (डेढ वर्षको अवधि) व्यतित भइसकेकोले प्रस्तुत निवेदनको औचित्य समाप्त भएको अवस्था हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६४-CI-०७९४, गुठी धर्मलोप, *मदन हरिराज राजोपाध्याय वि. विनय आचार्यसमेत*

२०२५ सालको शे.व.को लिखतबाट गुठीको हक प्राप्त गरेको भनी यी वादीले उक्त शेषपछिको बकसपत्र लिखत बदर गरिपाउँ भनी मुद्दा चल्दाचल्दैको अवस्थामा गुठियार वनमालीको शेषपछि गुठियार कायम भई केही समय गुठी सञ्चालन गरेको भए पनि उक्त फैसलाबाट यी वादीको गुठियारको हक समाप्त भएको मान्नु पर्ने।

गोविन्दराजकै नाउँमा कायम भइरहेको सम्पत्तिलाई प्रतिवादी छोरी मैयाले मिति २०३०।१।२ मा घरसारमा गरिदिएको कागजबाट स्वामित्वमा विवाद उठाउन सक्ने अवस्था देखिएन । आफ्नो हक कायम नभइसकेको अवस्थाको सम्पत्ति अन्य व्यक्तिलाई हस्तान्तरण गर्न मिल्ने पनि नहुने।

गुठी सञ्चालनका लागि औपचारिकरूपमा अक्षय कोषको स्थापना गरी जग्गाधनीहरूले निजी गुठीको जग्गा मोहीको नाउँमा नामसारी गर्न मन्जुरी दिई गुठी सञ्चालनको लागि छुट्टै रकमको अक्षयकोष स्थापना गरी गुठी सञ्चालन गरी रहेको अवस्थामा उक्त सम्पत्तिमा हकै स्थापित नभएका वादीले प्रतिवादीहरूलाई गुठी मासी धर्मलोप गरेको भन्ने दाबी लिन मिल्ने अवस्था देखिन नआउने।

गुठीको जग्गाको जग्गाधनी हकको अक्षयकोष खडा गरी ललितपुर नगरपालिका वडा नं. ४ कि.नं. ८९ को क्षे.फ. ४-०-० जग्गा विपक्षीहरूले मोहीको नाउँमा नामसारी हुने गरी हक स्वामित्व छोडी दिएको कुराउपर यी वादीको मुद्दा गर्ने हकदैया नै स्थापित नभएको अवस्थामा हकदैयाको अभावमा वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६०।३।४ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम्।

११

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-WO-०३६२, उत्प्रेषण / परमादेश, *शेख ईनुस वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत*

मुलुकी ऐन, जग्गा मिच्नेको ९ नं. मा कानूनबमोजिम रोक्का भएको जग्गा फुकुवा नभई आफ्नो हक पुग्ने भए पनि अर्कालाई केही बेहोराले दिन

र लिनेले पनि जानीजानी लिन हुँदैन। दिए लिएको भए बदर हुन्छ भन्ने व्यवस्था रहेको देखिन्छ। २०२४ सालमा सत्यनारायणसँग यी निवेदकले जग्गा घरसारको राजीनामा गरी लिँदाकै अवस्थामा हदबन्दीमा कारवाही चलेको जग्गालाई निजहरूले एकापसमा लिनुदिनु गरेको देखिन्छ। त्यसैगरी सोही महलको १८ नं. मा रोक्का भएको जग्गा लिए दिएको र जग्गा दपोट वा तिरो दपोट गरेको कुरामा बाहेक अरू जग्गाको कुरामा थाहा पाएको मितिले ६(छ) महिनाभित्र कूत बालीको कुरामा तीन वर्षभित्र र जग्गाको झगडा परेको बालीको हकमा जग्गाको हक छुट्टिई अन्तिम किनारा भएको मितिले एक वर्षभित्र नालेस नदिए लाग्न सक्नैन भन्ने हदम्याद सम्बन्धमा व्यवस्था भएको देखिन्छ। उपर्युक्त १८ नं. को कानूनी व्यवस्थाले पनि रोक्का भएको जग्गा लिए दिएकोमा र जग्गा दपोट र तिरो दपोट गरेको विषयमा हदम्याद नै नलाग्ने र अन्य विषयमा हदम्यादको व्यवस्था गरेको देखिन्छ। हदबन्दीमा कारवाही चली सकेपछि यी निवेदकले सत्यनारायणसँग लिनुदिनु गरेको र हदबन्दीबाट बचाउन लिनुदिनु गरेकोसमेत देखिन आएकोले उक्त जग्गाको दा.खा. दर्ताको लागि परमादेशको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदकका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विश्लेषण गरिएका आधार, कारण र प्रमाणसमेतबाट हदबन्दीमा छानबिन भई रोक्का रहेको पछि नेपाल सरकारको निर्णयले सरकारको नाममा आई सुकुम्बासी समस्या समाधान आयोगले विपक्षीमध्येकी रोकसाना खातुनका नाममा गएको जग्गा २०२४ सालकै घरसारको राजीनामाअनुसार मेरो नाममा दा.खा. दर्ताको लागि विपक्षी भूमिसूधार कार्यालय, रौतहटका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-WO-०३६३, उत्प्रेषण, *भरत कार्की वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

वस्तुतः कारवाही गर्नुपूर्व आफ्नो कुरा भन्न पाउने सुनुवाइको मौका दिनुपर्ने भन्ने उक्त कानूनी व्यवस्था प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रहेको छ। त्यसैले प्रहरी कर्मचारीलाई सजाय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने भन्ने उक्त कानूनी व्यवस्थाको अक्षरश: पालना हुनु अनिवार्य हुने।

कसैले पनि आफ्नो विरूद्धको कारवाहीमा सफाइ पेस गर्ने मौका पाउनु पर्छ भन्ने आधारभूत न्यायको सिद्धान्त हो। जुन प्राकृतिक न्यायको सिद्धान्तको रूपमा परिभाषित छ। कानूनले नै अपवादात्मक अवस्थाको व्यवस्था गरेकोमा बाहेक यो सिद्धान्तको सामान्यरूपमा पालना गर्न जरूरी हुने।

निवेदकलाई प्रहरी ऐन, २०१२ को दफा १० र ११ तथा प्रहरी नियमावली, २०४९ को नियम ८९ को उपनियम (२) अन्तर्गतको प्रक्रिया नपुर्‍याई सेवाबाट बर्खास्त गरेको उक्त निर्णयसमेत प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी भएको देखिन आउने।

अतः उपर्युक्त तथ्यहरूको विश्लेषण, कानूनी व्यवस्थाको व्याख्या र यस अदालतको पूर्ण इजलासबाट उल्लिखित राजिव सिंह र विरबहादुर अहिरको मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको आधारमा निवेदक भरत कार्कीलाई प्रहरी नियमावली, २०४९ को नियम ८९(२) अन्तर्गतको प्रक्रिया पूरा नगरी प्रहरी सेवाबाट बर्खास्त गर्ने गरेको प्रहरी नायब महानिरीक्षकबाट मिति २०७०।१।८ मा भएको निर्णय प्रहरी अतिरिक्त महानिरीक्षकबाट मिति २०७१।५।२२ मा सदर गर्ने गरेको निर्णयसमेत त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। निवेदकलाई नेपाल प्रहरीअन्तर्गतको प्रहरी सहायक निरीक्षक पदमा पूर्ववत् सेवामा बहाली गर्नु, गराउनु भनी

विपक्षीका नाममा परमादेशको आदेशसमेत जारी हुने।
इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली
कम्प्युटर: मन्जिता ढुगांना
इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CI-११००, अंश चलन, *उदयबहादुर कार्कीसमेत वि. सुशीला कार्कीसमेत*

विवादमध्येको कि.नं. १६८ को घरजग्गा र कि.नं. ३००, २३८ को जग्गा निजी आर्जनको हुँदा बन्डा लाग्ने होइन भन्ने लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी निर्मला राई कार्कीको तर्फबाट पेस भएको तायदाती फाँटवारीमा निजका नाउँमा रहेका विवादका का.जि.का.म.न.पा. कि.नं. १६८को ०-७-०-१ र सोमा बनेको घर र इलाम बौद्धधाम ८ (ख) कि.नं. २३८ को जग्गा तथा बलम्बु ४(क) कि.नं. ३०० को ०-४-०-० (चार आना) जग्गा निजी आर्जनबाट खरिद गरेको भनी पुनरावेदनमा जिकिर लिए पनि सगोलमा रहँदा बस्दा खरिद भएको सो सम्पत्तिबाट निजी आर्जनको हो भनी तथ्ययुक्त सबुद प्रमाण पेस गरी प्रमाणित गराउन सकेको देखिएन। निजी आर्जनबाट प्राप्त गरेको आय आर्जनको प्रमाणको बेगर निजको भनाईलाई मात्र प्रमाणमा लिन मिल्ने देखिएन। यस अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सगोलमा प्राप्त गरेको सम्पत्ति सबै अंशियारहरूको समान हक लाग्ने कानूनी व्यवस्था भएको पाइन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम विवादको कि.नं. १६८ को घरजग्गा, कि.नं. ३०० र कि.नं. २३८ को जग्गा सगोलको आय स्रोतबाट प्राप्त भएको मान्नुपर्ने हुँदा उक्त निजी आर्जनको भनेको कि.नं. १६८ को घरजग्गा र कि.नं. ३००, कि.नं. २३८ को जग्गालाई समेत ६ भागको ३ भागमा बन्डा लगाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिने।

तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट ६ भागको ३ भाग अंश वादीहरूले प्रतिवादीहरूबाट छुट्याई लिन पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।२३को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल मङ्सिर २० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१४५४, अपहरण शरीर बन्धक र विष्फोटक पदार्थ, *नेपाल सरकार वि. रामप्रवेश भन्ने नरेश कुशवाह महतोसमेत*

प्रस्तुत मुद्दामा घटना भएको तथ्यमा विवाद भए पनि प्रतिवादी नरेश कुशवाहा महतो बाहेक अन्य प्रतिवादीहरूको संलग्नता प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणबाट समेत शङ्कारहित रूपमा प्रमाणित गर्न नसकेको अवस्थामा अपहरण शरीरबन्धक जस्तो कसुरमा कसुरदार ठहऱ्याउनु न्यायसङ्गत नहुने।

प्रतिवादीहरू सबैजनाले विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ४ विपरीत कसुर गरेको भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा बरामद विस्फोटक पदार्थहरू के कुन प्रकृतिको रहे भएको भन्ने खुल्न नआएको र सो बम प्रतिवादीहरूमध्येको कसले कहाँ बम विस्फोट भएको भनिएको स्थानका सम्बन्धमा कुनै मुचुल्कामेत भएको देखिँदैन। बम बिष्फोट गराएको वा फालेको हो सोसमेत प्रस्ट रूपमा खुलाउन सकेको देखिँदैन। साथै बरामद बम त्यसै फालिएको अवस्थामा फेला पारिएको भन्ने उल्लेख भएकोमा सो बम प्रतिवादी कसैको साथबाट समेत बरामद हुनसकेको समेत पाइँदैन। यसरी बरामद बमसँग प्रतिवादीहरूको कहिँकतै

संलग्नता, निर्माण, पड्काएको, साथैबाट बरामद भएको तथा प्रतिवादीहरूले नै कहीँकतै राखेको भन्ने ठोस प्रमाणद्वारा शङ्कारहित तवरले पुष्टि हुनसकेको नदेखिँदा बिष्फोटक पदार्थ ऐन, २०१८ दफा ४ विपरीतको कसुर प्रतिवादीहरूबाट भए गरेको भन्ने आरोप शङ्कारहित तवरबाट प्रमाणित हुन नसक्ने देखिँदा प्रतिवादी अशोककुमार ठाकुर, विक्रम भन्ने विजयचन्द्र गुप्ता, लक्ष्मण दोरिक भन्ने देवीलाल महतो र मोहन भन्ने कान्छा खत्रीलाई अभियोग माग दाबीबाट सफाइ दिई प्रतिवादी रामप्रवेश भन्ने नरेश कुशवाहा महतोलाई मात्र कसुरदार ठहर गरी मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सजाय गरिसकेपछि निज प्रतिवादी रामप्रवेश भन्ने नरेश कुशवाहा महतो एक जनामात्रको अपराध ठहर भएको अवस्थामा ७ नं. को थप सजाय गरेको हदसम्मको सुरू फैसला केही उल्टी गरी प्रतिवादी रामप्रवेश भन्ने नरेश कुशवाहा महतोलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम कैद वर्ष ७ र रू.५०,०००।- जरिवाना मात्र हुने र क्षतिपूर्तिबापत जाहेरवालालाई रू.३०००।- प्रतिवादी राम प्रवेश भन्ने रामनरेश कुशवाहबाट भराई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१५४५, ०६७-CR-०९३१, ०६८-CR-१२६९, जालसाजी, *हिमकला खत्री वि. सीतादेवी कार्की, उदयबहादुर कार्कीसमेत वि. सीतादेवी कार्की, सीतादेवी कार्की वि. डा. उदयबहादुर कार्कीसमेत*

यसमा विपक्षको कि.नं ६८ को घर जग्गा प्रतिवादी निर्मला कार्की राईले पति उदयबहादुरलाई साक्षी राखी विपक्षी लालीमायालाई मिति २०६०।४।१६ र नं.७२९ मा लिखत पारित गरिदिएको र निज लालीमायाले पनि मिति २०६१।११।१८ मा र नं.१२१८८ बाट हिमकला खत्रीलाई राजीनामा गरिदिएको कुरामा विवाद नदेखिने।

अब उक्त लिखत सम्पूर्ण जालसाजी घोषित हुनुपर्नेमा ६ भागको १ भागमा लिखत जालसाजी घोषित गरेको मिलेको छैन भन्ने वादीको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा यसै लगाउको यिनै वादी प्रतिवादी भएको ०६७-CI-११०० नं. को अंश मुद्दामा यी वादी प्रतिवादीहरू जम्मा ६ अंशियार कायम भई प्रतिवादी निर्मला कार्की राईतर्फ १ जना छोरी र सीतादेवीतर्फका छोरा सुशिल कार्की र छोरी सुशिला कार्की २ जना भएकोमा समेत ६ अंशियारमध्ये ६ भागको ३ भाग अंश वादीले पाउने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको र सौता सौताका छोराछोरी ३ जना २१ वर्ष मुनिका हुँदा निजहरूको मन्जुरी लिइरहनु पर्ने कानूनी व्यवस्था नभएको र प्रतिवादी निर्मला कार्की राईले विवादको घर जग्गा बिक्री गर्दा पति उदयबहादुर कार्कीलाई साक्षी राखेको हुँदा सो जग्गा बिक्री गर्दा वादी सीतादेवीको मात्र मन्जुरी लिनुपर्नेमा निजको मन्जुरी नलिई विवादको कि.नं. १६८ को घर जग्गा लालीमाया थकालीलाई बिक्री गरेको देखिँदा वादी सीतादेवी कार्कीको हकमा सम्म उक्त लिखत जालसाजीपूर्वक भएको मान्नु पर्ने हुन आयो। हक हस्तानान्तरण गरी लिने पक्षलाई को कसको हक लाग्ने जग्गा हो ? को कसको हक हितमा असर पर्ने जाने हो ? सो सम्पत्तिमा हक पुग्ने हक को को हुन् ? सबै कुरा क्रेतालाई जानकारी रहने अवस्था पनि नरहेको र क्रेताले हक मेटाउने कार्य जानीजानी गरेको अवस्था पनि नदेखिएका र कानूनबमोजिम रीत पुऱ्याई आफूले आर्जन गरेको सम्पत्तिबाट खरिद गरेकोमा आफ्नो रकम

डुब्ने गरी आफूले राजीनामा गरेको कार्यमा फरक पर्ने गरी लिनुपर्नेसम्मको अन्य अवस्थासमेत केही नदेखिएबाट हक हस्तान्तरण गरिलिनेले समेत जालसाज गरेको कुरा पुष्टि हुन नआएकोले कि.नं. १६८ को घर जग्गाको बिक्री गरेको लिखतको ६ भागको १ भाग अर्थात् वादी सीताकुमारी कार्कीको हकसम्म जालसाज गरेको ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिने।

यी वादी र प्रतिवादी उदयबहादुर कार्कीसमेत एकासगोलमा रहेका र निर्मला कार्की राईका नाउँमा रहेको विवादको घर जग्गा स्वआर्जनको भन्ने वस्तुनिष्ट प्रमाणबाट पुष्टि गर्नसकेको नदेखिँदा त्यस्तो सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम एकाघरका अंशियारमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सबै अंशियारहरूको समान हक लाग्ने सम्झनु पर्ने भएकाले विवादको कि.नं. १६८ को घर जग्गा प्रतिवादी हिमकला खत्रीलाई बिक्री गर्दा सगोलको अंशियार सीतादेवी कार्कीको मन्जुरी लिनुपर्नेमा सो लिएको नदेखिँदा सो लिखतको ६ भागको १ भाग लिखत जालसाज घोषित गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिने।

मिति २०६०।४।१६ र नं. ७२९बाट पारित लिखतको ६ भागको १ भागसम्म किर्ते कागजको १० नं. बमोजिम प्रतिवादी उदयबहादुर कार्की र निर्मला कार्कीले जालसाज गरेको ठहऱ्याई अन्य प्रतिवादीहरूलाई उक्त सम्पत्तिमा वादीकोसमेत हक लाग्छ भन्ने थाहा थियो भन्ने तथ्य प्रमाणित हुन नआएकोले उदयबहादुर कार्की र निर्मला कार्की राईबाहेकका अन्य प्रतिवादीलाई सजाय गर्नु नपर्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६५।२।८ मा भएको फैसलालाई पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।७।२३ र मिति २०६८।३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी सीतादेवी कार्की प्रतिवादीहरू उदयबहादुर कार्की, निर्मला कार्की राई र हिमकला खत्रीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७४ साल मङ्सिर २० गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CR-११७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विक्रम भुसाल*

प्रतिवादी वारदातको समयमा आफ्नो दिमागको मालिक आफू नहुने हदसम्मको अत्यधिक आवेशमा पुग्ने अवस्थाको सिर्जना मृतकको कार्यले गरेको र सो अवस्थामा प्रतिवादीबाट भएको कार्यको परिणामले नै मृतकको मृत्यु भएको स्थापित भएको अवस्थामा मात्रै उक्त १४ नं. को कानूनी व्यवस्था आकर्षित हुने हुँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम प्रस्तुत मुद्दामा उक्त व्यवस्था आकर्षित हुने अवस्था नदेखिने।

घटनाको परिस्थिति हेर्दा प्रतिवादी र मृतकसमेत राँगा किन्न गेलू भन्ने स्थानमा गएको त्यहाँ राँगा नपाएपछि फर्की आउँदा मृतक, जाहेरवाला र प्रतिवादीहरूले बंगुरको मासुसित रक्सी खाई नसाको सुरमा घर फर्किन लाग्दा प्रतिवादीले मृतकलाई लात्ताले हान्दा मृतक भिरबाट लडी मृत्यु भएको देखिन्छ । घटनाबाट मृतकले लात्ताले हान्ने, घरतर्फ फर्कने बाटोबारे ध्यान पनि नदिई लात्ताले हानेको कारणबाट घटना आकस्मिकरूपमा घट्न गएको देखिन्छ। मृतक र प्रतिवादीहरूबीच ज्यान लिनेसम्मको पूर्वरिसइवी भएको वा कुनै योजनावद्ध किसिमले लात्ताले हानेको देखिँदैन। प्रतिवादीको कार्यमा मनसाय तत्त्व अभाव रहेको मिसिल संलग्न प्रमाणबाट देखिँदा र आफूले गरेको प्रहारबाट मृतक लडी मृत्यु हुन्छ भन्ने वा निजले चोट प्रहार गर्दा मृतक लड्न गई मृत्यु हुन्छ भन्ने कुरा प्रतिवादीलाई पूर्वज्ञान थियो भनी निष्कर्षमा पुग्नसक्ने अवस्था नहुँदा मृतकलाई मार्नुपर्ने मनसाय रिसइवी, पूर्वयोजना नभई

रक्सी खाई घर फर्कने क्रममा बाटामा लात्ता हान्दा मानिस मर्नसक्छ भन्ने नसोची होस नपुऱ्याई हेल्चेक्र्याइँ गरेको सिद्ध हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा ५ को कसुर गरेको देखिन आएकोले प्रतिवादी विक्रम भुसाललाई ऐ. ऐनको ऐ. महलको ६(२) अनुसार दुई वर्ष कैद सजाय गर्ने गरेको मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल पुस २ गते रोज १ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०६५७, निषेधाज्ञा, *लिलबहादुर थापासमेत वि. चुराबहादुर सापकोटासमेत*

पुनरावेदकहरूले सुकुम्बासी समस्या समाधान आयोग रूपन्देही बुटवलको कुपनका आधारमा जग्गामा हक हुन आयो भनी जिकिर लिएकोमा सो कुपन हेर्दा निवेदकहरूलाई दिएको भनिएको जग्गाको क्षेत्रफलसम्म उल्लेख गरी कुन ठाउँको जग्गा हो ? लगायतका विवरण खुलेको अवस्था देखिन आउँदैन। यसरी कुपनमा उल्लिखित जग्गा नै दाबी गरेको जग्गा हो भन्ने प्रमाण कागजात यी पुनरावेदकहरूले पेस गर्नसकेको पाइँदैन । दाबीको जग्गामा निर्विवाद हक हुन सो जग्गा निवेदकहरूको नाममा दर्ता भएको हुनु पर्दछ। सुकुम्बासी समस्या समाधान आयोगले निवेदनमा उल्लिखित जग्गाहरू निवेदकहरूको नाममा दर्ता गर्ने निर्णय गरी रिट निवेदकले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको अवस्था रिट निवेदनबाट खुल्नसकेको देखिएन। साथै सो जग्गा गौतम बुद्ध निम्न माध्यमिक विद्यालयको खेल मैदानसमेत रही सार्वजनिक प्रकृतिको रहेछ भन्ने पनि देखियो। यस अवस्थामा रिट निवेदकले आशङ्का देखाएको जग्गामा पुनरावेदक / निवेदकहरूको कानूनी हक नै सिर्जना भएको अवस्था नदेखिएबाट निषेधाज्ञाको रिटबाट हस्तक्षेप गर्न मिल्ने देखिन आएन । अत: निवेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।१२।४ मा भएको आदेश कानूनअनुरूप भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CI-१२०५, निषेधाज्ञा, *मनोजकुमार श्रेष्ठसमेत वि. ग्राण्ड बैंक नेपाल लिमिटेड, केन्द्रीय कार्यालयसमेत*

पुनरावेदक / निवेदकहरूले सम्झौतामार्फत लिएका रिट निवेदनमा उल्लिखित घरजग्गाहरू नै विपक्षी आयुषा डेभलपर्स प्रा.लि.ले ऋण कर्जाको सुरक्षणबापत विपक्षी ग्राण्ड बैंक नेपाल लिमिटेडलाई धितो दृष्टिबन्धकी लेखी मालपोत कार्यालयबाट रजिस्ट्रेसन पारितसमेत भएको भन्ने बेहोरा विपक्षी ग्राण्ड बैंक नेपाल लिमिटेडको लिखित जवाफबाट देखियो । यसबाट बैंकको ऋण फरफारक गरी पुनरावेदकहरूको नाउँमा सम्झौताबमोजिमको घरजग्गाहरू हक हस्तान्तरण भए गरेको देखिन आएन। यस अवस्थामा निवेदकहरूले दाबी गरेको उक्त घरजग्गामा रिट निवेदकहरूको निर्विवाद हक स्थापित भएको भनी मान्न नमिल्ने।

दाबीको घरजग्गाहरू २०६५ सालमा नै बैंकमा धितो राखी दृष्टिबन्धक पास भएको देखिएको अवस्था रहेको र बैंकहरूले यी निवेदकहरूसँग प्रत्यक्ष सम्झौता गरेको भन्ने पनि नदेखिएको अवस्थामा बैंकको आफ्नो लेना रकम असुलउपर नभएमा बैंकले सुरक्षणबापत लिएको धितो लिलाम बिक्री गरी असुल प्रक्रिया गर्न पाउने नै देखियो । यस्तो अवस्थामा बैंकबाट भएको लिलामी रोक्न पाउने हक यी निवेदकहरूलाई भएको

नदेखिँदा रिट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।३।२२ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-१५२१, ०७०-CR-१६५१, ०७०-CR-१६५२, १६५३, ०७०-RC-०११६, खुन डाँका, *आलम मियासमेत वि. नेपाल सरकार र समशेर मिया वि. नेपाल सरकार, आलम मिया वि. नेपाल सरकार, अनवारूल मिया वि. नेपाल सरकार, नेपाल सरकार वि. ममताज मियासमेत*

जाहेरवालाले प्रतिवादीहरूको नाम किटान गरी जाहेरी दिएको र पक्राउ परेका प्रतिवादीहरूको जाहेरवालाबाट सनाखत भएकोसमेत देखिन्छ। मिसिल संलग्न लास पोष्टमार्टम रिर्पोटबाट मनोजकुमार कामतको टाउकोमा घाउचोट लागी आन्तरिक रक्तश्रावको कारण मृत्यु भएको भनी उल्लेख भएको देखिन्छ। ममताज मियाको घरबाट उक्त वारदातमा चोरी भएको भनिएका सामानहरू, नगद, घडी तथा मोबाइल सेट बरामद भएको मिसिल संलग्न बरामदी मुचुल्काबाट देखिएको छ। पछि पक्राउ परी आएका आलम मियाले अभियोगमा उल्लेख भएको नाम, वतन आफ्नो नभएको जिकिर लिएकोमा त्यसलाई पुष्टि गर्ने कुनै कागजात पेस गर्नसकेको नदेखिँदा प्रमाणबिनाको जिकिरलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्न सकिने अवस्था रहँदैन । जाहेरवाला राम दयालु कामत, निजको श्रीमती बुचियादेवी कामत र कुन्तिदेवी घिमिरेसमेतले सनाखतसमेत गरिदिएकोबाट समेत वारदातमा संलग्न हुने यिनै पुनरावेदक प्रतिवादीहरू हुन् भन्ने पुष्टि हुने।

सबै प्रतिवादीहरू हातहतियार कट्टुवा पेस्तोल र लाठीसहित पोष्टराज घिमिरेको घरमा र राम दयालु कामतको घरमा गएका र समसेर मिया, जाकिर मिया, अण्डा भन्ने कुर्सेद मिया र नियाउद्दिन मियासमेतले मनोजकुमार कामतलाई कुटपिट गरेका र करिमको छोरा आलमले काठको बटमले निजको टाउकोमा प्रहार गरेको अन्य प्रतिवादीहरूले लाठीसहित घर घेरा हालेको भनी एकआपसमा पोल गरेको अवस्थामा यी पुनरावेदक प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भन्ने पुष्टि हुने।

मिसिल संलग्न घट्नास्थल मुचुल्का, लास प्रकृति मुचुल्का, तत्काल दिएको हुलिया जाहेरी र पछि दिएको किटानी जाहेरी दरखास्त, बुझिएका मानिसहरूले गरी दिएको घट्ना विवरण कागज र अदालतमा भएको बकपत्र, वस्तुस्थिति मुचुल्काका मानिसको कागज र अदालतमा भएको बकपत्रसमेतका समग्र प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरू तेत्तरा भन्ने आलम मिया, महम्मद खुरसेद मिया, अनवारूल मिया, आमद मिया, वकिल मिया, समसेर मिया र आलम मिया तथा साधकको रोहबाट पेस भएका प्रतिवादीहरू ममताज मिया, जाकिर मियाउपरको अभियोग दाबी पुष्टि भइरहेको र मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. अनुसार एकै कलमको कसुरमा ठूलो सजाय भएपछि सानो सजाय खापिने हुनाले डाँकातर्फको खत थपिने नदेखिएको अवस्थामा सुरू मोरङ जिल्ला अदालतको मिति २०६७।११।९ र मिति २०६९।१।३ को फैसला सदर गर्ने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।५।११ मा भएको फैसलालाई अन्यथा मान्नु पर्ने नदेखिने।

तसर्थः माथि विवेचित आधार कारणबाट जाहेरवाला राम दयालु कामतको छोरा मनोजकुमार कामतलाई कुटपिट गरी सख्त घाइते गराई निजको साथमा रहेको मोबाइल तथा नगदसमेत डाँका गरी लुटपिट गरेको र सोही घाउचोटको कारण उपचार गराउन

लैजाँदा लैजाँदै मनोजकुमार कामतको मृत्यु भएको देखिएको र सो कार्यमा यी पुनरावेदक प्रतिवादीहरू तेत्तरा भन्ने आलम मिया, महम्मद खुरसेद मिया, अनवारूल मिया, आमद मिया, वकिल मिया, समसेर मिया र आलम मिया तथा साधकमा पेस भएका प्रतिवादीहरू ममताज मिया र जाकिर मियाको संलग्नता पुष्टि हुन आएकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र चोरीको महलको ६ नं. को कसुरमा प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद हुने र जन्मकैद हुने हुँदा डाँकातर्फको सजाय खापिरहनु नपर्ने र जाहेरवालाको बिगो प्रतिवादीहरूबाट भराइदिने ठहर्‍याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६७।११।९ र मिति २०६९।१।३ मा भएको फैसलालाई सदर गर्ने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।५।११ मा भएको फैसला यी पुनरावेदक प्रतिवादीहरू तेत्तरा भन्ने आलम मिया, महम्मद खुरसेद मिया, अनवारूल मिया, आमद मिया, वकिल मिया, समसेर मिया र आलम मियाको हकमा तथा साधकमा पेस भएका प्रतिवादीहरू ममताज मिया र जाकिर मियाको हकमा समेत मिलेकै देखिँदा सदर हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-WO-०४०१, उत्प्रेषण, *दुर्गाप्रसाद खनाल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

रिट निवेदकको स्थायी वतन जिल्ला झापा सुरूङ्गा गा.वि.स. वडा नं. ३ भनी निजले पेस गरेको नेपाली नागरिकताको प्रमाणपत्रबाट देखिन्छ । निजको वतन वडा नं. ६ हो भन्ने तथ्य कुनै लिखत कागजबाट समर्थित भएको देखिएन । यसरी ई.प्र.का. अनारमनी झापाबाट खटिई गएका प्रहरी कर्मचारीहरूले प्रहरी प्रधान कार्यालयबाट निवेदकको नाममा जारी भएको म्याद सूचना झापा जिल्ला सुरूङ्गा गा.वि.स. वडा नं. ६ मा खोजतलास गर्दा फेला नपरेकोले निवेदकको घर दैलोमा गा.वि.स. सचिवको रोहबरमा म्याद सूचना टाँस गरेको भनी गलत वतनमा म्याद तामेल गरेको देखिन आउने।

निवेदक दुर्गाप्रसाद खनालको स्थायी वतन झापा जिल्ला सुरूङ्गा गा.वि.स. वडा नं. ३ भएको कुरा निजले रिट निवेदनसाथ पेस गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसमेतका कागज प्रमाणबाट देखिएको छ । प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंबाट निवेदकको नाममा हाजिर हुन आउनु भनी जारी भएको सूचना म्याद झापा जिल्ला सुरूङ्गा गा.वि.स. वडा नं. ६ मा टाँस गरिएको देखियो। यसबाट कानूनको उचित प्रक्रिया अनुशरण गरी रिट निवेदक दुर्गाप्रसाद खनाललाई सुनुवाइको मनासिब मौका प्रदान गरिएको थियो भनी मान्न मिल्ने अवस्था नदेखिने।

निवेदक दुर्गाप्रसाद खनाललाई सेवाबाट हटाउनुअगाडि निज विरूद्धको आरोप किटान गरी हुनसक्ने सजाय प्रस्ताव गरी स्पष्टीकरण सोधिएको देखिँदैन । साथै, निज निवेदक बेपत्ता भएको वा सम्पर्क गर्न नसकिएको भन्ने कुरा यकिन हुनसक्ने अवस्था पनि निजलाई कारवाही गरिएको फाइलबाट देखिएन। सफाइको मौका प्रदान गर्नु नपर्ने अवस्थामा पनि सोको वस्तुगत आधार र कारण उल्लेख गर्नुपर्ने हुन्छ सोसमेत गर्नसकेको अवस्था नदेखिने।

कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुभन्दा अगाडि सुनुवाइको मौका दिइनु पर्छ । सुनुवाइको मौका नदिइकन गरेको निर्णयले न्यायिक मान्यता प्राप्त गर्न सक्दैन। सेवाबाट बर्खास्त गर्नेजस्तो कठोर र अन्तिम सजाय गर्दा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी वा कानूनले निर्दिष्ट गरेको कार्यविधिको अक्षरश: पालना नगरी निर्णय गरिन्छ भने त्यस्तो निर्णयलाई कानूनको दृष्टिमा त्रुटिपूर्ण नै मान्नु पर्ने।

प्रहरी सेवा राज्यका नागरिकहरूको शान्ति

सुरक्षासँग सम्बन्धित संवेदनशील सेवा हो । समाजमा शान्ति सुव्यवस्था कायम गरी कानूनी राज्यको स्थापना गर्नका लागि महत्त्वपूर्ण जिम्मेवारी बोकेको प्रहरी संगठनका कर्मचारीहरू अनुशासन र मर्यादामा रहनुपर्छ र आफ्नो जिम्मेवारी पूरा नगर्ने कर्मचारीलाई कानूनबमोजिम सजाय हुनु पनि पर्दछ । तर यसरी सजाय गर्नुभन्दा अगाडि कानूनको उचित प्रक्रिया अपनाई सुनुवाइको मनासिब मौका प्रदान गरिनु पर्दछ । सफाइको मौका नै नदिई सेवाबाट बर्खास्त गर्ने गरेको निर्णयले वैधानिकता प्राप्त गर्न सक्दैन । तसर्थ, निवेदकलाई सुनुवाइको मौका नदिई प्रहरी सेवाबाट अवकाश दिने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा निवेदक दुर्गाप्रसाद खनाललाई प्रहरी सेवाबाट हटाउने गरी प्रहरी महानिरीक्षकबाट मिति २०६३।०८।१८ मा भएको निर्णय तथा सो निर्णयलाई सदर गर्ने गरी माननीय गृहमन्त्रीबाट मिति २०६७।२।२४ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

प्रहरी नियमावली, २०४९को नियम ९६ मा "कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै अदालत, वा अधिकारीबाट रद्द भई निज सेवामा पुनः कायम भएमा सेवाबाट हटाएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत निजले पाउनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ । तसर्थ उक्त प्रावधानतर्फ समेत दृष्टिगत गरी निवेदकलाई पूर्ववत् रूपमा साबिक पदमा पुनर्बहाली गरी प्रहरी सेवाबाट हटाइएको मितिदेखि सेवामा पुनर्बहाली हुने मितिको बीचको अवधिको निजले कानूनबमोजिम पाउने तलब भत्ता, तलब बृद्धि र कानूनबमोजिम पाउने अन्य सुविधासमेत दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल पुस २८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०७५१, ०७२-CR-१७२१, सरकारी छाप दस्तखत किर्ते, *सुनजित तामाङ वि. नेपाल सरकार र यमकुमारी नेपाली वि. नेपाल सरकार*

प्रतिवादीहरू यामकुमारी नेपालीको र सुनजित तामाङको एस.एल.सी.को प्रमाणपत्रको फोटोकपी अप्रयुक्त अवस्थामा निजहरूको व्यक्तिगत फाइलबाट बरामद भएको देखिएको, उक्त प्रमाणपत्रको सक्कल नभएको, उक्त प्रमाणपत्रको फोटोकपीमा सक्कलबमोजिम नक्कल ठीक छ भनी निज प्रतिवादीहरूले हस्ताक्षर गरी प्रमाणित नगरेको, उक्त प्रमाणपत्रबाट आफूहरूलाई फाइदा प्रमाण हुने गरी काम गरेको भन्ने तथ्य यी प्रतिवादीहरूको व्यक्तिगत विवरण फारामबाट पनि प्रतिवादीहरू यामकुमारी नेपाली र सुनजित तामाङले किर्ते गरेको भन्ने तथ्य समर्थित गर्ने गरी अभियोग पत्रसाथ प्रमाण पेस भएको पाइएन । तसर्थ यी प्रतिवादीहरू यामकुमारी नेपालीले र सुनजित तामाङले अभियोग दाबीबमोजिम मुलुकी ऐन, किर्ते कागजको महलको १, नं. तथा १२ नं. अनुसारको सरकारी अड्डाको छाप वा सरकारी कर्मचारीको दस्तखत भएको सरकारी कागज शैक्षिक प्रमाणपत्र किर्ते गरेको भन्ने कुरा सप्रमाण पुष्टि हुन आएको नदेखिने ।

अतः माथि विवेचित आधार कारण र प्रमाणहरू समेतबाट पुनरावेदक / प्रतिवादीहरू यामकुमारी नेपाली र सुनजित तामाङले अभियोग दाबीबमोजिमको आरोपित कसुर गरेको नदेखिँदा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।०३।०५ मा प्रतिवादीहरू यामकुमारी नेपालीले र सुनजित तामाङले अभियोग दाबीअनुसारको कसुर गरेको देखिन आएकोले बिगो नखुलेको अवस्था हुँदा मुलुकी ऐन, किर्ते कागजको महलको ९ तथा १२ नं. अनुसार प्रतिवादीहरू यामकुमारी नेपाली र सुनजित तामाङलाई जनही रू. ५०।– (पचास रूपयाँ) जरिवाना र १ वर्ष (एक वर्ष) कैद हुने ठहऱ्याई भएको फैसला

पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।०५।२६ मा सदर हुने ठहऱ्याई भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक / प्रतिवादीहरू यामकुमारी नेपाली र सुनजित तामाङले आरोपित कसुरको अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल माघ ११ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१५८०, लागु औषध कोरेक्ससमेत, *नेपाल सरकार वि. मुकेश चौधरीसमेत*

लागु औषध जफत गरिएको भनिएको घर ऐलानी जग्गामा बनेको भन्ने अनुसन्धानबाट देखिएको छ। ऐलानी जग्गाको स्वामित्व कसैमा रहने देखिँदैन। उक्त घर जग्गाको धनी निज प्रतिवादी सीताराम यादव नै हुन् भन्ने कुनै प्रमाणसमेत पुनरावेदक / वादी नेपाल सरकारले गुजार्न सकेको पाइँदैन। घर जग्गामा बस्दै आएको आधारले मात्र कुनै व्यक्ति घर जग्गाको धनी नै हो भनेर भन्न मिल्दैन। निज प्रतिवादीले भोग गरेको ऐलानी जग्गा र सोमा बनेको घर नेपाल सरकारले चाहेको बखत कानूनबमोजिम प्रयोग गर्नसक्ने अवस्था पनि रहन्छ। घर जग्गाको धनीले नै कसुर गरेको अवस्थामा मात्र घर जग्गा जफत हुनसक्ने कानूनी व्यवस्था भएकोले घर जग्गाको धनी नै यकिन नभएको अवस्थामा सो घर जग्गा जफत गर्नु मनासिब हुँदैन। विवादित घर दर्ता हकको नभई ऐलानी जग्गामा बनेको देखिएकोले उक्त घरको धनी निज सीताराम यादव भएको अनुमान गरी घर जफत हुनुपर्दछ भनी अर्थ गर्न मिल्ने देखिँदैन। तसर्थ लागु औषध जफत भएको प्रतिवादी सीताराम यादव बसेको घर जफत नहुने ठहऱ्याएको सुरू फैसला सो हदसम्म सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन आउने।

प्रतिवादी कृष्णकुमार धुरझार मौकामा तथा अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको, अन्य प्रतिवादीहरू समेतले पोल नगरेको र मौकामा पोल गर्ने प्रतिवादी दानबहादुर कार्कीले अदालतमा बयान गर्दा आफूले मौकामा समेत यी प्रतिवादीलाई पोल गरेको छैन भनी बयान गरेको अवस्था हुँदा निजउपरको अभियोग दाबी सबुद प्रमाणहरूबाट पुष्टि हुन सक्दैन। तसर्थ निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रत्यर्थी / प्रतिवादी मुकेश चौधरीबाट लागु औषध बरामद भएको नभई दानबहादुर कार्कीले रिजर्भमा लिई गएको भ्यानबाट अरू व्यक्तिले नै राखेको लागु औषध बरामद भएको देखिन्छ। निजले नै लागु औषधको कारोबार र ओसारपसार गर्न लागु औषध मगाएको भन्ने अन्य प्रतिवादीहरूको बयानलगायतका कुनै प्रमाणबाट खुल्न आउँदैन। यस्तो अवस्थामा निजलाई मुख्य अभियुक्तको रूपमा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन। निजले गाडी खोजी सँगसाथ लागी गई कसुर गर्न सहयोगसम्म गरेको भने पुष्टि भइरहेकोले निज प्रतिवादी मुकेश चौधरीलाई मतियारका रूपमा ऐनको दफा १७ अनुसार मुख्य अभियुक्तलाई भएको सजायको आधा एक वर्ष कैद र पचास हजार जरिवाना हुने गरी भएको फैसला मिलेको नै देखिन आउने।

प्रतिवादी मदनमणी काफ्लेले मौकामा तथा अदालतमा समेत कसुरमा पूर्णरूपमा इन्कार रहेका, निजको इन्कारी बयान सहप्रतिवादीको बयान, प्रतिवेदकको बकपत्र, प्रतिवादीकै साक्षीको बकपत्रसमेतबाट समर्थित भएको हुँदा निजले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएन। निजले जानीजानी लागु औषध ओसारपसार गर्न गाडी लगी गएको र लागु औषध हो भन्ने जानीजानी गाडीमा राख्न लगाएको भन्ने कुनै प्रमाण देखिन आउँदैन। यसैले निजलाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने।

प्रतिवादी मदनमणि काफ्लेले लागु औषधको कसुरमा आफ्नो गाडी प्रयोग हुने कुरा थाहा पाएको भन्ने कुरा प्रमाणबाट पुष्टि भएको देखिँदैन । निज गाडीलाई भाडामा चलाउने व्यावसायिक मानिस भएकोले ब्लुबुक पुऱ्याउन कोशी ब्यारेजसम्मका लागि गाडी चाहियो भनी भनेकाले रू.२०००।- भाडा लिएर मात्र गाडी लगेको देखिएको छ। सो तथ्य निजको अनुसन्धान र अदालतको बयानबाट र गाडीको कुरा गर्ने मुकेश चौधरीको परस्पर समर्थित बयान बेहोराबाट खुल्न आएको छ । प्रतिवादी मदनमणी काफ्लेका साक्षी त्रिलोचन रिजालले मदनमणीको गाडी भाडामा लगिएको हो, गाडी निजले नै चलाएका थिए, लागु औषधका बारेमा निजलाई पूर्वजानकारी थिएन, निज गलत कार्य गर्ने मानिस होइन भनी बकपत्र गरी निज प्रतिवादीको बयानलाई समर्थन हुने गरी लेखाइदिएको पाइन्छ । निजले कसुर गर्नलाई नै गाडी लगी गएको भन्ने कहीँकतैबाट खुल्न आउँदैन । त्यसैले निजले सफाइ पाउने भनी ठहर भएको छ। निजले सो गाडी ऐ. दफा १८क(१) अनुसार लागु औषधको कारोबारबाट आर्जित रकमबाट पनि किनेको देखिँदैन । तसर्थ निजको गाडी जफत नहुने ठहऱ्याई भएको फैसला मिलेको नै देखिन आउने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट सुरु सुनसरी जिल्ला अदालतबाट प्रतिवादीहरू मध्येका दानबहादुर कार्की र सीताराम यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ), (ङ) र (च) को कसुरमा ऐ.को दफा १४ (१)(झ) बमोजिम जनही २ वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना हुने, निज सीताराम यादव बसोबास गर्दै आएको घर जग्गा जफत नहुने, प्रतिवादी मुकेश चौधरीलाई ऐ. ऐनको दफा १७ बमोजिम मतियारको रूपमा मुख्य अभियुक्तलाई हुने सजायको आधा १ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने, प्रतिवादी मदनमणी काफ्लेलाई ऐ. ऐनको दफा १५ बमोजिम दश हजार जरिवाना भई निजले चलाएको बा.२ च २४०२ को मारूती भ्यान जफत हुने र प्रतिवादी कृष्णबहादुर धुरझारलाई सफाइ हुने ठहऱ्याई मिति २०७०।६।२ मा भएको फैसला केही उल्टी गरी प्रतिवादीहरू दानबहादुर कार्की र सीताराम यादवलाई अभियोग दाबीअनुसार सजाय हुने र प्रतिवादी मुकेश चौधरीलाई मतियारको रूपमा मुख्य अभियुक्तलाई भएको सजायको आधा सजाय हुने गरी भएको सुरू फैसला सो हदसम्म सदर हुने र प्रतिवादीमध्येका मदनमणि काफ्लेलाई दश हजार जरिवाना भई निजको मारूती भ्यान जफत हुने ठहऱ्याई भएको सुरू फैसला सो हदसम्म उल्टी भई निजलाई सफाइ दिने र निजको मारूती भ्यानसमेत जफत नहुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।१०।११ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-०१६५, लागु औषध, *नेपाल सरकार वि. भरतनारायण सरदारसमेत*

प्रतिवादीहरूको बयानबाट र कसुरको तौरतरिकासमेतबाट प्रतिवादीहरूको आपसी सल्लाह, योजना र मिलेमतोबाट प्रस्तुत मुद्दाको वारदात घटेको र सम्पूर्ण बरामदी लागु औषधमा सबै प्रतिवादीहरूको संलग्नता रहेको भनी वादी पक्षले पुष्टि गर्न नसकेको अवस्थामा शङ्काको भरमा पुनरावेदन जिकिरअनुसार समग्र बरामदी लागु औषध चरेशलाई एकसाथ एकीकृत गरी एउटै समूहको हो भनी अनुमान गरी प्रतिवादीहरूलाई सजाय हुनुपर्दछ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने अवस्था नरहेको हुँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिएकाले सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार प्रमाणसमेतबाट

बरामदी मुचुल्कामा उल्लेख भएअनुसार पठाउने र पाउने छुट्टाछुट्टै ठाउँका छुट्टाछुट्टै व्यक्तिहरू रहे भएको अवस्थामा जो जसबाट जे जति लागु औषध चरेश बरामद हुन आएको छ सोहीअनुसार प्रतिवादीमध्येका भरतनारायण सरदारलाई कसुरको मात्राअनुसार ऐ.ऐनको दफा १४(१)(घ)(५) बमोजिम ३ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने तथा अन्य प्रतिवादीहरू कर्मा गुरूङ, पल्लवी डङ्गोललाई ऐ. ऐनको दफा १४(१)(घ)(४) बमोजिम कसुरको मात्राअनुसार एक वर्ष तीन महिना कैद र रू.१५,०००।– जरिवाना हुने र प्रतिवादी कर्मा गुरूङलाई ऐ.ऐनको दफा १६ बमोजिम थप ६ महिना कैद र रू.१०,०००।– जरिवानासमेत हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।११।१५ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम्।

## इजलास नं. १३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WH-००५३, बन्दीप्रत्यक्षीकरण, *चन्द्रकान्त राउतको हकमा डा. जयकान्त राउत वि. गृह मन्त्रालयसमेत*

विपक्षीहरूको आदेशबाट निवेदक थुनामा रहेको नदेखिई अदालतको आदेशअनुसार थुनामा रहेको पाइएकोले निजलाई बिनाआधार र कारण बलजफ्ती थुनामा राखिएको अवस्थाको विद्यमानता नभई कानूनको उचित प्रक्रिया (Due process) पुऱ्याएर सक्षम अदालत, (Competent court) को आदेशले थुनामा रहेको देखियो। यसरी थुनामा राख्ने आदेश दिने निकायलाई विपक्षीसमेत नबनाइएको प्रस्तुत रिट निवेदनको आधारमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिन नआउने।

अतः निवेदकको थुना गैरकानूनी नदेखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल चैत ६ गते रोज १ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-WO-००२७, उत्प्रेषण / परमादेश, *खिमबहादुर थापाक्षेत्री वि. जिल्ला प्रहरी कार्यालय, रूपन्देहीसमेत*

निवेदक खिमबहादुर थापा जिल्ला प्रहरी कार्यालय, रूपन्देहीअन्तर्गत प्रहरी चौकी मुडिला रूपन्देहीमा कार्यरत रहेको र त्यस्ता प्रहरी कर्मचारीलाई कारवाही गर्ने अधिकार सोही जिल्लाका प्रहरी उपरीक्षकलाई रहेको देखिँदा सम्बन्धित जिल्लाका अधिकारप्राप्त अधिकारीबाटै रिट निवेदकलाई नोकरीबाट हटाउने निर्णय भएको देखियो। त्यसैगरी रूपन्देही जिल्लाका प्रहरी उपरीक्षकले गरेको निर्णयउपर पुनरावेदन सुन्ने अधिकार पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकलाई नै भएको देखियो। कानूनबमोजिम प्राप्त अख्तियारी प्रयोग गरी निवेदकलाई सुनुवाइको अवसर दिनेलगायतका कानूनद्वारा निर्धारित प्रक्रियाको अनुशरण गरी निर्णय गरिएको देखिन्छ। तसर्थ नियमानुसार पाएको अख्तियारीको प्रयोग गरी गैरकानूनी कार्य गर्नेलाई सजाय गर्नसक्ने अधिकारअन्तर्गत नै यी रिट निवेदकलाई सेवाबाट हटाउने गरी जिल्ला प्रहरी कार्यालय, रूपन्देहीका प्रहरी उपरीक्षकले मिति २०६६।१।२७ मा गरेको निर्णय र सो निर्णयलाई सदर गरेको पश्चिम क्षेत्रीय

प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकको मिति २०६७।१।३१को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा निवेदन मागअनुसारको आदेश जारी गरिरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-MS-००१८, आदेशको अपहेलना, *कुमार पाण्डे वि. सचिव केशवध्वज अधिकारी, ऊर्जा मन्त्रालयसमेत*

उत्प्रेषणको निवेदनमा यस अदालतमा कारवाही हुनुभन्दा अगाडि मिति २०६९।१०।८ मा व्यतित भइसकेको अवधि कायम हुने गरी सर्वेक्षण अनुमतिपत्रको नवीकरण गर्ने र २०७०।२।१७ मा निवेदकले दिएको विद्युत् उत्पादन अनुमतिपत्रको दरखास्त रद्द गर्ने निर्णय विपक्षीहरूबाट भए पनि यस अदालतबाट मिति २०७०।६।८ मा अन्तरिम आदेश जारी भएपछि उक्त निवेदनमा यस अदालतबाट अन्तिम निर्णय भएपछि मात्र परियोजनाको कारवाही प्रक्रिया अगाडि बढाउने गरी विपक्षी उर्जा मन्त्रालय (सचिव स्तर) बाट मिति २०७१।१२।११ मा निर्णय भई सोहीअनुसार निवेदकलाई जानकारी गराएको देखिन्छ। विपक्षी उर्जा मन्त्रालयको उक्त निर्णयले यस अदालतको अन्तरिम आदेशलाई पालना गरी निवेदक विद्युत् परियोजनाको सर्वेक्षण अनुमतिपत्र निवेदकबाहेक अन्य तेस्रो व्यक्ति कसैलाई प्रदान नगरी यथास्थितिमा नै राखेको देखियो। यस तथ्यबाट विपक्षीहरूले यस अदालतबाट जारी भएको अन्तरिम आदेशको पालना गरेको नै पाइने।

त्यसैगरी मिति २०६८।९।२२ सम्म कायम हुने सर्वेक्षण अनुमतिपत्रको नवीकरण मिति २०६९।१०।८ को निर्णयबाट थप गरेको विपक्षीहरूको निर्णय र काम कारवाहीले निवेदकलाई असर पर्न गएको वास्तविकता सम्बन्धमा लगाउको ०७०-WO-०२२६ को निवेदनमा आज यसै इजलासबाट विपक्षीहरूबाट भएको मिति २०६९।१०।८ र मिति २०७०।२।१७ को निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई विद्युत् सर्वेक्षणको अनुमतिपत्र र विद्युत् उत्पादन अनुमति प्रदान गर्नुपर्ने नपर्ने सम्बन्धमा कानून र तथ्यको वस्तुनिष्ठ अध्ययन गरी निर्णय गर्नु भनी परमादेशको आदेशसमेत जारी भई निवेदकले न्याय प्राप्त गरिसकेको स्थिति देखिँदा यस अदालतबाट मिति २०७०।६।८ मा अन्तरिम आदेश जारी भएपछि उक्त आदेशलाई पालना गरी निवेदनमा अदालतबाट अन्तिम निर्णय नहुँदासम्म विद्युत् उत्पादनको सर्वेक्षण अनुमतिपत्र र उत्पादनको अनुमतिपत्र जारी गर्नेसम्बन्धी कामकारवाही विपक्षीहरूले निवेदकबाहेक अन्य तेस्रो व्यक्ति कसैलाई प्रदान नगर्ने निर्णय गरी यथास्थितिमा राखेको र विपक्षी केशवध्वज अधिकारीको लिखित जवाफसमेतबाट निजले अदालतको आदेशको सम्मान गरी आदेशको अवहेलना गरेको नपाइँदा अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम्।

## इजलास नं. १५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-WO-०३२४, उत्प्रेषण / परमादेश, *मुकेशकुमार कार्की वि. जिल्ला प्रहरी कार्यालय, सुनसरीसमेत*

स्पष्टीकरणमा निवेदकले लागु औषधबारे उल्लेख नगरे तापनि निजले स्पष्टीकरणमा गाडी चेक जाँच गर्दा सो गाडीमा लागु औषध कोरेक्स र स्पास्मोप्रोक्सीभोन फेला परेको र गाडी चालकसँग तत्काल रू.२०,०००।- (बीस हजार) र १९.५० बजे

रू.१०,०००।- (दश हजार) लिएको र रू.१०,०००।- (दश हजार) भोलिपल्ट लिने सर्तमा उक्त लागु औषधसहित गाडीका चालकलाई छाडिदिएको हुँ भनी बयान गरेको पाइन्छ। उक्त बयान दबाबमा पारी गराइएको भनी निवेदकले जिकिर लिए तापनि निजसँग गस्तीमा गएका प्रहरी जवान रूद्रबहादुर ताम्लीको बयानसमेतबाट उक्त गाडीबाट लागु औषध फेला परेको पुष्टि भएको, निज रिट निवेदकबाट उक्त गाडी चालकबाट अवैधरूपमा लिएको रकम रू. ३०,०००।- (तीस हजार) बरामद भएको कारवाही फाइल संलग्न बरामदी मुचुल्कासमेतबाट पुष्टि भएको र सो रकम लिएको कुरा निवेदकले स्पष्टीकरणमै स्वीकार गरेकोसमेतबाट निवेदकले प्रहरी नियमावली २०४९ को नियम ८८ को देहाय (छ) मा उल्लिखित कसुर गरेको देखिएको र ऐ. नियम ९३ बमोजिम उक्त कसुरमा माथि उल्लेख भएबमोजिम निवेदक अञ्चल सशस्त्र प्रहरी गुल्म, कोशी, धरान दरबन्दीका भए पनि निज तत्काल जिल्ला प्रहरी कार्यालय, सुनसरीअन्तर्गत अस्थायी प्रहरी पोष्ट श्यामचोक धरानमा कार्यरत रहेको देखिएकाले उपर्युक्त कानूनी व्यवस्थाअनुसार जिल्ला प्रहरी कार्यालय, सुनसरीका प्रहरी उपरीक्षकले निवेदकलाई कारवाही तथा सजाय गर्नसक्ने नै देखियो । अतः निवेदकलाई उपर्युक्त कानूनी व्यवस्थाबमोजिम सम्बन्धित जिल्ला प्रहरी कार्यालय, सुनसरीका प्रहरी उपरीक्षक सौरभ राणाबाट मिति २०६९।८।२५ मा भएको कारवाही र निर्णयमा कुनै कानूनी त्रुटि भए गरेको नदेखिने।

तसर्थ उल्लिखित आधार र विवेचनाबाट रिट निवेदक मुकेशकुमार कार्कीले प्रहरी नियमावली, २०४९ (संशोधनसहित) को परिच्छेद ९को नियम ८८ को देहाय (छ) को कसुर गरेको भनी ऐ. नियमावलीको नियम ९३ को उपनियम ३(ख) ले दिएको अधिकार प्रयोग गरी सम्बन्धित जिल्ला प्रहरी कार्यालय, सुनसरीको प्रहरी उपरीक्षकबाट ऐ. नियमावलीको नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी भएको निर्णय र सो सुरू निर्णय सदर हुने गरी भएको पूर्वक्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरका प्रहरी नायब महानिरीक्षक उपेन्द्रकान्त अर्यालबाट भएको पुनरावेदन निर्णय कानूनबमोजिम नै भए गरेको देखिँदा निवेदकलाई नोकरीबाट अवकाश दिने गरी जिल्ला प्रहरी कार्यालय, सुनसरीको प्रहरी उपरीक्षकबाट भएको मिति २०६९।८।२५ को निर्णय र सो सुरू निर्णय सदर हुने गरी पूर्वक्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगरका प्रहरी नायब महानिरीक्षक उपेन्द्रकान्त अर्यालबाट भएको मिति २०७०।४।३१ को पुनरावेदन निर्णय निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गर्न मिल्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल कात्तिक ६ गते रोज २ शुभम्।

## इजलास नं. १६

**मा.न्या.श्री अनिलकुमार सिंन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-२०७२, अंश चलन, *मंगलमान शाक्यसमेत वि. मन्दिरा शाक्यसमेत*

वादीले सगोलको सम्पत्ति भनी दाबी लिएको अवस्थामा प्रतिवादीले दाबीका सम्पत्ति आफ्नो निजी भनी जिकिर लिएमा सो सम्पत्ति आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको भनी वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्नुपर्ने हुन्छ । निजी आर्जनको कमाई हो भन्ने पक्का प्रमाणको अभावमा सगोलमा रहँदा बस्दा प्राप्त गरेको वा बढेबढाएको सम्पत्ति एकलौटी हुन नसक्ने।

प्रतिवादीको प्रतिउत्तर पत्रबाटै पनि वादी प्रतिवादीहरू एकासगोलमा रहँदा बस्दा प्रोप्राइटरसीप फर्म दर्ता गरेको स्वीकार गरेको तर सो दर्ता गरी सञ्चालनमा ल्याउँदा आफ्नो निजी आर्जनको सम्पत्तिको

लगानी मात्र भएको भन्ने कुनै तथ्ययुक्त प्रमाण पेस भएको देखिएन। सोही फर्मलाई २०४७।०४।२६ मा प्रा. लि.मा परिणत गरेको, सो कम्पनीमा वादीमध्येका ईरोजमान शाक्यलाई समेत सेयर दिइएकोबाट र कि. नं. ६४९ को जग्गा वादीको पति / पिता स्वर्गीय सोवितमानको परलोकपश्चात् शाक्य अफसेट प्रेस प्रा. लि.मा नामसारी गरिएबाट सगोलको सम्पत्ति लगानी भएको कम्पनी होइन भन्न सकिने अवस्था देखिएन। यसरी एकाघर सगोलमा रहेका दिर्जेमानका तीन छोराहरू मंगलमान, चन्द्रमान, सोभितमान र निजहरूका पत्नी एवम् सन्तानहरूबीच कानूनबमोजिम बन्डा नभएको अवस्थामा प्रतिशतको आधारमा कम्पनीको सेयरमा फरकफरक स्वामित्व देखिएको भए पनि एकासगोलको अंशियारमध्ये जुनसुकै अंशियारहरूको नाममा रहेको सम्पत्ति एकासगोलको मानिने प्रमाण ऐन, २०३१ को दफा ६(क) को कानूनी व्यवस्था हुँदा सोबमोजिम अंशबन्डा गर्नुपर्ने सबै अंशियारबीच समान हक लाग्ने।

कम्पनीको सेयरमा लगानी भएको अवस्थामा सेयरवालाको हैसियतले सेयरमा सम्म स्वामित्व ग्रहण गर्न सकिने हुन्छ। साबिकमा स्वर्गीय शोभितमानको नाममा रहेको कि.नं.६४९ को जग्गा कम्पनीको नाममा नामसारी भएको सम्बन्धमा छुट्टै विवाद नभएको अवस्थामा उक्त कम्पनीको नाममा भएको जग्गा वा मेसिनरी आदि बन्डा हुनसक्ने अवस्था हुँदैन। अतः कम्पनीको सेयर लगानीसमेत सगोलको बन्डायोग्य सम्पत्ति भएको हुँदा अंशियारहरूको समान हक लाग्ने।

आफ्नो ज्ञान, सीप, प्रयासबाट कमाएको भन्ने प्रतिवादीले जिकिर लिए पनि वस्तुनिष्ठ प्रमाणबाट सगोलमा रहँदा बस्दा कमाएको सम्पत्तिलाई कम्पनीमा रहे भएको सेयरको अनुपातमा वादीले १९.२८ प्रतिशत मात्र पाउँछ भन्नु कानूनसङ्गत नदेखिने।

तसर्थ, वादी प्रतिवादीहरूबीच सगोलमा रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १३ कि. नं. ४३, ९४, १६३ र ऐ. वडा नं. २३ कि.नं. १३४७ र १९९३ को जग्गा र घरहरू समेतबाट ३ भागको एक भाग वादीले अंशबन्डा गरी लिन पाउने र वादी प्रतिवादीहरू दुवैको सेयर रहेको शाक्य अफसेट प्रेस प्रा. लि. को सम्पत्तिहरू अंशबन्डा हुने नभई कम्पनीमा रहेको सम्पूर्ण सेयरहरूको ३ भागको १ भाग हक लाग्नेसमेत गरी ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।०८।१६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: बिमला पौडेल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल मङ्सिर २२ गते रोज ६ शुभम्।

## इजलास नं. १९

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-०२१३ र ०७३-CR-०३७८, कर्तव्य ज्यान, *खर्कबहादुर पुन वि. नेपाल सरकार र नेपाल सरकार वि. खर्कबहादुर पुन*

मृतक र प्रतिवादीबीच विवाद हुँदा विभिन्न तनाव हुने सोही क्रममा कुटपिट र शरीरका विभिन्न भागमा हिर्काउँदा शारीरिक हलचल हुने, सो क्रममा शरीरको आन्तरिक र पाचन क्रियामा असन्तुलन हुने र सोही अवस्थामा श्वासप्रश्वास बन्द हुन नसक्ने भन्ने हुँदैन। प्रतिवादीले हानेको चोटका कारणले मृत्यु भएको होइन कि भन्नलाई मृत्युको तत्काल पूर्व कुटपिटको वारदात भएको र पुरानो शारीरिक कुनै रोग रहेको भन्ने पनि नदेखिँदा प्रतिवादीको चोटबाट मृतकको मृत्यु भएको होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र प्रतिवादीका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

आवेशप्रेरित हत्या हुनको लागि अभियुक्तमा मृतकप्रति ज्यान मार्ने मनसाय तथा इवीको विद्यमानता

हुन नहुने, मृतकको कारणबाट तत्कालै उठेको रिस थाम्न नसक्ने अवस्था हुनुपर्ने र मृतकसँगको आमने सामनेको अवस्थामा सोहीबखत अभियुक्तले साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हानेको हुनुपर्ने तर जोखिमी हतियार हानेको वा बिष खुवाएको नभएमा मात्र मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.को कानूनी व्यवस्था आकर्षित हुने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को कसुर कायम हुनको लागि प्रतिवादीमा ज्यान मार्ने मनसाय तत्त्वको विद्यमानता हुनु आवश्यक देखिन्छ । प्रस्तुत वारदातमा मृतकलाई मार्नेसम्मको पूर्वयोजना तथा मनसाय रहेको भन्ने देखिँदैन । मृतकसँग विवाद भई तत्काल उठेको रिस थाम्न नसकी लाठीले प्रहार गर्दा सोही चोटको असरका कारण मृतकको मृत्यु भएको भन्ने देखिँदा प्रस्तुत वारदात मनसाय प्रेरित नभई आवेशप्रेरित देखिएकोले प्रस्तुत कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) आकर्षित नभई ऐ. १४ नं. आकर्षित हुने।

अत: माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी खर्कबहादुर पुनले मृतक देउमती पुनलाई तत्काल उठेको रिस थाम्न नसकी साधारण लाठाले प्रहार गरेकोमा सो प्रहारकै असरका कारण मृतकको मृत्यु भएको देखिँदा सुरू रोल्पा जिल्ला अदालतले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी अ.बं.१८८ बमोजिम १० वर्ष कैद गर्ने राय व्यक्त गरेको सुरू फैसला केही उल्टी गरी निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुरमा १०(दश) वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुर, दाङको मिति २०७३।०२।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१९१८, मानव अपहरण र शरीर बन्धक, *नेपाल सरकार वि. बमबहादुर अधिकारीसमेत*

जाहेरवाला पदमबहादुर तामाङले जाहेरी आफैँले दिएको, सहिछाप आफ्नै हो भनी स्वीकार गरे पनि प्रतिवादीहरूले पैसा माग्दा मैले नदिएकोले डरले जाहेरी दिएको हुँ । पैसा र मोबाइल मबाट लुटेको होइन भनी सुरू अदालतमा बकपत्र गरेको देखिन्छ। प्रतिवादीहरूले जाहेरवालाबाट लिए भनेको एकलाख रूपैयाँ वादी पक्षले बरामद गरी दशीस्वरूप अभियोग पत्रसाथ पेस गर्नसकेको पाइँदैन । जाहेरवालाबाट लुटिएको भनेको मोबाइल पनि वादी पक्षले दशीस्वरूप पेस गर्नसकेको देखिँदैन । प्रतिवादीहरूले अदालतसमेतमा वारदातको तथ्यलाई स्वीकारी गरेको बयानबाट वारदातमा निजहरूको संलग्नतालाई इन्कार गर्न सकिने अवस्था पनि पाइँदैन। जाहेरवालाबाट अनुचित किसिमबाट रकम प्राप्त गर्ने मनसाय लिई प्रतिवादीहरूले जाहेरवालालाई डर धाक देखाउने, अपहरण गरी लगेकोजस्तो देखाउने, आफूलाई प्रहरी भएको अभिनय गर्ने कार्यलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको १ नं. र २ नं. अन्तर्गतको कसुर स्थापित हुनसक्ने देखिँदैन । प्रतिवादीहरूले जाहेरवालालाई निजको इच्छा विरूद्ध धनसम्पत्ति प्राप्त गर्ने उद्देश्य राखी सोको क्रियालाई सफल बनाउन उद्योग गरेको अवस्थासम्म देखिन आएको हुँदा प्रतिवादीहरूबाट भएको उक्त कार्य ऐ. महलको ५ नं. अन्तर्गतको कसुर गरेको देखिएको भनी उद्योगसम्म ठहर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला न्यायोचित नै देखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीरबन्धक लिनेको महलको ३ नं.ले हुने सजायको आधा ऐ. ५ नं. बमोजिम जनही ३ वर्ष ६ महिना कैद र रू. २५,०००।– जरिवाना हुने ठहऱ्याई गरेको पुनरावेदन

अदालत, धनकुटाको मिति २०७२।१०।१९को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१४६१, जबरजस्ती करणी, *नेपाल सरकार वि. दुखीराम डगौरा*

पीडित सुस्त मनस्थितिकी हुन भन्ने बेहोरा जाहेरी दर्खास्तको लेखाइ, जाहेरवालीको बकपत्र, स्कूलको सिफारिस र सेती अञ्चल अस्पताल विकास समितिको मिति २०७१।५।३० को रिपोर्टमा पीडितको मानसिक अवस्था सुस्त मनस्थिति रहेको भन्ने जिकिर भनिए पनि अस्पतालको सोही रिपोर्टमा मानसिक अवस्थाको विस्तृत जाँचको लागि मनोरोग विशेषज्ञ भएको अस्पतालमा रिफर गरिन्छ भनेबाट पीडित सुस्त मनस्थितिकी भए नभएकी भन्ने वास्तविक जाँच भएको देखिँदैन । पीडितलाई मनोरोग विशेषज्ञ भएको अस्पतालमा रिफर गर्ने भन्नुको अर्थ रोगको सम्बन्धित विशेषज्ञ डाक्टरबाट पीडितको जाँच नभएको पुष्टि हुन्छ । वादी पक्षले पीडित वास्तविक रूपमा सुस्त मनस्थितिकी हुन् वा होइनन् ? भनी पुष्टि हुने खालका वस्तुनिष्ठ प्रमाण पेस गर्नसकेको देखिँदैन । ठोस र शङ्कारहित प्रमाणबिना अदालतले अभियोग माग दाबी लिएकै आधारमा वादी दाबीबमोजिम सजाय गर्नु न्यायोचित हुने नदेखिँदा प्रतिवादीउपरको मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(क) नं. बमोजिम अभियोग माग दाबी नपुग्ने ठहऱ्याई गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी दुखीराम चौधरीलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(२) नं. बमोजिम न्यूनतम ८(आठ) वर्ष कैद हुने र प्रतिवादीबाट पीडितलाई रू.५०,०००।– (पचास हजार) रूपैयाँ क्षतिपूर्ति भराइदिने मुलुकी ऐन, जबरजस्ती करणीको ३(क) बमोजिम प्रतिवादीलाई थप सजाय गरिपाउँ भन्ने वादी पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर सो हदसम्म पुग्न नसक्ने भन्ने पुनरावेदन अदालत, दिपायलको मिति २०७२।७।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम्।

“मेलमिलाप गरौं, विवाद नबढाऔं”

- सर्वोच्च अदालत, मेलमिलाप समिति